राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।    gorkhapatraonline.com








राष्ट्रिय संस्करण | विवेचना | मानव सभ्यताकै क्रूर दिन | एकदिवसीय विश्वकप छनोटको मिति तय १६



वर्ष १२६ | अङ्क ९२ | २०८३ साल साउन २१ गते बिहीबार | श्रावण कृष्ण अष्टमी | नेपाल संवत् ११४६ दिल्लागा ८ | 2026 August 6 Thursday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


कप्तानगन्ज घटना प्रकरण

# पीडित परिवारलाई क्षतिपूर्ति



तस्बिर : प्रधानमन्त्री कार्यालय

प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रीपरिषद् बैठक ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले सुनसरी, सिराहालगायत जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिका परिवार र घाइतेलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले सिराहा र सुनसरी जिल्लामा भएको प्रदर्शनमा मृत्यु भएका परिवारलाई राहत दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

तराईका ती जिल्लामा भएको प्रदर्शनका क्रममा चार जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। सुनसरी जिल्लास्थित देवानगन्ज गाउँपालिकाका ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता, २२ वर्षीय रवीन्द्र मेहता र सिरहा जिल्लाको औरही गाउँपालिका–२ का १८ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। मन्त्री पोखरेलले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा याङ्की उक्यावलाई नियुक्त गर्ने निर्णय भएको जानकारी दिनुभयो। तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने, नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने निर्णय भएको छ।

» बाँकी पृष्ठ २ मा

» मन्त्रीपरिषद् निर्णय

# अनुदान आयोगको अध्यक्षमा केसी सचिवमा श्रेष्ठ नियुक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ ।

विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा प्राडा खड्ग केसी नियुक्त हुनुभएको छ । मन्त्रीपरिषद्को बुधबार बसेको बैठकले केसीलाई उपकुलपतिमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

पर्वतको मोदी गाउँपालिका–५, बाजुङमा जन्मनुभएका डा. केसी अन्तर्राष्ट्रिय सम्बन्ध, भूराजनीति तथा नेपालको परराष्ट्र नीतिका विज्ञ मानिनुहुन्छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तथा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि (पिएचडी) उपाधि हासिल गर्नुभएको छ।

तीन दशकभन्दा बढी समय त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा अध्यापन, अनुसन्धान र शैक्षिक नेतृत्वमा सक्रिय रहनुभएका उहाँ शिक्षाध्यक्षमा नियुक्त हुनुअघि त्रिविको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागको प्रमुख हुनुहुन्थ्यो । उहाँका अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति र परराष्ट्र नीतिसम्बन्धी विभिन्न अनुसन्धानमूलक लेख तथा कृतिहरू प्रकाशित छन् । केसी यसअघि त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष हुँदै निमित्त उपकुलपतिको जिम्मेवारीमा पनि रहनुभएको थियो। उहाँ २०८१ वैशाख १२ गते त्रिविको शिक्षाध्यक्षमा नियुक्त हुनुभएको थियो । त्यसपछि केसीलाई २०८२ वैशाख २ गते त्रिविकै उपकुलपतिको जिम्मेवारी दिइएको थियो । त्यतिखेर त्रिविका उपकुलपति प्राडा केशरजङ्ग बरालले राजीनामा दिएपछि केसीलाई निमित्त उपकुलपतिको जिम्मेवारी दिइएको थियो।

सरकारले २०८२ असार २५ गते प्राडा दीपक अर्याललाई विश्वविद्यालयको उपकुलपति नियुक्त गरेपछि केसी फेरि शिक्षाध्यक्षकै जिम्मेवारीमा फर्कनुभएको थियो। त्यसपछि फेरि सरकारले विगतमा राजनीतिक नियुक्ति लिएकाहरूलाई एकमुष्ट रूपमा पदमुक्त गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश सिफारिस गरेपछि केसीले विश्वविद्यालयका उपकुलपति अर्याल र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले सँगै पदबाट राजीनामा दिनुभएको थियो। त्रिवि सेवामा रहँदा हासिल गरेका अनुभव र सिप अनुदान आयोगलाई सशक्त बनाउन प्रयोग गर्ने केसीले बताउनुभयो । मन्त्रीपरिषद् बैठकले आयोगको सचिवमा प्राडा रोजी श्रेष्ठलाई नियुक्त गरेको छ । उहाँ नेपालमा नर्सिङ विषयमा विद्यावारिधि (पिएचडी) गर्ने पहिलो नेपाली हुनुहुन्छ । आयोगको सचिवमा नियुक्त हुनुअघि उहाँ बी एन्ड बी अस्पतालको नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

प्राडा श्रेष्ठले बी एन्ड बी मेडिकल इन्स्टिच्युटमा क्याम्पस प्रमुख, पूर्वाञ्चल विश्वविद्यालयमा नर्सिङ प्राध्यापक, नर्भिक इन्टरनेसनल अस्पतालमा नर्सिङ निर्देशक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सहायक प्राध्यापक तथा चितवन मेडिकल कलेजमा सहप्राध्यापक र प्रौढ स्वास्थ्य नर्सिङ विभाग प्रमुखको जिम्मेवारीसमेत समाल्नुभएको छ।

अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ। त्यस्तै वञ्चित र सीमान्तकृत समुदायका लागि उच्च शिक्षालाई समावेशी र पहुँचयोग्य बनाउन विभिन्न छात्रवृत्तिका कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको काम पनि अनुदान आयोगले गर्दै आएको छ।

# दस मन्त्रालयको ओएनएम सम्पन्न




दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको छ । सबै मन्त्रालयका दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ ।

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, साउन २० गते*

विभिन्न मन्त्रालयले चार हजार ६८२ वटा विभिन्न पदका दरबन्दी राष्ट्रिय किताबखानामा अभिलेखीकरण गरेका छन्। सरकारले निजामती कर्मचारीको दरबन्दी कटौती गरी चुस्त प्रशासन निर्माण गर्ने कार्यलाई तीव्रता दिएपछि अहिले मन्त्रालयहरूले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरी कर्मचारीका पदका विवरण राष्ट्रिय किताबखानामा दर्ता गरिरहेका हुन्।

दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको किताबखानाले जनाएको छ । असार मसान्तमा सरकारले प्रधानमन्त्री कार्यालयसहित सबै मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारीको दरबन्दी कटौती गर्ने निर्णय गरेको थियो। किताबखानाका निर्देशक सुदन ख्वाखली श्रेष्ठले हालसम्म दस वटा मन्त्रालयको नयाँ दरबन्दी प्रमाणीकरण भएर किताबखानामा दर्ता प्रक्रियामा आइसकेको बताउनुभयो।

हालसम्म भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयले ओएनएम सम्पन्न गरी किताबखानामा दर्ता गरिसकेका छन्। त्यस्तै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ओएनएम सम्पन्न गरी दरबन्दी कटौती गरेका छन्। सबै मन्त्रालयको दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ। सरकारले सुशासन कायम गर्न साबिकका २१ मन्त्रालयको सङ्ख्या घटाई १८ वटा कायम गरेको थियो। त्यस्तै सरकारले प्रदेश र स्थानीय तहका समान प्रकृतिका कार्यालय र एउटै काममा दोहोरो र तेहोरोपना परेका कार्यालयलाई गाभ्ने नीति बनाई कार्यान्वयन गरेको थियो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहालले केही मन्त्रालयमा दरबन्दी बढ्ने सम्भावना देखिए पनि अधिकांश मन्त्रालयका केही पदका दरबन्दी कटौती भई आएको बताउनुभयो। उहाँका अनुसार परराष्ट्र र पूर्वाधार विकास मन्त्रालयमा केही दरबन्दी बढ्न सक्ने सम्भावना देखिएको छ।

यसअघि सरकारले पटक पटक प्रतिफल नदिने तर कर्मचारीको तलब, सवारीसाधन र कार्यालयलगायतमा आर्थिक भार थपिरहेका संस्थान र कार्यालय खारेज गर्ने घोषणा गरेको थियो। उक्त निर्णयलाई वर्तमान सरकारले कार्यान्वयनमा ल्याएको हो। वर्तमान मुख्य सचिव गोविन्दबहादुर कार्की दुई महिनाअघि प्रधानमन्त्री कार्यालयमा रहँदा उहाँकै अध्यक्षताको बनेको समितिले यसअघि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मार्गचित्र तयार गरी सोही अनुसार काम गर्न सबै मन्त्रालयलाई निर्देशन दिएको थियो। उक्त समितिको निर्देशन अनुसार अहिले बाँकी आठ वटा मन्त्रालयले ओएनएमको नयाँ दरबन्दी सम्पन्न गर्ने अन्तिम तयारी गरिरहेका छन्।

### डिजिटल सेवालाई प्राथमिकता

सरकारले कर्मचारीको ओएनएम गरी दरबन्दी कटौती गरेसँगै सेवाग्राहीको भिडभाड हुने निकायमा सम्भव भएसम्म डिजिटल सेवा प्रवाहलाई प्राथमिकता दिएको छ । मालपोत कार्यालय, नापी कार्यालय, यातायात कार्यालय, जिल्ला प्रशासन कार्यालयदेखि सेवाग्राहीको दैनिक कार्य परिरहने कार्यालयहरूले पूर्ण रूपमा डिजिटल सेवा प्रदान गर्न थालिसकेका छन्। उक्त कार्यालयको काम झन्झटिलो र बोझिलो भएको गुनासो सेवाग्राहीबाट हुँदै आएको थियो।

# ‘बक्यौता रकम तिर्नु पर्छ’



सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्नुहुँदै ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले इन्टरनेट सेवाप्रदायक (आइएसपी) कम्पनीहरूले बर्सौंदेखि तिर्न बाँकी रहेको दूरसञ्चार सेवा शुल्क, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) बापतको बक्यौता असुलीको विषय टुङ्ग्याउने तयारी थालेको छ। बक्यौता रकम, कर निर्धारण र अनुमतिपत्र (लाइसेन्स) नवीकरणसँग सम्बन्धित लामो समयदेखिको विवाद समाधान गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले सरोकारवालासँगको छलफललाई तीव्रता दिएको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्दै कानुन अनुसार तिर्नुपर्ने कर तथा शुल्क कुनै पनि हालतमा असुल गरिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “यदि विद्यमान कानुनविपरीत इन्टरनेट सेवाप्रदायकलाई अन्याय हुने गरी कर वा शुल्क निर्धारण भएको रहेछ भने सरकारले त्यसको पुनरवलोकन गर्न सक्छ। तर कानुनले तिर्नुपर्ने भनेको रकम सधैँ अल्झाएर राख्न सकिँदैन। जायज समस्या भए सरकारले सम्बोधन गर्छ, होइन भने बक्यौता असुली प्रक्रिया अगाडि बढ्छ।”

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्र सुधारको वर्षका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै बर्सौंदेखि समाधान हुन नसकेका नीतिगत तथा प्रशासनिक समस्या टुङ्ग्याइने बताउनुभयो। उहाँले सेवाप्रदायक कम्पनीहरूले भोगिरहेका समस्या, सरकारमार्फत अपेक्षा गरिएका विषय तथा सुधार गर्नुपर्ने पक्षलाई स्पष्ट रूपमा लिखित सुझावका रूपमा पेस गर्न पनि आइस्पानसँग आग्रहसमेत गर्नुभयो।

छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले कानुनले तिर्नैपर्ने रकम नतिरी सेवा सञ्चालन र लाइसेन्स नवीकरणको अपेक्षा राख्न नहुने स्पष्ट पार्नुभयो । साथै नेपालमा इन्टरनेट तथा दूरसञ्चार सेवाप्रदायक कम्पनीको सङ्ख्या धेरै भएकाले प्रभावकारी नियमन तथा अनुगमनमा चुनौती देखिएको

» बाँकी पृष्ठ २ मा

# वधशालाको फोहोर अब मोहर

**केशवराज पौडेल**
*काठमाडौँ, साउन २० गते*




स्केच : एआई

बर्सौंदेखि नेपालका अधिकांश वधशालाबाट निस्कने रगत, हड्डी, बोसो, छाला, सिङ, खुर र रौँलाई फोहोरका रूपमा मात्र हेरिँदै आएको छ। यी सहायक उत्पादन कतै खुला स्थानमा फालिन्छन्, कतै नदीनालामा बगाइन्छन् त कतै उचित व्यवस्थापनको अभावमा दुर्गन्ध, वातावरणीय प्रदूषण र सार्वजनिक स्वास्थ्यमा समस्या निम्त्याउने गरेका छन्। तर अब यही फोहोरलाई आर्थिक अवसरमा रूपान्तरण गर्ने सरकारी प्रयास सुरु भएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ को चरणबद्ध रूपमा देशभर कार्यान्वयनसँगै वधशालाबाट निस्कने सहायक उत्पादनको उपयोग र प्रशोधन गर्न सक्ने उद्योगहरू खोज्न थालिएको जानकारी दिनुभयो। उहाँले यस्ता उद्योग सञ्चालन गर्न इच्छुक वधशाला सञ्चालक, मासु व्यवसायी र प्रशोधन उद्योगलाई सरकारले सुरु गरेको तथ्याङ्क सङ्कलनमा सहभागी हुन आग्रह गर्नुभयो । “सरकारको उद्देश्य वधशालाबाट निस्कने कुनै पनि वस्तु खेर जान नदिने हो,” मन्त्री चौधरीले भन्नुभयो।

नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोजकुमार शाहीका अनुसार मासु बिक्रीपछि बाँकी रहने अधिकांश सामग्री विभिन्न उद्योगका लागि बहुमूल्य कच्चा पदार्थ बन्न सक्छ। छालाबाट जुत्ता, झोला तथा अन्य छालाजन्य सामग्री उत्पादन गर्न सकिन्छ। त्यसै गरी हड्डीबाट बोन मिल, जैविक मल र पशु आहार बनाउन सकिन्छ। “बोसो साबुन तथा कस्मेटिक उद्योगका लागि कच्चा पदार्थ बन्न सक्छ भने रगतलाई प्रशोधन गरी मल र पशु आहार उत्पादनमा प्रयोग गर्न सकिन्छ,” उहाँले भन्नुभयो, “सिङ र खुर हस्तकला उद्योगका लागि पनि उपयोगी सामग्री हुन्।”

मन्त्रालयका अनुसार यस्ता सहायक उत्पादनको वैज्ञानिक उपयोगले वातावरणीय प्रदूषण घटाउनुका साथै वधशालाका लागि अतिरिक्त आम्दानीको स्रोतसमेत सिर्जना गर्ने छ । यसबाट नयाँ उद्योग स्थापना, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । नेपालमा मासुको माग बर्सेनि बढ्दै गए पनि त्यस अनुसार वधशाला आधुनिकीकरण हुन सकेको छैन। अझै पनि धेरै स्थानमा खुला ठाउँमै पशु वध गर्ने, स्वास्थ्य परीक्षणबिनै मासु बिक्री गर्ने तथा फोहोरको उचित व्यवस्थापन नगर्ने अवस्था रहेको छ। यही कारण उपभोक्ताको स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणीय व्यवस्थापनबारे पटक पटक प्रश्न उठ्दै आएका छन्।

सरकारले ऐनको प्रभावकारी कार्यान्वयनबाट यी समस्या समाधान हुने विश्वास लिएको छ। ऐन पूर्ण रूपमा लागु भएपछि वध गरिने प्रत्येक पशुको स्वास्थ्य परीक्षण अनिवार्य हुने छ। मासु उत्पादन, ढुवानी र बिक्रीवितरणमा स्वच्छता तथा गुणस्तरका मापदण्ड कडाइका साथ लागु गरिने छन्। यसबाट उपभोक्ताले सुरक्षित, स्वच्छ र गुणस्तरीय मासु उपभोग गर्न पाउने अपेक्षा गरिएको छ।

यसअघि सुर्खेत, हेटौँडा र बुटवलका केही वधशालामा ऐन कार्यान्वयनको अभ्यास भइसकेको छ । अब २०८३ मङ्सिर १ गतेदेखि काठमाडौँ, भक्तपुर र ललितपुरका सबै स्थानीय तहमा ऐन लागु गरिने छ।

» बाँकी पृष्ठ २ मा

» अन्तर्राष्ट्रिय

## रुसले गऱ्यो युक्रेनमा भीषण आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

रुसले युक्रेनको राजधानी किभलगायत विभिन्न ठाउँमा भीषण आक्रमण गर्दा १७ जना मारिएका छन् भने ५० भन्दा बढी घाइते भएका छन्। रुसले युक्रेनमा कैयौँ ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोन प्रहार गर्दा सो क्षति भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।

मङ्गलबार मध्यरातिपछि सुरु भएको उक्त आक्रमणलाई रुसले यो वर्ष किभमा गरेका घातक आक्रमणमध्ये ठुलो मानिएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। किभ सैन्य प्रशासनका प्रमुख टिमोर टकाचेन्कोले किभ क्षेत्रमा भीषण आक्रमण हुँदा जनधनको क्षति भएको बताउनुभयो।

रुसले किभमा र बाह्य भागहरूमा शृङ्खलाबद्ध ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि एक घण्टाभन्दा बढी समयसम्म हवाई आक्रमण भएको जनाउ दिने चेतावनी जारी गरेको थियो।

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**

## हिमालमै अस्ताए कीर्तिमानीहरू



जलवायु परिवर्तनलगायतका कारण नेपालका हिमशिखर क्रमिक रूपमा कालापत्थरमा परिणत हुँदै गएका पृष्ठभूमिमा विश्वको साझा अमूल्य सम्पदा हिमशिखरको संरक्षणका लागि एकबद्ध प्रयास हुनुपर्ने आवश्यक छ।

• रमेश तिवारी

» विचार पृष्ठ ४

## शान्ति प्रक्रियामा निर्वाह गरेको भूमिकाको प्रशंसा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

राष्ट्रपति रामचन्द्र पौडेलले मानव अधिकार तथा शान्ति समाजले लोकतान्त्रिक आन्दोलन, स्वतन्त्रता र शान्ति प्रक्रियामा निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभएको छ । उहाँले समाजमा सद्भाव र सहिष्णुता प्रवर्धनका लागि समाजको सद्भाव एकता अभियानमा आफ्नो साथ र सहयोग रहने बताउनुभयो।

मानव अधिकार तथा शान्ति समाजका उपनिर्देशक सरिता पौडेलले राष्ट्रपति पौडेल र उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग शान्ति समाजको प्रतिनिधिमण्डलले बुधबार भेट गरेको जानकारी दिनुभयो। भेटमा प्रतिनिधिमण्डलले सद्भाव र सहिष्णुता प्रवर्धनका लागि शान्ति समाजले ‘तोड्न होइन, जोड्न योगदान’ सद्भाव एकता अभियान सञ्चालन गर्न लागेको जानकारी गराएको छ।

यसै गरी उपराष्ट्रपति कार्यालय लैनचौरमा भएको भेटमा उपराष्ट्रपति यादवले सद्भाव र सहिष्णुता प्रवर्धन अहिलेको प्रमुख आवश्यकता भएको र सबैले त्यसैका लागि योगदान गर्नुपर्ने बताउनुभयो। प्रतिनिधिमण्डलले बुधबार नै राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग भेट गरेर अभियानबारे जानकारी गराएको छ । सिंहदरबारस्थित अध्यक्षको कार्यकक्षमा भएको छलफलमा प्रतिनिधिमण्डलले संसद्ले यस विषयमा राष्ट्रिय सङ्कल्प पारित गरी साझा धारणासहित सबै क्षेत्रसँग सहकार्यको अपेक्षा शान्ति समाजले गरेकोबारे ध्यानाकर्षण गराएको छ।

## बिदाइ भेट

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

परराष्ट्रमन्त्री शिशिर खनालसँग दक्षिण कोरियाका राजदूत पार्क तइयोङले बिदाइ भेट गर्नुभएको छ । सिंहदरबारस्थित परराष्ट्र मन्त्रालयमा बुधबार भएको भेटमा परराष्ट्रमन्त्री खनालले नेपाल र दक्षिण कोरियाबिच थप सम्पर्क सञ्जाल विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

परराष्ट्रमन्त्री खनालले दुई मुलुकबिचको सम्बन्धका प्राथमिकतामा व्यापार, स्वास्थ्य र शिक्षाक्षेत्रलाई राख्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “लगानीका लागि हामीले विभिन्न क्षेत्रको पहिचान गर्नु पर्छ । अहिले हामी ऊर्जा र उत्पादनका क्षेत्रमा छौँ। अब हामीले अन्य क्षेत्रमा पनि जोड दिनु पर्छ।” तीनबर्से कार्यकाल पूरा गरी स्वदेश फर्कन लाग्नुभएका राजदूत पार्कले नेपालमा रहेर गर्नुभएको सेवाप्रति परराष्ट्रमन्त्री खनालले प्रशंसा गर्नुभयो। राजदूत पार्कले आफू जहाँ गए पनि नेपाललाई कहिल्यै नबिर्सने बताउँदै नेपालको सांस्कृतिक विविधताको प्रशंसा गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

# राष्ट्रिय परिचयपत्र प्रमाणीकरणमा मात्र समस्या




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

राष्ट्रिय परिचयपत्र प्रमाणीकरणमा मात्र समस्या रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रस्ट पारेको छ। विभागका महानिर्देशक कृष्ण पौडेलले समस्या प्रस्ट्याउँदै भन्नुभयो, “समस्या भनेको विवरण दर्ता गरिसकेपछि व्यक्तिको राष्ट्रिय परिचयपत्रको नम्बर हुन्छ र त्यो नम्बर र वैयक्तिक विवरण हामीसँग अन्तरआबद्ध भएको अर्को निकायले अनलाइन प्रणालीबाटै हेर्न नसक्ने देखिएकाले हो।”

त्यो समाधान गर्न राष्ट्रिय परिचयपत्रसँग जति सेवा अन्तरआबद्ध भएका छन्, सबै निकायसँग समन्वय गरेर समाधान गरिरहेको महानिर्देशक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार राहदानी विभागको हकमा दुई सिफ्टमा १२ जना कर्मचारीसहितको डेस्क खडा गरेर हातैले प्रमाणीकरण गरिदिने व्यवस्था गरिएको छ। त्यहाँ अत्यधिक भिड भएपछि परिचयपत्र दिने र राहदानी दिने दुवै निकायसमक्ष आमनागरिकले गुनासो व्यक्त गरेका थिए। त्यसमा नम्बर नपाएकोभन्दा इपिएस आवेदनको चटारोमा एकैचोटि सेवाग्राहीको भेरिफिकेसनमा समस्या भएपछि सेवाग्राहीमा निराशा देखिएको अनुमान उहाँको छ।

महानिर्देशक पौडेलका अनुसार व्यक्तिगत विवरण जिल्ला प्रशासन कार्यालय, नारायणहिटीको कार्यालयलगायतमा दर्ता भइरहेको छ तर अनलाइन प्रणालीबाटै हेरेर राष्ट्रिय परिचयपत्र लिएको व्यक्ति उही हो कि होइन भनेर पहिचान गर्ने सवालमा समस्या देखिएपछि गुनासो बढेको हो । समस्या समाधान गर्न सफ्टवेयर विकास गर्ने कम्पनीसँग समन्वयमा रहेर प्रयास गरिरहेको जानकारी पनि उहाँले दिनुभयो । महानिर्देशक पौडेलले भन्नुभयो, “उहाँहरूले अनलाइन प्रणालीमा देखिएको समस्या समाधानका लागि हाम्रो आइटी टिमसँगको समन्वयमा मर्मतसम्भारको काम गरिरहनुभएको छ।”

> हालसम्म दुई करोड नेपालीलाई परिचयपत्र नम्बर प्रदान गरी ८० लाख थान परिचयपत्र छापिएको छ। जसमध्ये ४५ लाख थान वितरण भइसकेको छ।

महानिर्देशक पौडेलका अनुसार यो नयाँ किसिमको समस्या हो । उहाँले व्यक्तिको बायोमेट्रिक भेरिफिकेसन गर्दा अन्य एकीकृत निकायले हेर्न नसक्ने समस्या नेपालका लागि नौलो रहेको दाबी गर्नुभयो। जिल्ला प्रशासनबाटै पनि हेर्न नसकिने अवस्था आएपछि पछिल्लो समय राहदानी लिने सेवाग्राहीको हकमा पनि त्यहीँ कर्मचारी खटाएर सहजीकरण गरिदिएको उहाँको भनाइ थियो।

पौडेलले सुनाउनुभयो, “छपाइ गर्ने एउटा मेसिन बिग्रेकोमा त्यो मर्मतका लागि प्रक्रिया सुरु गरिसकेका छौँ, अहिले पहिले जस्तो नभए पनि दैनिक तीन हजारको दरमा परिचयपत्र छपाइ भइरहेको छ।” दुई/तीन महिनाअघि भने केही समय सबै सेवा अवरुद्ध भएको तर अहिले आंशिक मात्र अवरुद्ध रहेको पौडेलले जानकारी दिनुभयो।

राष्ट्रिय परिचयपत्रसँग एकीकृत आबद्धता भएका निकायलाई परिपत्र गरेर अहिले प्रमाणीकरणका आधारमा सेवा दिन अनुरोध गरिएको पनि उहाँले प्रस्ट पार्नुभयो। जस अनुसार राहदानी विभाग, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता, कम्पनी रजिस्ट्रारको कार्यालय, सूचना प्रविधि विभाग, बागमती प्रदेश, नेपाल राष्ट्र बैङ्क/कर्जा सूचना केन्द्र, निवृत्तिभरण व्यवस्थापन कार्यालय, आन्तरिक राजस्व विभाग, वैदेशिक रोजगार विभाग, निर्वाचन आयोग, राष्ट्रिय किताबखाना (निजामती), गृह मन्त्रालय रहेका छन्।

महानिर्देशक पौडेलका अनुसार हालसम्म दुई करोड नेपालीलाई परिचयपत्र नम्बर प्रदान गरी ८० लाख थान परिचयपत्र छापिएको छ। जसमध्ये ४५ लाख थान वितरण भइसकेको छ। अरू वितरण बाँकी छ। अझै परिचयपत्र छपाइ गर्न मिल्ने ४० लाख थान कार्ड छ । क्षमता उच्च हुनेबित्तिकै दैनिक १५ हजार थानका दरले परिचयपत्र छपाइ हुने उहाँले जानकारी दिनुभयो।

# सरकार र नर्सबिच सहमति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

> स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सात दिनभित्र कार्यदल गठन गर्ने छ।

> उक्त कार्यदलले बढीमा छ महिनाभित्र प्रतिवेदन पेस गर्ने सहमति भएको छ।

नर्सिङ क्षेत्रमा सुधारका विभिन्न माग राख्दै आमरण अनशनमा बस्नुभएकी नर्स ज्योति रानाभाट र सरकारबिच १९ बुँदे सहमति भएको छ।

बुधबार भएको वार्तामा सहमति जुटेपछि दुवै पक्षबिच सहमतिपत्रमा हस्ताक्षर भएको छ । नर्स रानाभाटले जुस पिएर आफ्नो छ दिन लामो आमरण अनशन अन्त्य गर्नुभएको हो।

साउन १४ गतेदेखि सुरु भएको अनशन अन्त्य गराउन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा, अतिरिक्त सचिव डा. श्रीकृष्ण श्रेष्ठ, वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा. हेमन्तचन्द्र ओझा तथा कानुन अधिकृत जयप्रसाद सुवेदीले सरकारका तर्फबाट सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ । रानाभाटका तर्फबाट नर्स ज्योति रानाभाटसहित जिता बराल, कविता सिटौलालगायत प्रतिनिधिमण्डलले हस्ताक्षर गर्नुभएको छ । स्वास्थ्य मन्त्रालयका सचिव डा. देवकोटाले दिनुभएको जानकारी अनुसार सरकारी, प्रतिष्ठान, निजी, सामुदायिक अस्पताल, मेडिकल कलेज तथा शिक्षण संस्थामा कार्यरत नर्स, मिडवाइफ तथा अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक र सेवासुविधासम्बन्धी अध्ययन तथा सुझाव दिन स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सात दिनभित्र कार्यदल गठन गर्ने छ। उक्त कार्यदलले बढीमा छ महिनाभित्र प्रतिवेदन पेस गर्ने सहमति भएको छ। यसै गरी छात्रवृत्तिमा अध्ययन गरेका नर्स तथा मिडवाइफलाई योग्यता र विशेषज्ञता अनुसार जिम्मेवारी, सेवासुविधा तथा नेतृत्वको अवसर सुनिश्चित गर्न ‘चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७२’ लाई ३० दिनभित्र संशोधन गर्ने सहमति भएको छ।

# घन्टीघरमा सुरु हुँदै ‘हामी सुन्छौँ’ अभियान

**मित्र भण्डारी**
*काठमाडौँ, साउन २० गते*

नागरिकका गुनासा, समस्या र सुझाव प्रत्यक्ष रूपमा सुन्ने उद्देश्यसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ‘हामी सुन्छौँ’ अभियान सञ्चालन गर्ने भएको छ।

पार्टीले आगामी साउन २५ देखि काठमाडौँको वनस्थलीस्थित केन्द्रीय कार्यालय ‘घन्टीघर’ बाट अभियान सुरु गर्ने तयारी गरेको हो । पार्टीको साउन १३ गते सम्पन्न केन्द्रीय समितिको निर्णय अनुसार अभियान सञ्चालन हुन लागेको रास्वपाका सहमहामन्त्री हरि ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार अभियान अवधिभर प्रतिदिन कम्तीमा दुई जना जिम्मेवार नेताको उपस्थिति अनिवार्य गरिएको छ । तीमध्ये एक जना प्रतिनिधि सभा सदस्य अनिवार्य रूपमा रहने व्यवस्था मिलाइएको छ।

अभियानबारे जानकारी दिँदै ढकालले भन्नुभयो, “आमनागरिकका गुनासा र सुझाव प्रत्यक्ष रूपमा सुन्ने तथा सम्बन्धित निकायमा पुर्‍याई समस्या समाधान गर्ने उद्देश्यले यो अभियान सुरु गरिएको हो । यो अभियान सातै प्रदेश र पार्टीले निर्वाचन जितेका ७१ जिल्लामा पनि विस्तार गरिने छ।” उहाँका अनुसार पार्टी कार्यालयमा नेताहरू तथा सांसदहरूको न्यून उपस्थिति हुन थालेको र नागरिकका गुनासाप्रति थप संवेदनशील हुनुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अभियान सुरु गर्न लागिएको हो। अभियानमा बिदाको दिनबाहेक एक जना केन्द्रीय सदस्य र एक जना सांसद अनिवार्य रूपमा उपस्थित हुने व्यवस्था गरिएको छ।

अभियानमार्फत नागरिकबाट प्राप्त गुनासा, समस्या तथा सुझावलाई प्रत्यक्ष रूपमा सुनेर सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने उद्देश्य रहेको रास्वपाले जनाएको छ । जनप्रतिनिधिलाई नागरिकसँग नियमित सम्पर्कमा राख्ने र जनभावनालाई नीति तथा कार्यक्रम निर्माणसँग जोड्ने लक्ष्यसहित अभियान सञ्चालन गर्न लागिएको पार्टीले स्पष्ट पारेको छ।

पार्टीले यसलाई जनउत्तरदायित्व र सार्वजनिक सुनुवाइको प्रभावकारी अभ्यासका रूपमा अघि बढाउने जनाएको छ । साथै अभियानलाई पार्टी कार्यालयकेन्द्रित कार्यक्रमका रूपमा मात्र सीमित नराखी नागरिकसँग निरन्तर संवाद गर्ने स्थायी संयन्त्रका रूपमा विकास गर्ने तयारी पनि गरिएको छ। यसैबिच रास्वपाले अन्तर ्राष्ट्रिय युवा दिवस, २०२६ को तयारीलाई पनि तीव्र बनाएको छ। आयोजक समितिका संयोजक कवीन्द्र बुर्लाकोटीको अध्यक्षतामा बसेको बैठकले तयारीको प्रगति विवरणबारे समीक्षा गरेको छ।

**संसदीय समितिको निर्देशन**

# ‘महाभियोगको वक्तव्य निकाल्ने संस्थालाई स्पष्टीकरण सोध्नू’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सर्वोच्च अदालतका तीन वरिष्ठतम न्यायाधीशमाथि राजीनामा वा महाभियोगको राजनीतिक दबाब रहेको भनेर वक्तव्य निकाल्ने तीन अन्तर्राष्ट्रिय संस्थालाई स्पष्टीकरण सोध्न संसदीय समितिले सरकारलाई निर्देशन दिएको छ।

प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले ती संस्थालाई स्पष्टीकरण सोधेर प्राप्त जवाफ समितिसमक्ष पेस गर्न महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएको हो। समितिले वक्तव्यमा लिइएका आधारको प्रतिवेदनसमेत माग गर्न मन्त्रालयलाई निर्देशन दिएको छ।

एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आइसिजे) र ह्युमन राइट्स वाचले सर्वोच्चका तीन न्यायाधीशलाई राजीनामाको दबाब रहेको र राजीनामा नदिए महाभियोगको त्रास देखाइएको दाबीसहित साउन ८ गते वक्तव्य निकालेका थिए। अन्तर्राष्ट्रिय संस्थाले निकालेको वक्तव्यको विषयमा संसदीय समितिले सम्भवतः पहिलो पटक छलफल र स्पष्टीकरणको निर्देशन दिएको हो।

मन्त्रालयलाई निर्देशन दिने निर्णयमा भनिएको छ, “एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स र ह्युमन राइट्स वाच नामक संस्थाले नेपालको स्वतन्त्र न्यायपालिका तथा सार्वभौम संसद्को विधि निर्माणसम्बन्धी विधायिकी अधिकारसमेतका सम्बन्धमा मिति २०८३ साउन ८ गते जारी गरेको संयुक्त विज्ञप्तिका विषयमा ती संस्थासँग आधिकारिक प्रमाणसमेत पेस गर्ने गरी स्पष्टीकरण माग गर्न र सोको लिखित जानकारी समितिलाई गराउन।”

यस्तै समितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परियोजना सम्झौताबमोजिम कार्य गरे वा नगरेको अनुगमन तथा मूल्याङ्कन गर्न पनि समाज कल्याण परिषद्लाई निर्देशन दिएको छ। गैरसरकारी संस्थाहरूको परियोजना सम्झौताको कार्यान्वयनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि समितिले मन्त्रालयलाई निर्देशन दिएको छ।

### वक्तव्यमा राजनीतिक गन्ध : गौतम

समितिमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले तीन अन्तर्राष्ट्रिय संस्थाको वक्तव्यमा राजनीतिक गन्ध देखिएको टिप्पणी गर्नुभयो। वक्तव्य नेपालको सार्वभौमिकतामा हस्तक्षेप भएको पनि मन्त्री गौतमले बताउनुभयो। उहाँले स्वतन्त्र न्यायपालिकाप्रति सरकार प्रतिबद्ध रहेको र बिनाआधार तीन संस्थाले आरोपित गरेको बताउनुभयो।

> तीन अन्तर्राष्ट्रिय संस्थाको वक्तव्यमा राजनीतिक गन्ध देखिएको छ। नेपालको सार्वभौमिकतामा हस्तक्षेप भएको छ।

गौतमले भन्नुभयो, “यो नेपालको सार्वभौमिकताका विषयमा हस्तक्षेप हो । बाह्य संस्थालाई यस्तो अधिकार छैन। यो साझा धारणामा राजनीतिक गन्ध छ।”

तीन संस्थाको वक्तव्यले न्यायपालिकामा हस्तक्षेप सरकारले होइन, अन्य निकायबाट भइरहेको छ कि भन्ने आशङ्का सिर्जना भएको पनि मन्त्री गौतमले बताउनुभयो। सरकारले अदालतमाथि गरेको राजनीतिक हस्तक्षेपको तथ्य के हो भन्ने प्रश्न पनि उहाँले समितिमा गर्नुभयो। सरकारले कुनै अध्यादेश ल्याउने वा नल्याउने विषय सरकारको विशेषाधिकार भएको पनि उहाँले समितिमा धारणा राख्नुभयो।

### कारबाहीको माग

समितिमा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अधिकांश सांसदले तीन संस्थालाई सार्वभौम मुलुकको आन्तरिक विषयमा हस्तक्षेप गरेकामा प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्ने माग गरेका छन् । विषयमा छलफलका लागि निवेदनसमेत दिएका रास्वपा सांसद यज्ञमणि न्यौपानेले संस्थाले सार्वभौमसत्तासम्पन्न मुलुकमाथि धावा बोल्ने काम गरेको टिप्पणी गर्नुभयो। न्यौपानेले न्यायालयमा कसलाई नियुक्त गर्ने, कस्तो कानुन बनाउने भनेर सुझाव दिने काम आइएनजिओको नभएको टिप्पणी गर्नुभयो। ती संस्थाका परियोजनाबारे विस्तृत अध्ययन र वक्तव्यका हकमा समाज कल्याण परिषद् ऐनको अधिकार प्रयोग गरेर कारबाही हुनुपर्ने माग न्यौपानेले गर्नुभयो।

नेपाली कांग्रेसकी सांसद गीता गुरुङले भने विषयवस्तु चयन प्रक्रियामा नै असन्तुष्टि जनाउनुभयो । गुरुङले समिति सचिवालयले बैठकमा आमन्त्रण गर्दा पठाइएको विषय र कार्यसूची फरक परेकोसमेत बताउनुभयो।

रास्वपा सांसद प्रकाशचन्द्र परियारले वक्तव्य जारी गर्ने तीन संस्थाले नेपालको मानव अधिकार र लोकतान्त्रिक आन्दोलनमा दिएको साथलाई सकारात्मक रूपमा लिनुपर्ने तर अहिलेको वक्तव्य उचित नभएको टिप्पणी गर्नुभयो।

सांसद सुलभ खरेलले नेपालको न्यायपालिका विगतदेखि नै स्वतन्त्र हुन नसकेको दृष्टान्त रहेको जिकिर गर्नुभयो। प्रधान न्यायाधीश हुने रोलक्रममा रहेका व्यक्ति प्रधानमन्त्रीपत्नीसँग गल्फ कोर्टमा जानु उपयुक्त नभएको धारणा पनि खरेलले राख्नुभयो।

कांग्रेस सांसद निनुकुमारी कर्णले बैठकको निमन्त्रणा र कार्यसूचीमा फरक परेकामा प्रश्न गर्नुभयो । गैरसरकारी संस्था समितिको क्षेत्राधिकारमा पर्ने वा नपर्ने प्रश्न पनि कर्णले गर्नुभयो। उहाँले कुनै पनि अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्ध नराख्न सरकार स्वतन्त्र हुने पनि सुझाव दिनुभयो । रास्वपा सांसद खिमा विकले अन्तर्राष्ट्रिय सङ्घ संस्थाले प्रमाणमा आधारित भएर बोल्नुपर्ने बताउनुभयो । प्रधान न्यायाधीश नियुक्तिका विषयमा अनावश्यक राजनीतिकरण भएको पनि विकले बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका सरस्वती लामाले विषय उठान भएपछि तीन संस्थासँग जवाफ माग हुनुपर्ने धारणा राख्नुभयो।

रास्वपाकै मोहनलाल आचार्यले वक्तव्यका विषयमा सरकार र न्यायाधीश दुवै पक्षबाट खण्डन भइसकेको अवस्थामा प्रमाण दिनु ती संस्थाको कर्तव्य हुने धारणा राख्नुभयो।

### ‘वक्तव्य संस्थाको आन्तरिक मूल्याङ्कन’

समितिमा आमन्त्रित विज्ञले भने संस्थाहरूको वक्तव्य उनीहरूको आन्तरिक मूल्याङ्कन भएको बताएका छन् । संवैधानिक कानुनका जानकार प्राडा विपिन अधिकारीले वक्तव्यलाई नेपालको संविधान र कानुनको दायराबाट मात्र नहेर्न आग्रह गर्नुभयो । वक्तव्यलाई अन्तर्राष्ट्रिय प्रतिबद्धता र मानव अधिकारका दृष्टिबाट हेरिनुपर्ने धारणा राख्नुभयो । वक्तव्य संस्थाहरूको आफ्नो मूल्याङ्कन भएको उहाँको धारणा छ।

संविधान सभा सदस्य खिमलाल देवकोटाले संस्थाहरूको वक्तव्यका विषयमा समितिले छलफल गर्न सक्ने धारणा राख्नुभयो। प्रमाणहीन वक्तव्यले संस्थाको विश्वसनीयतामा प्रश्न हुने पनि देवकोटाले बताउनुभयो। समितिले कार्यक्षेत्र दोहोरोपन नहुने गरी यस्ता विषयमा छलफल गर्न सक्ने र गर्नुपर्ने धारणा समितिमा उहाँले राख्नुभयो।

समितिमा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले न्यायपालिकाले आफ्नो अधिकारक्षेत्रमा रहेर प्रभावबिना कार्यसम्पादन गरिरहेको बताउनुभयो। पौडेलले न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको बताउनुभयो।

# चन्द्रमामा थुप्रियो दुई लाख किलो फोहोर

**अन्तर्राष्ट्रिय**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

चन्द्रमामा मानव निर्मित करिब दुई लाख किलोग्राम फोहोर थुप्रिएको छ । यो फोहोर विगत छ दशकभन्दा बढी समयदेखि गरिएका विभिन्न अन्तरिक्ष अभियानका क्रममा थुप्रिएको हो।

चन्द्रमामा अवतरण गरिएका वा दुर्घटनाग्रस्त ७० भन्दा बढी अन्तरिक्ष यान र तिनका भग्नावशेष त्यहीँ थुप्रिएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। अन्तरिक्ष यात्रीहरूले चन्द्रमामा गुडाएका पाँच वटा रोभर र वैज्ञानिक उपकरणहरू तौल कम गर्न त्यहीँ छाडिएका थिए। मानव मलमूत्र र फोहोरका झोला पृथ्वीमा फर्किने क्रममा यानको तौल कम गरी इन्धन जोगाउन अन्तरिक्ष यात्रीले आफ्ना अनावश्यक सामान चन्द्रमामै फालेका थिए। यस अन्तर्गत मानव मलमूत्र (दिसा, पिसाब, बान्ता) भरिएका ९६ वटा सिल गरिएका झोला चन्द्रमाको सतहमा छन् । त्यसै गरी अमेरिकाको झन्डा, अन्तरिक्षयात्रीका पुराना बुट, जुत्ता र विभिन्न औजार, अन्तरिक्षयात्री चार्ल्स ड्युकले छोडेको तस्बिर र दुई वटा गोल्फ बल, ग्यालिलियोको गुरुत्वाकर्षण सिद्धान्त परीक्षण गर्न प्रयोग गरिएको एउटा फलामको हथौडा र बाजको प्वाल चन्द्रमाको सतहमा छन्।

चन्द्रमामा वायुमण्डल, हावा, पानी वा ब्याक्टेरिया नहुने भएकाले यो फोहोर र मानव मलमूत्र सड्दैन। त्यसैले यो लाखौँ वर्षसम्म जस्ताको त्यस्तै रहने वैज्ञानिक बताउँछन्। हालका वर्षहरूमा नासाले यी फोहोरलाई पुनः प्रयोग गर्ने प्रविधि विकास गर्ने प्रयास गर्दै छ।

यसैबिच अमेरिकी कम्पनी ‘स्पेस-एक्स’ ले प्रक्षेपण गरेको रकेटको करिब चार हजार किलो तौलको एउटा टुक्रा चन्द्रमामा उच्च गतिमा ठोक्किएको अमेरिकी समाचार संस्था सिएनएनले जनाएको छ । यो घटनासँगै चन्द्रमामा थुप्रिएका मानव निर्मित वस्तुहरूले बनाएको फोहोरबारे चासो उत्पन्न भएको छ। सन् १९५९ सेप्टेम्बरमा तत्कालीन सोभियत सङ्घको ‘लुना २’ चन्द्रमामा पुग्ने पहिलो यान बनेयता सुरु भएको यो फोहोर थुप्रिने क्रम आजसम्म निरन्तर छ । नासाको ‘एपोलो’ कार्यक्रमका छ वटा सफल अवतरणबाट मात्रै ७९६ वटा वस्तु चन्द्रमामै छाडिएका थिए।

## पीडित...

पशु वधशाला र मासु जाँच ऐन, २०५५ चरणबद्ध रूपमा नेपालभर लागु गर्ने र बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद् बैठकले गरेको छ। राहदानी बनाउनेको लाइन, खाना पकाउने ग्यासको लाइन र अस्पतालमा देखिएको लाइनलाई हटाएर व्यवस्थित बनाउन सम्बन्धित मन्त्रालयले काम गरिरहेको मन्त्री पोखरेलले जानकारी दिनुभयो।

## वधशालाको...

त्यसपछि २०८३ माघ १ गतेदेखि उपत्यकाबाहिरका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा यसको विस्तार गरिने छ। सरकारले २०८४ साउन १ गतेदेखि देशभर ऐन पूर्ण रूपमा कार्यान्वयन गर्ने लक्ष्य राखेको छ।

पशु सेवा विभागले ऐन कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गरी मन्त्रालयमा बुझाइसकेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबिच आवश्यक समन्वय पनि अघि बढाइएको मन्त्रालयले जनाएको छ। विश्वका धेरै देशमा वधशालालाई मासु उत्पादन केन्द्र मात्र नभई बहुआयामिक औद्योगिक प्रणालीका रूपमा विकास गरिएको छ । त्यहाँ पशुका अधिकांश अङ्ग पुनः प्रयोग गरिन्छ र फोहोरको मात्रा न्यूनतम राखिन्छ।

सरकारी योजना प्रभावकारी रूपमा कार्यान्वयन भएमा वधशालाबाट निस्कने फोहोर वातावरणको बोझ मात्र रहने छैन । यो उद्योगका लागि कच्चा पदार्थ, व्यवसायीका लागि अतिरिक्त आम्दानी, स्थानीय तहका लागि प्रभावकारी फोहोर व्यवस्थापन तथा उपभोक्ताका लागि सुरक्षित खाद्य प्रणाली निर्माणको आधार बन्ने अपेक्षा गरिएको छ।

## ‘बक्यौता...

उल्लेख गर्दै उहाँले ती संस्थाहरू गाभ्ने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) मा जाने सकिने बताउनुभयो। धेरै वटा कमजोर कम्पनी रहनुभन्दा सीमित सङ्ख्यामा सक्षम तथा वित्तीय रूपमा सबल सेवाप्रदायक हुनु उपभोक्ता र नियामक दुवैका लागि लाभदायक हुने उहाँको धारणा थियो । नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवाप्रदायक कम्पनीहरूले बक्यौता नतिरेसम्म उनीहरूको लाइसेन्स नवीकरण गर्न नसकिने बताउँदै आएको छ। छलफलमा आइस्पानले सेवाप्रदायक कम्पनीहरू आर्थिक रूपमा गम्भीर दबाबमा रहेको र एकै पटक पाँच वर्षसम्मको बक्यौता तिर्न सम्भव नभएको भन्दै किस्ताबन्दीमा भुक्तानी गर्न पाउने व्यवस्था गर्न सरकारसँग आग्रह गरेको थियो। सङ्घले विशेष गरी रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापतको बक्यौता रकम किस्ताबन्दीमा बुझाउने सुविधा उपलब्ध गराउनुपर्ने माग गरेको हो।

आइस्पानका अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले बक्यौता नतिर्ने कम्पनीहरूको लाइसेन्स नवीकरण नगर्ने निर्णय गरेपछि अधिकांश सेवाप्रदायक थप समस्यामा परेका छन् । लाइसेन्स नवीकरण रोकिँदा सेवा विस्तार, बैङ्किङ कारोबार तथा व्यवसाय सञ्चालनमै असर परेको सङ्घको भनाइ छ। महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमार्फत सेवाप्रदायक कम्पनीबाट उठ्न बाँकी रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोष तथा अन्य शुल्कको विषयलाई बेरुजुका रूपमा औँल्याउँदै त्यसलाई असुल गर्नुपर्ने बताउँदै आएको छ।

### छानबिन समितिले बुझायो प्रतिवेदन

नेपाल टेलिभिजन (हाल सार्वजनिक सेवा प्रसारण संस्था) ले विगतका वर्षहरूमा खरिद गरेका उपकरण तथा सेवामा अनियमितता र कानुनी त्रुटि भएको औँल्याउँदै छानबिन समितिले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ।

‘नेपाल टेलिभिजनको डिजिटल ट्रान्समिटर, अडियो-भिजुअल र ग्राफिक्स प्रणाली, प्लेआउट अटोमेसन र अनलाइन प्लेटफर्महरूको खरिदसम्बन्धी छानबिन समिति, २०८३’ ले बुधबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष प्रतिवेदन पेस गरेको हो । प्रतिवेदनले नेपाल टेलिभिजनमा भएका केही खरिद प्रक्रियामा नियमविपरीत निर्णय, कानुनी त्रुटि तथा आर्थिक दायित्व सिर्जना गर्ने प्रकृतिका काम भएको निष्कर्ष निकालेको छ।

छानबिन समितिको प्रतिवेदन अनुसार नेपालमा भू-सतही टेलिभिजन प्रसारणलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को सहयोगमा तयार गरिएको मार्गचित्रमा तय गरिएको एनालग ‘स्विच अफ’ र डिजिटल ‘स्विच ओभर’ को समयसीमा अत्यधिक महत्त्वाकाङ्क्षी र यथार्थपरक नभएको देखिएको छ। त्यसका कारण अहिलेसम्म पनि नेपाल टेलिभिजनको प्रसारण पूर्ण रूपमा डिजिटल स्विच ओभरको लक्ष्य अनुसार अघि बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै आर्थिक वर्ष २०७९/८० मा ‘आर्काइभ डिजिटाइजेसन’ शीर्षकमा प्राप्त बजेटलाई आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा अडियो-भिडियो उपकरण शीर्षकमा नियमविपरीत राखी अघिल्लो वर्षको परियोजनाका रूपमा खर्च गरिएको तथा सोही बजेटबाट एलसी खोलेर खरिद प्रक्रिया अघि बढाइएको कार्य अनियमित प्रकृतिको रहेको छानबिन समितिको निष्कर्ष छ।

## रुसले...

किभ सैन्य प्रशासनका अनुसार हमलाले आवासीय भवन र गोदामहरूमा क्षति पुगेको छ।

रुसको रक्षा मन्त्रालयले किभ र वरपरका क्षेत्रमा रहेका सैन्य बन्दोबस्तीका सामग्री भण्डार गर्ने स्थान र आपूर्ति केन्द्रलाई निसाना बनाइएको दाबी गरेको छ। “ती स्थानहरू विभिन्न हातहतियार तथा सैन्य सामग्रीको भण्डारण र आपूर्ति गर्न अनि मानवविहीन हवाई सवारीसाधन (ड्रोन) को उत्पादन र वितरणमा संलग्न थिए,” रुसी रक्षा मन्त्रालयले भनेको छ।

मन्त्रालयले ओडेसास्थित ब्ल्याकसीको एउटा बन्दरगाहनजिकै ‘हतियार र सैन्य उपकरण ओसार पसार गरिरहेका’ तीन वटा कार्गो जहाजमा पनि हमला गरेको दाबी गरेको छ । युक्रेनले रुसी ब्यालेस्टिक आक्रमणबाट जोगिन सहयोगी राष्ट्रहरूलाई अमेरिकामा निर्मित थप ‘प्याट्रिअट मिसाइल इन्टर्सेप्टर’ हरू उपलब्ध गराउन आग्रह गरेको छ। किभका नगरप्रमुख भिटाली क्लिच्कोले सहरको मध्यभागमा आक्रमण भएकाले मानिसहरू भग्नावशेषमुनि पुरिएको हुन सक्ने आशङ्का व्यक्त गर्नुभएको छ। सन् २०२२ देखि रुस र युक्रेनबिच युद्ध जारी छ।

# प्रदेश सरकारका लागि राप्रपा निर्णायक

**मकवानपुर समाचारदाता**
*मकवानपुर, साउन २० गते*

बागमती प्रदेशमा सरकार बनाउन निर्णायक अवस्थामा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी तत्काल सरकारमा नजाने भएको छ। नेपाली कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेसँगै नयाँ सरकार निर्माणका लागि विभिन्न अङ्कलबाजी र जोडघटाउ सुरु भएको अवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सरकारमा जान अनिच्छुक देखिएको हो।

प्रदेश सरकारमा समर्थन र सहभागिताका विषयमा समेत छलफल गर्ने गरी काठमाडौँमा बसेको राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले अहिले सत्ताको खेलमा नलाग्ने निर्णय गरेको हो। राप्रपाका नेता एवं बागमती प्रदेशका पूर्वसभामुख भुवनकुमार पाठकले प्रदेश सरकारका बारेमा छलफल भएको भन्दै तत्काल सत्ताको खेलमा नलाग्ने सहमति बनेको बताउनुभयो।

प्रदेश सरकारमा सहभागिता र समर्थनका बारेमा कुनै निर्णय नभएको भन्नुहुँदै उहाँले अहिले प्रदेश सरकारमा जाने मनस्थितिमा नरहेको बताउनुभयो। उहाँले सहयोग र समर्थनका लागि औपचारिक रूपमा कुनै पनि दलबाट पत्र नआएको बताउनुभयो। उहाँले भन्नुभयो, "आधिकारिक रूपमा पत्र आएपछि छलफल र निर्णय हुन्छ।" बागमती प्रदेशमा नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीको वाम गठबन्धनलाई राप्रपाले समर्थन गर्दा सरकार निर्माण गर्न आवश्यक बहुमत पुग्छ। सत्तापक्ष र विपक्षबाट औपचारिक रूपमा समर्थन र सहयोगका लागि अनुरोध नआएको बताउँदै नेता पाठकले सरकारका बारेमा अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षलाई दिने गरी निर्णय भएको बताउनुभयो।

नेकपा (एमाले) ले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेसँगै नयाँ सरकार बनाउन जोड घटाउ सुरु भएको हो।



बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय।

एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच विभिन्न प्रदेशमा सरकारको नेतृत्व गर्ने गरी केन्द्रमा सहमति भएसँगै बागमती प्रदेश सरकारको नेतृत्व गर्ने एमालेको भागमा परेको छ तर बागमती प्रदेशमा वाम गठबन्धनका प्रदेश सभा सदस्यले मात्र बहुमत पुग्दैन।

राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थन र साथ दुई वामपन्थी दललाई आवश्यक पर्ने हुन्छ। हाल १०४ कायम रहेको प्रदेश सभा सदस्यबाट बहुमतका लागि ५३ जना आवश्यक हुन्छ। प्रदेश सभामा कांग्रेस ३६, नेकपाको २६, एमालेको उपसभामुखसहित २५ जना, राप्रपा १२, नेपाल मजदुर किसान पार्टी तीन र हाम्रो नेपाली पार्टीको दुई जना प्रदेश सभा सदस्य रहेका छन्।

नेकपाको २६ र एमालेको उपसभामुखसहित २५ जना गरी ५१ जना हुन्छ। जुन सरकार गठनका लागि पर्याप्त सङ्ख्या नहुँदा राप्रपाको साथ वाम गठबन्धनले खोज्दै आएका छन्। राप्रपाले निर्णय नगर्दा बागमती प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया थप लम्बिने भएको छ। वाम गठबन्धनले मुख्यमन्त्री बानियाँलाई बहुमत जुटाउन वा राजीनामा दिएर मार्ग प्रशस्त गर्न भन्दै आएको छ। यस्तै मुख्यमन्त्री बानियाँले कुनै पनि दलको बहुमत नपुगेको भन्दै आफूलाई समर्थन गर्न आग्रह गर्नुभएको छ। मुख्यमन्त्री बानियाँले बहुमत जुटाएर अन्य दल आएमा राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्ने बताउनुभयो।

उता राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले राप्रपा संसदीय दललाई सहयोगको आग्रह गर्दै पत्र दिएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो संसदीय दलमा पत्र आएको हो पार्टी पार्टीबिच पत्राचार छलफल हुनु पर्छ भन्ने केन्द्रको आशय होला।" हाम्रो नेपाली पार्टी सरकारमा मङ्गलबार सहभागी भइसकेको अवस्थामा बानियाँ नेतृत्वको सरकारलाई बहुमत पुर्‍याउन १५ जना प्रदेश सभा सदस्य आवश्यक हुन्छ।

## निःशुल्क शय्यामा मन्त्रालयको कडाइ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले कार्यविधि अनुसार प्रदान गरिने १० प्रतिशत निःशुल्क शय्या सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउने भएको छ। कार्यान्वयनका लागि देशभरका सेवाप्रदायक अस्पतालका सम्पर्कव्यक्ति (फोकल पर्सन) को विवरण सार्वजनिक गरेको छ।

मन्त्रालयले सोमबार सार्वजनिक गरेको विवरणमा सङ्घीय, प्रादेशिक, सामुदायिक, शिक्षण तथा निजी अस्पताल समेटिएका छन्। प्रत्येक अस्पतालका जिम्मेवार सम्पर्क अधिकारीको नाम र टेलिफोन नम्बर सार्वजनिक गरिएकाले निःशुल्क उपचारसेवा प्राप्त गर्न समस्या परेका सेवाग्राहीले सम्बन्धित अस्पतालसँग सिधै सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले सार्वजनिक गरिएको विवरणले सेवाग्राहीलाई निःशुल्क उपचारसम्बन्धी जानकारी लिन, सेवा प्राप्तिमा देखिएका समस्या समाधानका लागि समन्वय गर्न तथा आवश्यक परे गुनासो दर्ता गर्न सहज हुने जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रालयले १० प्रतिशत निःशुल्क शय्या सेवाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा समन्वयलाई थप सुदृढ बनाएको छ। यसअघि नै मन्त्रालयले निःशुल्क शय्या व्यवस्थापनका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याइसकेको छ। सो प्रणालीमार्फत अस्पतालले आरक्षित शय्याको विवरण नियमित रूपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था लागु गरिएको छ।

सहप्रवक्ता डा. अधिकारीले कार्यविधिले सुनिश्चित गरेको निःशुल्क स्वास्थ्यसेवालक्षित वर्गसम्म प्रभावकारी रूपमा पुर्‍याउने उद्देश्यले अस्पतालका सम्पर्क अधिकारीको विवरण सार्वजनिक गरिएको बताउनुभयो। उहाँका अनुसार सेवाग्राहीले निःशुल्क उपचारसेवा प्राप्त गर्न कुनै समस्या भोग्नु परेमा सम्बन्धित अस्पतालका सम्पर्कव्यक्तिसँग तत्काल सम्पर्क गरी आवश्यक सहजीकरण लिन सक्ने छन्।

## सुनकोशी कार दुर्घटना

# ड्रोन र म्याग्नेटसहित उच्चस्तरीय प्रविधिद्वारा खोजी



सुनकोशी नदीमा कारको खोजी गर्दै गोताखोर टोली।

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, साउन २० गते*

सिन्धुलीको फिक्कल गाउँपालिका–२, नवलपुरस्थित सुनकोशी नदीमा बेपत्ता भएका तीन यात्रु र कार अझै फेला पर्न सकेका छैनन्। साउन १८ गते सवारी दुर्घटनामा परी सुनकोशी नदीमा खसेर बेपत्ता भएका ती यात्रु र कारको सशस्त्र प्रहरीको गोताखोर टोलीले उच्चस्तरीय प्रविधि प्रयोग गरी खोजी गरिरहे पनि फेला पार्न नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले सशस्त्र प्रहरी बलको विपत् व्यवस्थापन बेस क्याम्प खुर्कोटको गोताखोर टोली, नेपाल प्रहरी र स्थानीय मिलेर बेपत्ता यात्रु र कारको खोजी गरिरहे पनि अझै फेला पार्न नसकिएको बताउनुभयो। बुधबार उहाँले भन्नुभयो, "बेपत्ता यात्रु र कारको खोजीका लागि मङ्गलबारदेखि ड्रोन र म्याग्नेटसहित उच्चस्तरीय प्रविधि प्रयोग भइरहेको छ। जनशक्तिको पनि कमी छैन। खोजी गर्ने कार्य तीव्र रूपमा भइरहेको छ।"

बेस क्याम्प खुर्कोटमा २९ जनाको गोताखोर टोलीले खोजी कार्य गरिरहेको छ। थप आवश्यक गोताखोर मगाउनु परे त्यसका बारेमा पनि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले १५ जनाको गोताखोर टोलीले दुई वटा डुङ्गाको प्रयोग गरी सुनकोशी नदी र नदी किनारमा बेपत्ता यात्रु र कारको खोजी गरिरहेको जानकारी दिनुभयो। सुनकोशी नदीमा पानीको बहाब उच्च रहेकाले खोजी कार्य गर्न कठिन भइरहेको छ।

फिक्कल गाउँपालिका–२ का वडाध्यक्ष शङ्कर भण्डारीले सुनकोशी नदीमा बाढीका कारण पानीको सतह र बहाब उच्च रहेकाले गोताखोर टोलीलाई बेपत्ता यात्रु र कारको खोजी गर्न कठिन देखिएको बताउनुभयो।

प्रहरीका अनुसार कारसहित सुनकोशी नदीमा सिन्धुपाल्चोक जुगल गाउँपालिका–७ निवासी ३९ वर्षीय निर्माण व्यवसायी दिलकुमार लामा, सिन्धुलीको गोलन्जोर गाउँपालिका–१ निवासी २८ वर्षीय गणेश थापा र तीनपाटन गाउँपालिका–९, डाँडाखर्क निवासी १७ वर्षीय सुजन बलम्पाकीमगर सुनकोशी नदीमा बेपत्ता अवस्थामा रहेका छन्।

## माडीमा दुई पक्की पुल निर्माण

**चितवन समाचारदाता**
*चितवन, साउन २० गते*

बागमती प्रदेश सरकारको लगानीमा चितवनको माडी नगरपालिकामा पाँच करोड रुपियाँभन्दा बढी लागतमा निर्माण गरिएका दुई पक्की पुल निर्माण सम्पन्न भएका छन्।

माडी नगरपालिका–५ स्थित रौतनीखोलाको पुल ३२.४० मिटर लामो, ८.४० मिटर चौडा तथा छ मिटर क्यारिजवे चौडाइको पुल निर्माण गरिएको छ। पुल निर्माणका लागि २०८२ असार १७ गते सम्झौता गरिएको थियो। पूर्वाधार विकास कार्यालय भरतपुरका प्रमुख इन्जिनियर वीरेन्द्र चौधरीले २०८३ असार २४ गते पुल निर्माण सम्पन्न भएको जानकारी दिनुभयो।

रौतनीखोलाको पुल निर्माणमा दुई करोड ५३ लाख ९४ हजार ३७४ रुपियाँमा ४० पुल निर्माणको जिम्मा शक्ति शिवा–आरएन सफाल जेभी, माडी–चितवनले पाएको थियो। पुलसँगै पहुँचमार्ग, कङ्क्रिटिङ तथा ग्याबियन संरचना निर्माण गरिएको उहाँले बताउनुभयो। यस्तै गरी माडी नगरपालिका वडा नं. १ स्थित डाङ्ग्रेखोलाको पुल निर्माण पूरा भएको छ। २१.८० मिटर लामो, ८.४० मिटर चौडा तथा छ मिटर क्यारिजवे चौडाइको पुल निर्माण सम्पन्न भएको हो। यस पुल निर्माणका लागि २०८२ असार १५ गते सम्झौता गरिएको थियो। २०८३ असार २४ गते निर्माण सम्पन्न भएको पूर्वाधार कार्यालयका प्रमुख चौधरीले जानकारी दिनुभयो। पुल निर्माणमा दुई करोड आठ लाख ५१ हजार ८१२ रुपियाँ खर्च भएको छ।

## विद्यालय बस निर्देशिका पालना गर्न आग्रह

**मकवानपुर समाचारदाता**
*मकवानपुर, साउन २० गते*

मकवानपुर जिल्ला प्रशासन कार्यालयले विद्यालय बस तथा भ्यान सेवा सुरक्षित, व्यवस्थित र मापदण्ड अनुसार सञ्चालन गर्न सम्बन्धित विद्यालय तथा सेवाप्रदायकलाई आग्रह गरेको छ।

जिल्लाभित्र सञ्चालित संस्थागत र सामुदायिक विद्यालयका बस तथा भ्यानसेवाबारे अभिभावक र सर्वसाधारणबाट निरन्तर गुनासो आएपछि प्रशासनले विद्यालय बस निर्देशिका, २०७४ को पूर्ण पालना गर्न आग्रह गरेको हो।

प्रशासनका अनुसार विद्यालय बस तथा भ्यानमा तोकिएको क्षमताभन्दा बढी विद्यार्थी राख्ने, उभ्याएर यात्रा गराउने, विद्यालय समयमा तीव्र गतिमा सवारी चलाउने, जोखिमपूर्ण ओभरटेक गर्ने, ट्राफिक नियम उल्लङ्घन गर्ने तथा सुरक्षा मापदण्ड पालना नगर्ने जस्ता समस्या देखिएका छन्।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले कतिपय विद्यालयले अत्यधिक पुराना तथा मापदण्डविपरीतका सवारीसाधन प्रयोग गर्ने, बससेवा शुल्क अत्यधिक असुल्ने, मुख्य सडकमै विद्यार्थी चढाउने–ओराल्ने तथा सिट, ढोका, झ्याल र आपत्कालीन निकास जस्ता सुरक्षा व्यवस्था निर्देशिका अनुसार नराख्ने गरेको गुनासो पटक पटक प्राप्त भएको जानकारी दिनुभयो।

उहाँका अनुसार विद्यालय बस निर्देशिका, २०७४ ले विद्यालय बस सञ्चालनसम्बन्धी सुरक्षा तथा सेवा मापदण्ड स्पष्ट रूपमा तोकेको भए पनि कतिपय विद्यालय र सेवाप्रदायकले त्यसको पूर्ण कार्यान्वयन गरेका छैनन्। यस विषयलाई गम्भीर रूपमा लिँदै जिल्ला प्रशासन कार्यालयले प्याब्सन, एनप्याब्सन, सामुदायिक विद्यालयका प्रतिनिधि तथा अन्य सरोकारवालासँग आवश्यक छलफल, समन्वय र सहजीकरण गरी निर्देशिका अनुसारका मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गराउन जिल्ला शिक्षा तथा समन्वय एकाइ मकवानपुरलाई पत्राचार गरेको छ। प्रशासनले मापदण्ड पालना नगर्ने विद्यालय तथा सेवाप्रदायकलाई सुधारका लागि निर्देशन दिई आवश्यक परे सम्बन्धित निकायसँग समन्वय गरेर प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ।


### काठमाडौँ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ

KIOCH

बुढानिलकण्ठ–७, हेपाली हाइट, काठमाडौँ
फोन नं.– ०१ ५९२८१३६, Email: info@kioch.org.np, Website: www.kioch.org

**आ.व. ०८३।८४ का लागि आवश्यक औषधी तथा Flexible Video Nasopharyngolaryngoscope (NPL) System खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२१)

यस इन्स्टिच्युटमा आ.व. २०८३/८४ का लागि आवश्यक औषधी तथा Flexible Video Nasopharyngolaryngoscope (NPL) System खरिद गर्नुपर्ने भएकोले सो कार्य गर्न योग्यता पुगेका इच्छुक उत्पादक, फर्म/सप्लायर्स/कम्पनीबाट दर्ता प्रमाणपत्र, अद्यावधिक गरेको आधिकारिक इजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धिकर प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, फाराम खरीद दस्तुर बापतको रकम इन्स्टिच्युटको सानिमा बैंक, नक्साल शाखामा रहेको खाता नं. ००१०१००१०००२०६३ मा जम्मा गरेको बैंक भौचर तथा उल्लेखित धरौटी बापतको रकम इन्स्टिच्युटको सिद्धार्थ बैंक लिमिटेड, हात्तीसार शाखामा रहेको खाता नं. ५५५०७६३७१२७ मा जम्मा गरेको बैंक भौचर वा बैंक ग्यारेन्टीको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा १२० (एक सय बीस) दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्र संलग्न राखी तल उल्लेखित मिति र समयभित्र इन्स्टिच्युटको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्ने तथा तल उल्लेखित मिति र समयभित्र इन्स्टिच्युटको कार्यालयमा आ–आफ्नो बोलपत्रहरू पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र बुझाउने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सो कार्य गरिनेछ। अन्य विस्तृत जानकारीका लागि यस इन्स्टिच्युटको प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | बोलपत्र संख्या नं | सामान/ कार्य विवरण | फाराम खरीद दस्तुर ने.रु. | धरौटी रकम ने.रु. | बोलपत्र खरीद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ०७–२०८३/८४ | औषधी खरिद | १,०००।– | कबोल अंकको ३ प्रतिशत | २०८३/०५/१९ गते कार्यालय समयसम्म | २०८३/०५/२२ गते दिनको १२:०० बजेसम्म | २०८३/०५/२२ गते दिउँसो २:०० बजे |
| २ | ०८–२०८३/८४ | Flexible Video Nasopharyngolaryngoscope (NPL) System खरिद | १,०००।– | कबोल अंकको ३ प्रतिशत | २०८३/०५/१९ गते कार्यालय समयसम्म | २०८३/०५/२२ गते दिनको १२:०० बजेसम्म | २०८३/०५/२२ गते दिउँसो २:०० बजे |

**यो सूचना इन्स्टिच्युटको Website: www.kioch.org.np मा पनि हेर्न सकिने छ।**



### नेपाल सरकार
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**हेभी इक्विपमेन्ट डिभिजन**
**इटहरी, सुनसरी**
**प्रकाशित मिति : २०८३।०४।२१**

**विषय : अधिकृत बिक्रेता सूचीकृत गर्ने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस डिभिजन मातहत तपसिलमा उल्लेखित विभिन्न मेक/मोडेलका यान्त्रिक उपकरण तथा सवारीसाधनहरू सञ्चालनमा रहेका तथा सोको नियमित तथा आकस्मिक मर्मत सम्भारका लागि चाहिने स्पेयर पार्ट्सहरू सार्वजनिक खरिद ऐन२०६३ को दफा४१ (घ) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (५) मा भएको व्यवस्था अनुसार नेपालका लागि जेन्युन स्पेयर पार्ट्स बिक्री गर्ने एजेन्सी प्राप्त अधिकृत बिक्रेताबाट (प्रोप्राइटरी) सोझै खरिद गर्न सकिने व्यवस्था बमोजिम तपसिलमा उल्लेखित विभिन्न मेक/मोडेलका यान्त्रिक उपकरण तथा सवारी साधनहरूका लागि यस डिभिजनलाई आवश्यकता बमोजिम स्पेयर पार्ट्स सप्लाई गर्न इच्छुक अधिकृत बिक्रेताहरूबाट तोकिएको निर्धारित कागजात सहित १५(पन्ध्र) दिन भित्र सूचीकृतका लागि यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन अनुरोध छ।

**यान्त्रिक उपकरण तथा सवारीसाधनका मेक/मोडेल**

1. Kawasaki Wheel Loader/Static Roller (7oZIV-2)
2. Doosan Wheel Loader (DL250A)
3. Hyundai Wheel Loader/Track Excavator (R215 LC-7)
4. Volvo Wheel Loader/Track excavator (LG90GZ & EC210D)
5. Iveco transport Truck/Van
6. Tata Tipper/Transport Truck/Pickup Xenon (LPK 2518, 1618, 909, 407)
7. Ashok Leyland Truck
8. Komatsu Track Dozer (D8 ESS-2)
9. Aveling Barford Static Roller
10. Amman pneumatic Roller (cummins/AP240)
11. Sakai Roller/Compactors (SV520D)
12. JCB Backhoe loader/Excavator/Compactor (3DX super, JS140 & vibromax VM115)
13. Hydromek Motor Grader (MG330)
14. Phoenix Chipping Spreader (SPC11T)
15. HTR TX water tankar
16. Wacker Neuson Mini Excavator
17. Isuzu Pickup, D-max, V-Cross & Automatic (6 gear)
18. Ford Ranger pickup, 3.2L
19. Nissan D22, D23, D40 & Nissan patrol SUV
20. Foton pickup (Tunland S)
21. Toyota pickup
22. Tata Hitachi, Shinrai power Backhoe Loader
23. Sino Truck
24. Wheel Excavator Develon (DB58TIS)

**सूचीकृत गर्नका लागि चाहिने आवश्यक कागजातहरू**

१. यस कार्यालयलाई सम्बोधन गरी सूचीकृत गर्नका लागि लेखिएको निवेदन
२. कम्पनी/फर्म दर्ता प्रमाणपत्र
३. अद्यावधिक करचुक्ता प्रमाणपत्र
४. प्यान/भ्याट दर्ता प्रमाणपत्र
५. अन्य आवश्यक कागजात
६. राष्ट्रिय स्तरको पत्रिकामा मूल्य प्रकाशन गरेको कागजात



### भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सिंहदरबार, काठमाडौँको सूचना**

**स्पष्टीकरण पेश गर्ने सम्बन्धमा**

मिति २०८३।०४।२१

तपाईंले अध्ययन/असाधारण बिदा समाप्त भए पश्चात पनि आफ्नो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रही विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिई/लिन आवेदन दिई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसुर गरेको देखिएकोले सोही कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम सजाय गर्नु नपर्ने उचित आधार र कारण केही भए निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (क) बमोजिम मिति २०८३/३/१७ मा सूचना प्रकाशित गरिएकोमा तोकिएको समयावधिभित्र पेश हुन आएको सफाइ सन्तोषजनक नभएकोले तपाईंलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम सजाय किन नगर्ने ? निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (ख) बमोजिम ३० (तीस) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुन निजामती सेवा ऐन, २०४९ को दफा ६७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कर्मचारीको नाम / थर संकेत नं. | पद | सेवा/समूह/श्रेणी | पदाधिकार रहेको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्र प्रसाद पाण्डे (क.स.नं.१८२४०५) | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा/तथ्याङ्क समूह/ रा.प.तृतीय श्रेणी | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (अतिरिक्त समूह) | |



### प्रदेश सरकार
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

**"प्रदेशमा उत्पादित घिउ तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदान" कार्यक्रम सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८३/०४/२१

यस मन्त्रालयको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "प्रदेशमा उत्पादित घिउ तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदान" कार्यक्रम कार्यान्वयनका लागि यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम मार्फत कोशी प्रदेशमा दर्ता भएका डेरी उद्योग/व्यवसायीहरूले प्रदेशमा उत्पादित नौनी, घिउ तथा धुलो दुध Whole Milk Powder (WMP)/Skimmed Milk Powder (SMP) अन्य मुलुकमा निर्यात गर्न इच्छुक भएमा अनुसूची-१ बमोजिमको विवरणसहित तोकिएको निवेदनको ढाँचामा मिति २०८३ साल भाद्र २१ गते भित्र सूचीकृत हुन आह्वान गरिन्छ। साथै सूचीकृत उद्योग/व्यवसायीहरूले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड (दोस्रो संशोधन), २०८० को दफा ४ बमोजिम शर्तहरू पालना गरी यस आ.व. मा उल्लेखित वस्तुहरू निर्यात गरेको प्रमाण र आवश्यक कागजातहरूसहित भुक्तानीका लागि मिति २०८४ साल जेष्ठ मसान्तभित्र तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। कार्यक्रम कार्यान्वयनसम्बन्धी मापदण्ड र आवश्यक कागजात यस मन्त्रालयको वेबसाइट https://moiac.koshi.gov.np/notice/general-notice बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा कार्यरत पशु चिकित्सक डा. देव कुमार दर्लामी (पशुपन्छी विकास महाशाखा) मोबाइल नं. ९८५१३१३१११ मा सम्पर्क गर्न सकिनेछ।



### नेपाल सरकार
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**आन्तरिक राजस्व कार्यालय, जुम्ला**

**आयकरको संशोधित कर निर्धारण तथा मू.अ. करको प्रारम्भिक कर निर्धारणको सूचना**

(सूचना प्रकाशित मिति: २०८३/०४/२१)

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलका करदाताको आ.व. २०७८।०७९ को कारोबारको पूर्ण कर परीक्षण गर्न छनोट भई आएकोले यस कार्यालयको दर्ता अभिलेखमा रहेका देहायका करदाताको ठेगानामा पटक-पटक पत्राचार तथा फोन सम्पर्क गर्दा हालसम्म सम्पर्क कायम हुन नसकेकोले यस कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ७९(३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम (३) बमोजिम मिति २०८३।०२।२६ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी प्रकाशन भएकोमा मितिले १५ दिनभित्र तपसिल बमोजिमको प्रोप्राइटर वा निजको अख्तियार प्राप्त व्यक्ति आय वर्ष २०७८।०७९ को आवश्यक कागजात तथा फाँटवारीहरु सहित यस कार्यालयमा उपस्थित हुनका लागि आयकर ऐन, २०५८ को दफा ८३(१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) बमोजिम जानकारी गराइएकोमा करदाताहरूबाट तोकिएको म्यादभित्र माग गरिएको कुनै पनि कागजातहरू पेश हुन नआएको हुँदा कार्यालयमा उपलब्ध सूचना तथा तथ्याङ्क प्रमाणका आधारमा तपसिल बमोजिमको आर्थिक वर्षको कर परीक्षण सम्पन्न गरी आधार र कारण सहित आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिमको संशोधित कर निर्धारणको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारणको आदेश जारी गरी आयकर ऐन, २०५८ को दफा ७९(३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सो अनुसार कर निर्धारण गर्नु नपर्ने/संशोधन गर्नुपर्ने कुनै ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयमा उपस्थित भई प्रमाण पेश गर्नुहुन, अन्यथा आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिमको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावलीको नियम २९(१) बमोजिमको सूचना अनुसार आयकर ऐन, २०५८ को दफा १०२ तथा मूल्य अभिवृद्धि कर नियमावलीको नियम २९(३) बमोजिमको सूचना जारी हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| सि.नं. | करदाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोपाइटरको नाम | संशोधित कर निर्धारण आ.व |
|---|---|---|---|---|---|
| १. | महादेव निर्माण सेवा र महादेव जडिबुटी सेवा | ६०८७७२४४४ | तिलागुफा-१०, कालीकोट | दाने रोकाया | २०७८।०७९ |

"समयको बचत गर्नु भनेको जीवनको लम्बाइ बढाउनु जस्तै हो ।"
- बेन्जामिन फ्र्याङ्कलिन



## सम्पादकीय

# आपूर्ति सहज बनाऔँ

नेपाली उपभोक्ताको भान्सा बिस्तारै महँगो हुँदै गएको थियो। केन्द्रीय बैङ्कको पछिल्लो तथ्याङ्कले तरकारी तथा खाद्यान्नको भाउ बढेपछि भान्सा सस्तो हुन सक्ने अवस्था रहेन। महँगीसँग जुधिरहेका बेला पछिल्ला दिनमा खाना पकाउने इन्धनको समेत अभाव भएपछि सर्वसाधारण उपभोक्तालाई असजिलो भएको छ । नेपालमा उत्पादन नहुने आयातित खाना पकाउने एलपी ग्यास सहज रूपमा नपाएर अहिले उपभोक्ता ठुलो मर्कामा परेका छन् । एकातिर आयातको मात्रा घटेको छैन तर बजारमा पनि सहज तवरले पाइएको छैन । नेपाल आयल निगमले आपूर्ति व्यवस्था सहज बनाउन गरेको भगीरथ प्रयासले पनि उपभोक्तालाई लक्ष्य अनुसार राहत दिन सकेको छैन। यो जटिल अवस्थाको सडकदेखि सदनसम्म विषय उठ्न थालेपछि सरकार संवेदनशील भएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले नै सरोकार सबैसित बैठक बसेर छलफल गरी विशेष पहल थालेको छ। सङ्घीय सरकारका मुख्य सचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा मङ्गलबार भएको छलफलमा ग्यास अभावका कारण खोजेर निराकरण गर्ने प्रयास गरिएको छ। यसको तत्कालीन मात्र होइन दीर्घकालीन समस्या समाधानको उपाय खोज्ने प्रयास गरिएको छ । पश्चिम एसियाको अशान्तिले केही महिनाअघि विश्वभर नै इन्धन सङ्कट भएको थियो । त्यस क्रममा नेपालमा पनि आधा सिलिन्डर ग्यास वितरण थालिएको थियो तर यता केही सातादेखि अवस्था सहज बनाउन पूरा सिलिन्डर नै ग्यास वितरण गर्न थालियो। आधा सिलिन्डर ग्यास वितरणका क्रममा कतिपय उपभोक्ताका घर घरमा सिलिन्डर थाती बसेका कारण पनि अहिलेको ग्यास अभाव हुन सक्ने आकलन गरिएको छ।

नेपाल आयल निगमको दाबीमा भने बजारमा ग्यास आपूर्ति निरन्तर भइरहेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय अनुसार गत असार ३१ गतेदेखि बजारमा पूर्ण तौलको सिलिन्डर वितरण सुरु भएकाले एक्कासि माग बढ्न गयो । यो अवस्थाले ग्यासमा असहजता देखिएको भनिएको छ । निगमले गत फागुनदेखि आधा तौलको सिलिन्डर वितरण गरेकोमा असार अन्तिमदेखि पूर्ण तौलको सिलिन्डर वितरण गर्दा बजारमा एक्कासि माग बढ्दा अभाव देखिएको भन्ने तर्क युक्तिसङ्गत देखिन्छ। अहिले मासिक ४६ हजार मेट्रिक टन ग्यासको आयातित कोटा छ। यो कोटा बढाउन पहल पनि भइरहेको छ। नेपाल आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुरको भनाइमा ग्यासको आपूर्ति व्यवस्था सहज बनाउन साउनका लागि ५२ हजार मेट्रिक टनदेखि ५५ हजार मेट्रिक टन कोटा बढाउन भारतमा पत्राचार गरिएको छ। ग्यास अभाव कम गर्न कोटा बढाउन इन्डियन आयल कर्पोरेसन (आइओसी) लाई पत्राचार गरिएकाले भावी दिनमा ग्यासको आपूर्ति अझ बढी हुने नै छ। बजारमा ग्यास अभाव देखिएपछि कतिपयले कृत्रिम अभाव पनि गरेको हुन सक्छ । यसमा सम्बद्ध निकाय संवेदनशील हुनै पर्छ । अनुगमन प्रभावकारी बनाउनु पर्छ । यताका दिनमै दैनिक दुई हजार मेट्रिक टनका दरले ग्यास आयात भइरहेकाले उपभोक्ता आत्तिनुपर्ने अवस्था भने होइन।

कतिपय उपभोक्ताले बर्खामास तथा नजिकै चाडपर्व पनि आएकाले भावी दिनलाई भण्डारण पनि गरेको हुन सक्छ । बजारमा अभाव भएपछि झनै आत्तिएर थुपार्ने प्रचलन पनि छ। व्यापारीले बढी नाफा खान कृत्रिम अभाव पनि गर्न सक्ने हुन सक्छ। यो अवस्थातिर पनि प्रशासनको ध्यान जानुपर्ने छ । उपभोक्ता तथा व्यापारीले पनि विवेक प्रयोग गर्नु पर्छ । यस्तो असहज अवस्थामा विकल्पमा पनि ध्यान दिनु पर्छ । विद्युतीय चुलो तथा इन्डक्सनको प्रयोग बढ्न थालेको थियो र यसमा निरन्तरता दिनु पर्छ। बर्सातको समयमा विद्युत् उत्पादन पनि बढेको छ। देशभित्रै उत्पादन भएको विद्युत् खाना पकाउनसमेत प्रयोग गर्दा आयातित ग्यासमा बढी भार पर्ने छैन। विदेशी मुद्रा बाहिर जान कम हुने छ। इन्धन आयात बढ्दा त्यसले व्यापार असन्तुलनमा पनि ठुलो असर पारेको छ। त्यसले स्वदेशमै उत्पादन हुने वैकल्पिक इन्धनतिर पनि ध्यान जानु जरुरी छ। इन्डक्सन तथा विद्युतीय चुलो प्रयोग नगर्ने र वैकल्पिक सिलिन्डरसमेत नभई एउटा मात्र सिलिन्डर भएका उपभोक्तालाई पहिलो प्राथमिकता दिएर ग्यास वितरण गरिनु पर्छ। कतिपय व्यापारीले एकअर्काको सिलिन्डर साटफेर नगर्ने हुँदा पनि समस्या देखिएको छ । सिलिन्डरमा बराबरै तौलका ग्यास जाने भएपछि साटफेरमा पनि सहजीकरण गरिनु पर्छ। असजिलो अवस्थामा अवरोध गर्नु हुँदैन। उपभोक्तालाई दुःख दिने कुनै पनि कार्य मान्य हुँदैन। असहज अवस्थामा सबै निकायको सहयोग जरुरी छ। सङ्घीय सरकारले देखाएको सक्रियतामा प्रदेश तथा स्थानीय तहका सम्बद्ध निकायले पनि साथ सहयोग दिनु आवश्यक छ।

## १०३ वर्ष अघिको

गोर्खापत्र

१९८० साल आषाढ १८ गते सोमबार


जर्मनमा रोप ।
क्रुप र त्यस्का साथी हरू लाई सजाय गरेको मा सारा समाचार पत्र पनी क्रुद्ध भएका छन जनता ( दुनिया ) पनी क्रुद्ध भएकोछ । यौटा साम्य वादी पत्र पनी यस्मा साह्रै रुष्ट भएको छ । सारा समाचार पत्र हरू केवल पो ऑा कारेका गौरव रक्षाका लागी निर्दोष जर्मन नागरिकले सजाय पायो भन्ने कुरामा एक मत छन ।

**जर्मनमा रोप ।**
**क्रुप र त्यस्का साथीहरुलाई सजाय गरेको मा सारा समाचार पत्र** पनी क्रुद्ध भएको छ । यौटा साम्य वादी पत्र पनी यस्मा साह्रै रुष्ट भएको छ । सारा समाचार पत्रहरु केवल पो कारेका गौरव रक्षाका लागी निर्दोष जर्मन नागरिकले सजाय पायो भन्ने कुरामा एक मत छन् ।

## चिन्तन

**महामूर्ख**
**परं क्षिपति दोषेण वर्तमान:**
**स्वयं तथा ।**
**यह कुष्यत्यनीशान: स च**
**मूढतमो नर: ।।**

**जो स्वयम् दोषयुक्त हुँदाहुँदै पनि अर्कालाई दोष लगाउँछ र आफू असमर्थ हुँदाहुँदै पनि व्यर्थ क्रोध गर्छ, त्यस्तो व्यक्तिलाई महामूर्ख भनिन्छ ।**

**- विदुर नीति**

**लेखक तथा साहित्यकारहरूमा अनुरोध**
गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठक पत्रका लागि**
gopafeature@gmail.com

**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# हिमालमै अस्ताए कीर्तिमानीहरू



रमेश तिवारी

"म कुनै पनि हिमाललाई हल्का रूपमा लिन्नँ । जुन क्षण मेरो पाइला आधार शिविरबाट अघि बढ्छ, त्यहाँ मेरो शतप्रतिशत समर्पण रहन्छ। मेरो यो समर्पण सधैँ यस्तै थियो र रहने छ। म केवल सुरक्षित रूपमा माथि पुग्ने र फर्किने बाटोको याचना गर्छु ।" विश्वको १२ औँ अग्लो पाकिस्तान अवस्थित ८,०४७ मिटर (२६,४०१ फिट) उच्च पर्वत–ब्रोड पिकमा जानुपूर्व निर्मल पुर्जाले यो टिप्पणी गरेका थिए तर ब्रोड पिक हिमालले उनको प्रार्थना सुनेन । म्याग्दीको दानामा जन्मिएका निर्मल पुर्जा ब्रिटिस सेनामा भर्ती भएपछि निम्स दाइका नाममा बहुचर्चित रहे। लाहुरे पारिवारिक पृष्ठभूमि भएका तथा किशोरावस्थामा लाहुरे बन्न उत्सुक निर्मल पुर्जा सुरुमा सामान्य पदयात्री मात्रै थिए। सगरमाथा आधार शिविरमा पुगेपछि उनको इच्छा शिखरमा पुग्ने रह्यो । ४३ वर्षको उमेर टेक्दासम्म उनले विश्व पर्वतारोहण इतिहासमा अनेकन कीर्तिमान स्थापित गरे । नेपाललाई अन्तर्राष्ट्रिय मानचित्रमा सुपरिचित तुल्याउन उनको अथक योगदान रह्यो।

पाकिस्तानको काराकोरम पर्वत शृङ्खलामा पर्ने ब्रोड पिक हिमालमा साउन १४ (जुलाई ३०, २०२६) मा गएको हिमपहिरोमा विश्वविख्यात पर्वतारोही निर्मल पुर्जासँगै नेपाली आरोहीहरू पुरबहादुर गुरुङ, निमा शेर्पा, किली पेम्बा शेर्पा, ग्यालु शेर्पा, नवाङ थिन्डु शेर्पा, पाकिस्तानका सोहेल साखी, चीनका वाङ झोङ, ओमानकी नादिरा अहमद तथा अमेरिकाका म्यालोरी गेइसले जीवन गुमाए। हिमाल आरोहणमा विगतमा एकपछि अर्को कीर्तिमान स्थापित गरेर पर्वतारोहण क्षेत्रमा चम्किएका यी तारालाई हिमपहिरोमा गुमाउनु पर्दा पर्वतारोहण क्षेत्रले अकल्पनीय क्षति बेहोर्नु परेको छ।

संसारमा ८,००० मिटरभन्दा उच्च १४ हिमालमध्ये नेपालमा रहेका– सगरमाथा (८,८४८ मिटर), कञ्चनजङ्घा (८,५८६ मिटर) लोत्से (८,५१६ मिटर), मकालु (८,४६३ मिटर), छयो यु (८,२०१ मिटर), धवलागिरि प्रथम (८,१६७ मिटर), मनासलु (८,१५६ मिटर), अन्नपूर्ण प्रथम (८,०९१ मिटर) विश्वव्यापी रूपमा निकै चर्चित छन् । आठ हजारभन्दा बढी उचाइका १४ मध्ये आठ हिमाल नेपालमा रहेको विश्वव्यापी मान्यताका पृष्ठभूमिमा नेपालले २०७४ सालमा ८,००० मिटरभन्दा अग्ला थप छ वटा हिमाल सार्वजनिक गरेको छ । आठ हजारभन्दा बढी उच्च हिमालमा नेपालबाहिर पाकिस्तानको केटु (८,६११ मिटर), नाङ्गा पर्वत (८,१२६ मिटर), गसेरब्रुम प्रथम (८,०६८ मिटर), ब्रोड पिक (८,०४७ मिटर), गसेरब्रुम दोस्रो (८,०३५ मिटर) र चीनको सिसापाङमा (८,०२७ मिटर) छन्।

यी सबै हिमाली क्षेत्रले विभिन्न अवधिमा सानाठुला हिमपहिरो तथा हिमआँधीका चुनौती सामना गर्नु परेको छ। पछिल्लो अवधिमा सन् २०१४ अप्रिल १८ मा सगरमाथा आधार शिविरबाट क्याम्प एकतर्फ जाँदा खुम्बु आइसफलको हिमपहिरोमा परी १६ नेपालीसहित शेर्पा गाइडको मृत्यु भयो। यस्तै अन्नपूर्ण क्षेत्रको आसपासमा सन् २०१४ अक्टोबरमा ४३ पर्यटक र पदयात्रीले जीवन गुमाए। सन् २०१५ अप्रिल २५ मा नेपालमा आएको ७.८ म्याग्निच्युडको विनाशकारी भूकम्पले आरोहीको अत्यन्त बढी चाप भएको सगरमाथा क्षेत्रलाई पनि छाडेन। त्यसबेला आएको हिमपहिरोमा १८ भन्दा बढी आरोही र पथप्रदर्शकले जीवन गुमाए । सगरमाथा आरोहणका क्रममा हालसम्म ३४० भन्दा बढी पर्वतारोहीको मृत्यु भएको र त्यसमध्ये करिब दुई सय शव अझै पनि हिम गर्भमा पुरिएको अनुमान छ। यस्तै हेलिकोप्टर, आरोहीले प्रयोग गर्ने विभिन्न सामान तथा यन्त्र पनि अझै हिमाली क्षेत्रबाट निकाल्न नसकिएको विज्ञको भनाइ छ।

### सफलताको विश्व कीर्तिमान

विश्व इतिहासमा १८ औँ शताब्दीको अन्तिम दशकमा पर्वतारोहण अभियान शुभारम्भ भयो । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि सन् १९२२ र १९२४ मा प्रयास असफल भए । त्यसबेला जर्ज म्यालोरी र उनका सहयात्री एन्ड्रयु इर्विन सर्वोच्च शिखरभन्दा ९१० मिटर तल देखा परेका थिए तर त्यसपछि उनीहरूको आरोहण यात्रा रहस्यपूर्ण नै रहिआएको छ । विश्वमा ८,००० मिटरभन्दा बढी उच्च हिमाल आरोहण गर्ने सिलसिलामा जुन ३, १९५० मा फ्रान्सका मौरिस हेर्जोग र लुई लाचेनलले ८,०९१ मिटर उच्च अन्नपूर्ण प्रथमको सफल आरोहण गरेर पर्वतारोहण क्षेत्रमा नयाँ इतिहास रचे।

पर्वतारोहीहरू मेलोरी–इर्विन गाथाको करिब २९ वर्षपछि सन् १९५३ को मे २९ मा तेन्जिङ नोर्गे तथा न्युजिल्यान्डका एडमन्ड हिलारीले सर्वोच्च शिखर सगरमाथामा पाइताला टेकी ऐतिहासिक सफलताका साथै विश्वकीर्तिमान स्थापित गरे । त्यसबेलादेखि नै पर्वतारोहण अभियानले विश्वव्यापी रूपमा संस्थागत रूप लिन थाल्यो र आरोही विभिन्न महादेशका हिमशृङ्खलाप्रति आकर्षित भए। सगरमाथाको प्रथम सफल आरोहणपछिका साढे सात दशकमा आरोहीको आकर्षण सगरमाथा शिखरमा बढ्दै गए पनि यसले पर्वतारोहण क्षेत्रमा अनेकन समस्या र चुनौती सिर्जना गऱ्यो।



- विश्वविख्यात पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' को निधन
- किली पेम्बा शेर्पालगायत अन्य पाँच अनुभवी नेपाली अस्ताए
- जलवायु परिवर्तनले हिमशिखरको संरक्षण चुनौतीपूर्ण बन्दै
- पर्वतारोहण क्षेत्रलाई सुरक्षित बनाउन सहकार्य आवश्यक

### ब्रोड पिकमा मृत्युवरण

आठ हजारभन्दा अग्ला हिमालमध्ये आरोहीको प्रयास नभएको पाकिस्तानको काराकोरम हिमशृङ्खलास्थित ब्रोड पिकमा अप्रिल १९५७ मा अस्ट्रियाका चार आरोही– हर्मन बुल, मार्कुस स्मुक, फिट्ज विन्टर स्टेलर तथा कुर्त डिम्बर्गरले जुन ९, १९५७ मा सफल आरोहण गरेर इतिहास निर्माण गरेका थिए। ब्रोड पिकको सफल आरोहणपछि हर्मन बुलले शिखरबाट फर्किने क्रममा हिमपहिरोमा परी मृत्युवरण गर्नु परेको थियो । हिमपहिरोमा परेपछि सुरक्षित रहने सम्भावना अत्यन्तै न्यून रहने विज्ञहरूको धारणा छ । यसै वर्ष सन् २०२६ को सगरमाथा आरोहण अभियानमा ५२ वर्षीय दावा इलादी शेर्पा आधार शिविरबाट बेपत्ता भएको छ दिनपछि करिब १९,५०० फिटको शिविर क्षेत्रमा जीवित फेला परेका थिए।

ब्रोड पिकको सन्दर्भमा हिमपहिरोमा पुरिएका १० आरोहीको जिपिएस सङ्केत सुरुका दिनमा आशालाग्दा भए पनि अन्ततः अर्थहीन बन्न पुग्यो । विश्वका आठ हजार मिटरभन्दा अग्ला सबै हिमाल छ महिनामा आरोहण गरेर कीर्तिमान बनाएका प्रसिद्ध पर्वतारोही निम्स दाइको निधनले अन्तर्राष्ट्रिय पर्वतारोहण समुदाय अत्यन्त दुःखित भएको छ। निम्सको निधनमा नेपालका प्रधानमन्त्रीदेखि बेलायतका राजकुमार विलियम र रक्षामन्त्रीसमेतले उनको अदम्य साहस र त्यागको उच्च मूल्याङ्कन गर्दै गहिरो समवेदना व्यक्त गरेका छन् । पुर्जाले सन् २०१९ मा 'प्रोजेक्ट पर्सिबल' अभियान अन्तर्गत विश्वका आठ हजार मिटरभन्दा उच्च सबै १४ हिमाल सात महिनामै आरोहण गर्ने उद्घोष गरेका थिए। दक्षिण कोरियाली नागरिक किमचाङ होले स्थापित गरेका सात वर्षभन्दा अघिको विश्व कीर्तिमान तोड्दै निर्मल पुर्जाले छ महिना छ दिनमै सबै उच्च हिमालका सफल आरोहण गरेर नयाँ इतिहास रच्न सफल भए।

सन् १९८३ मा म्याग्दीमा जन्मेर बाल्यकाल चितवनमा बिताएका निर्मल पुर्जाले १५ वर्षभन्दा बढी अवधि बेलायतको गोर्खा रेजिमेन्ट र रोयल नेविमा सेवा गरेका थिए। सन् २०१२ मा सगरमाथा आधार शिविरसम्मको सामान्य पदयात्रापछि उनले सुरु गरेका आरोहण यात्रा केही महिनामै सफलताको शिखरमा पुऱ्यायो, नेट फ्लिक्सको वृत्तचित्र '१४ पिक्स–नथिङ इज इमपसिबल' ले । सगरमाथा आरोहणका क्रममा उनले चुचुरोनजिक ट्राफिक जाम देखिने लामबद्ध भएर उभिएका असङ्ख्य पर्वतारोहीको तस्बिर सार्वजनिक गरेपछि उनी चर्चाको चुलीमा पुगे । सन् २०२१ मा नेटफ्लिक्समा प्रदर्शन गरिएको वृत्तचित्र तथा २०२० मा प्रकाशित आत्मकथा 'बियोन्ड पसिबल' ले उनलाई पर्वतारोहण जगत्मा झन् चर्चित बनायो । यस्तो अवसर सबै आरोहीले पाउँदैनन् । सन् २०२४ को मेमा दुई महिला फिनल्यान्डकी पर्वतारोही लोत्ता हिन्तसा तथा अमेरिकी चिकित्सक अप्रिल लियोनार्दोले यौन दुर्व्यवहारको आरोप लगाए तर पुर्जाले ती सबै आरोप अस्वीकार गरेका थिए। निर्मल पुर्जा एलिट एक्सपेडको एक संस्थापक भएका र ब्रिटिस नागरिकता लिएका कारण विवादमा आए पनि उनले नेपालको पर्वतारोहण क्षेत्रलाई विश्वभर ब्रान्डिङ गर्न अतुल्य योगदान पुऱ्याएको यथार्थलाई कसैले अस्वीकार गर्न सक्दैन।

निर्मल पुर्जासँगै ब्रोड पिकको हिम गर्भमा परेका अन्य पाँच नेपाली आरोही सबै अत्यन्त अनुभवी र पर्वतारोहण क्षेत्रमा सुपरिचित नामका थिए । दोलखाका किली पेम्बा शेर्पाले आठ हजार मिटरभन्दा बढी उचाइका सबै हिमाल आरोहण गरेका थिए। किली शेर्पाले सन् २०१८ मा दुवै खुट्टा गुमाएका चिनियाँ पर्वतारोही सिया बोयुलाई सगरमाथा शिखर तथा सन् २०२१ मा दुवै खुट्टा गुमाएका रुसी पर्वतारोही रुस्तम नाबिएभलाई मनासलु हिमालको शिखरमा पुऱ्याएका थिए। हिमपहिरोमा जीवन गुमाएका अन्य आरोही ओखलढुङ्गाका ग्याल्जेन (ग्यालु ) शेर्पा, सङ्खुवासभाका नवाङ थेन्डु शेर्पा, गोरखाका पुरबहादुर गुरुङ (युक्त), सङ्खुवासभाका निमा शेर्पा सबै अनन्तकालसम्म समस्त आरोहीका लागि प्रेरणाका स्रोत रहने छन्।

सन् २०२६ को वसन्तकालीन आरोहणको सन्दर्भ पनि यसमा उल्लेख गर्नु सान्दर्भिक हुने छ। यस ऋतुमा एकै दिन २७४ पर्वतारोहीसहित एक हजार आठ आरोही सगरमाथा शिखरमा पुगे । सगरमाथा आरोहणका क्रममा ५६ वर्षीय नेपाली पर्वतारोही कामिरिता शेर्पाले ३२ पटकसम्म सगरमाथा शिखरमा पुगेर तथा अस्ट्रेलियाका १८ वर्षीय ब्लान्का एडलरले सगरमाथा शिखरमा पुगेर कीर्तिमान स्थापना गरे । अन्य केही पर्वतारोहीले पनि नयाँ कीर्तिमान स्थापना गरेर सन् २०२६ को आरोहण अभियानलाई ऐतिहासिक बनाएका छन्।

विश्व मानचित्रमा नेपाल पर्वतारोहण गतिविधि र साहसिक पर्यटनको एक प्रमुख गन्तव्य भएको पृष्ठभूमिमा केही दिनअघि पाकिस्तानको ब्रोड पिकमा विश्वप्रसिद्ध पर्वतारोही निर्मल पुर्जा–निम्स दाइ तथा अन्य पाँच नेपाली तथा चार विदेशी पर्वतारोहीको हिमपहिरोमा भएको दुःखद निधनपछि पर्वतारोहण अभियानलाई बढी स्वस्थ र सुरक्षित पार्न तथा उद्धार कार्यमा हातेमालो गर्न सम्बद्ध सबैको प्रयास हुनुपर्ने आवश्यकता बढेको छ । जलवायु परिवर्तनलगायतका कारण नेपालका हिमशिखर क्रमिक रूपमा कालापत्थरमा परिणत हुँदै गएका पृष्ठभूमिमा विश्वको साझा अमूल्य सम्पदा हिमशिखरको संरक्षणका लागि एकबद्ध प्रयास हुनुपर्ने आवश्यक छ।

# जनताको फिर्ता बोलाउने अधिकार



गोविन्द खनाल

लोकतन्त्रको आधारशिला नै जनताको सार्वभौमसत्ता हो । जनताबाट नै शक्तिको उदय हुन्छ। जनताकै लागि शासन सञ्चालन हुन्छ । जनताले नै आफ्ना प्रतिनिधिलाई निर्वाचित गरी शासनको जिम्मेवारी प्रदान गर्छन् । व्यवहारमा भने प्रतिनिधिमूलक लोकतन्त्रको विकाससँगै एउटा गम्भीर विरोधाभास पनि देखा परेको छ । जनताले आफ्ना प्रतिनिधि निर्वाचित गरेपछि नियमित रूपमा शासन प्रक्रियामा प्रत्यक्ष हस्तक्षेप गर्न पाउँदैनन् ।

प्रतिनिधि कार्यकालभर जनताप्रति पूर्ण रूपमा उत्तरदायी नहुने, भ्रष्टाचारमा संलग्न हुने, जनताको आवाजप्रति बहिरो बन्ने वा राजनीतिक दलको मातहतमा मात्र सीमित हुने जस्ता आरोप प्रतिनिधिलाई लाग्ने गरेको देखिन्छ। यही खाडललाई पूर्ति गर्न र यस्ता विसङ्गतिलाई सम्बोधन गर्न प्रत्यक्ष लोकतन्त्रका विभिन्न विधिको विकास भएको पाइन्छ। यस्तै एक सशक्त, विवादास्पद तर अत्यन्त महत्त्वपूर्ण विधि हो 'राइट टु रिकल' अर्थात् जनताले आफ्ना निर्वाचित प्रतिनिधिलाई कार्यकालभन्दा अगावै फिर्ता बोलाउने अधिकार।

विधि शास्त्रीय दृष्टिले प्रत्याह्वान राइट टु रिकललाई प्रत्यक्ष लोकतन्त्रको अभिन्न अङ्गका रूपमा हेरिन्छ। यसको आधार चार प्रमुख सिद्धान्तमा टेकेको छ । पहिलो, सार्वभौमिकताको सिद्धान्तले शक्तिको स्रोत जनता हुन् भन्ने कुरा पुष्टि गर्छ। दोस्रो, उत्तरदायित्वको सिद्धान्तले प्रतिनिधि जनताप्रति जवाफदेही हुनुपर्ने मान्यतालाई संस्थागत रूप दिन्छ। तेस्रो, सहभागिताको सिद्धान्तले लोकतन्त्रलाई निरन्तर प्रक्रियाका रूपमा व्याख्या गर्दै जनताको सक्रिय संलग्नता सुनिश्चित गर्दछ।

चौथो, नियन्त्रण र सन्तुलनको सिद्धान्तले सत्ता र जनताबिच सन्तुलन कायम गर्न आवश्यक ठान्छ। यो अधिकारले लोकतन्त्रलाई केवल चार/पाँच वर्षमा हुने निर्वाचनमा मात्र सीमित नराखी निरन्तर, जीवन्त र सहभागितामूलक बनाउने मार्ग प्रदान गर्छ। यसले शासन प्रक्रियामा निरन्तर हस्तक्षेप गर्ने, आफ्ना प्रतिनिधिलाई लेखाजोखा गर्ने र आवश्यक परेमा उनीहरूलाई पदच्युत गर्ने अधिकार जनतालाई दिन्छ, जसले प्रतिनिधिलाई जवाफदेही बनाउन, शासनप्रणालीमा पारदर्शिता ल्याउन र भ्रष्टाचारमाथि प्रभावकारी अङ्कुश लगाउन मद्दत गर्छ।

राइट टु रिकलको ऐतिहासिक पृष्ठभूमि हेर्दा यसको जरा प्राचीन ग्रिसको प्रत्यक्ष लोकतन्त्रमा पुग्छ। जहाँ अस्ट्रासिज्म नामक प्रक्रियामार्फत नागरिकले आफूलाई अविश्वास गरेका, शक्तिको दुरुपयोग गरेका वा राज्यको हितविपरीत काम गरेका नेतालाई माटाका टुक्रामा नाम लेखी मतदान गरी निर्वासन गर्न सक्थे । आधुनिक युगमा भने यो अधिकार सबैभन्दा व्यापक र संस्थागत रूपमा अमेरिकाका केही राज्यमा लागु भएको देखिन्छ।

सन् १९०० को दशकको प्रारम्भमा प्रगतिशील आन्दोलनको मागका रूपमा उठेको यो अधिकारले क्यालिफोर्निया, ओरेगन, वासिङ्टन, मिसिगन, एरिजोनालगायत १९ भन्दा बढी राज्यमा कानुनी मान्यताप्राप्त गऱ्यो। सन् २००३ मा क्यालिफोर्नियाका तत्कालीन गभर्नर ग्रे डेभिसविरुद्ध सफल राइट टु रिकल प्रक्रिया सञ्चालन भई उनी पदमुक्त भएका थिए। उनको ठाउँमा अर्नोल्ड स्वार्जनेगर निर्वाचित भएका थिए। यो घटना आधुनिक लोकतान्त्रिक इतिहासको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा मानिन्छ। त्यस्तै भेनेजुएलाको संविधानमा राष्ट्रपति, उपराष्ट्रपति, राज्यपाल, मेयर र सांसदविरुद्ध पनि राइट टु रिकलको व्यवस्था गरिएको छ। सन् २००४ मा राष्ट्रपति ह्युगो चाभेजविरुद्ध राइट टु रिकल प्रक्रिया अगाडि बढाइएको थियो तर जनमतसङ्ग्रहमा असफल भएपछि उनी पदमा कायम रहेका थिए। प्रत्यक्ष लोकतन्त्रको जन्मस्थल मानिने स्विट्जरल्यान्डका केही क्यान्टनमा पनि स्थानीय तहमा राइट टु रिकलको व्यवस्था रहेको छ। क्यानडाका केही प्रान्तमा समेत यस्तै प्रावधान पाइन्छ।

प्रयोगको हिसाबले हेर्दा अध्यक्षात्मक शासनप्रणालीमा राइट टु रिकल बढी उपयोगी मानिन्छ। जनताले सिधै राष्ट्रपति वा स्थानीय प्रतिनिधिलाई हटाउन सक्छन् । जनताको प्रत्यक्ष नियन्त्रण बलियो हुन्छ। तसर्थ अध्यक्षात्मक प्रणालीमा राइट टु रिकल झन् उपयुक्त र प्रभावकारी हुन्छ । संसदीय शासनप्रणालीमा सरकार संसद्बाट बन्छ। सरकार संसद्प्रति उत्तरदायी हुन्छ। प्रधानमन्त्रीलाई हटाउन अविश्वास प्रस्ताव प्रयोग गर्न सकिन्छ। त्यसैले राइट टु रिकलको आवश्यकता कम महसुस हुन्छ । धेरै पद्धतिको प्रयोग भयो भने राजनीतिक अस्थिरता बढ्न सक्छ । संसदीय प्रणालीमा राइट टु रिकल कम आवश्यक र कम प्रयोग हुने हुन्छ। तसर्थ हाम्रो जस्तो संसदीय शासनप्रणालीमा राइट टु रिकलको व्यवस्था गर्नुभन्दा अगाडि बृहत् छलफलको आवश्यकता देखिन्छ।

राइट टु रिकलका सकारात्मक पक्ष पनि उल्लेखनीय छन्। यसले प्रतिनिधिमा जिम्मेवारी र सजगता बढाउँछ। भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँछ। नागरिक सशक्तीकरणलाई बलियो बनाउँछ। प्रतिनिधित्वको गुणस्तरमा सुधार ल्याउँछ। साथै यसले राजनीतिक दलको अत्यधिक नियन्त्रणलाई चुनौती दिँदै प्रतिनिधिलाई जनताप्रति बढी उत्तरदायी बनाउँछ तर यससँगै केही गम्भीर चुनौती पनि जोडिएका छन्। सबैभन्दा प्रमुख जोखिम राजनीतिक अस्थिरता हो। बारम्बार रिकल प्रक्रिया सुरु हुँदा सरकारको स्थायित्वमा असर पर्न सक्छ। दोस्रो, यसको दुरुपयोग हुने सम्भावना रहन्छ। राजनीतिक प्रतिस्पर्धा वा व्यक्तिगत स्वार्थका लागि प्रयोग हुन सक्छ। तेस्रो, आर्थिक र प्रशासनिक खर्च पनि उल्लेखनीय रूपमा बढ्न सक्छ। चौथो, मतदाताको अपरिपक्वता वा भावनात्मक निर्णयले गलत नतिजा ल्याउन सक्छ । पाँचौँ, स्पष्ट कानुनी संरचना नभएमा यसले झनै विवाद उत्पन्न गर्न सक्छ।

नेपालको सन्दर्भमा हेर्दा, हालसम्म राइट टु रिकलको राष्ट्रियस्तरमा कानुनी व्यवस्था छैन। नेपालमा राइट टु रिकलसम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि विविध पक्षमा तयारी आवश्यक हुन्छ। पहिलो, नागरिक शिक्षालाई सुदृढ गरी मतदातालाई सचेत र जिम्मेवार बनाइनु पर्छ। दोस्रो, स्पष्ट र व्यावहारिक कानुनी मापदण्ड तयार गरी रिकल प्रक्रिया पारदर्शी बनाइनु पर्छ । तेस्रो, हस्ताक्षर सङ्कलन र प्रमाणीकरणको विश्वसनीय प्रणाली विकास गरिनु पर्छ। चौथो, दुरुपयोग रोक्न कडा मापदण्ड र आवश्यक सुरक्षा संयन्त्र लागु गर्नु पर्छ। पाँचौँ, निर्वाचन गर्ने निकायलाई स्वतन्त्र, सक्षम र प्रविधिमैत्री बनाइनु पर्छ। छैटौँ, सूचनाको हक र सञ्चार स्वतन्त्रता सुनिश्चित गरी जनतालाई सही जानकारी उपलब्ध गराइनु पर्छ । सातौँ, राजनीतिक दललाई जिम्मेवार र पारदर्शी बनाउन आन्तरिक सुधार आवश्यक हुन्छ । आठौँ, स्थानीय तहमा परीक्षण (पाइलट) कार्यक्रम सञ्चालन गरी अनुभव सङ्कलन गरिनु पर्छ । नवौँ, व्यापक सार्वजनिक छलफल र सहमति निर्माण गरिनु पर्छ। अन्ततः यी सबै उपायको समन्वयबाट मात्र राइट टु रिकलको प्रभावकारी र सन्तुलित कार्यान्वयन सम्भव हुन्छ।

# मानव सभ्यताकै क्रूर दिन



रामप्रसाद आचार्य

इतिहासमा आजको दिन मानव सभ्यताकै क्रूर दिन हो। सन् १९४५ अगस्ट ६ तारिख आजकै दिन अमेरिकाले जापानको सुन्दर सहर हिरोसिमामा परमाणु बम प्रहार गर्दा क्षणभरमा निर्दोष एक लाख ४० हजार मानिसको जीवन खरानी भयो। दसौँ हजारौँ मानिस घाइते भए। हिरोसिमा सहर ध्वस्त भयो। विज्ञान वरदान होइन अभिशाप बन्यो। युरेनियमबाट बनाइएको परमाणु बमको नाम थियो– लिटिल ब्वाय।

सुन्दर र शान्त हिरोसिमा यसरी ध्वस्त होला र लाखौँ निर्दोष मानिस मारिएलान् भनी कसैले पनि सोचेका थिएनन्। त्यो बीभत्स आक्रमण जसले मानव सभ्यतालाई नै कलङ्कित बनाएको छ। अगस्ट ६ को बिहान हिरोसिमा सहरमा सधैँ झैँ सामान्य चहलपहल थियो। साना बालबालिका विद्यालय जाने तयारीमा थिए, कोही भर्खरै कक्षाकोठामा बस्दै थिए। मजदुर कलकारखानामा र कर्मचारी आआफ्नो कार्यथलोतिर लम्किरहेका थिए। बिहानको ठिक ८:१५ बजे आकाशमा एउटा अमेरिकी 'बी–२९' बमवर्षक विमान (एनोला गे) देखा पर्‍यो। विमानबाट 'लिटिल ब्वाय' नामको युरेनियम बम खसालियो। जमिनभन्दा केही सय मिटरमाथि नै त्यो बम विस्फोट भयो। एकै क्षणमा पूरै सहर ध्वस्त भयो। निलो आकाश बैजनी र गाढा रातो रङमा बदलियो। एउटा भयानक आँधी चल्यो, जसले कङ्क्रिटका गगनचुम्बी भवनलाई कागजको टुक्रा झैँ उडायो। धातु पग्लिएर पानी बने। मानिस जहाँ थिए, त्यहीँ बाफिए, पग्लिए र केवल ढुङ्गा वा भित्तामा उनीहरूको कालो छाया मात्र बाँकी रह्यो। एक लाख ४० हजारभन्दा बढी मानिस त विस्फोटको पहिलो सेकेन्डमै खरानी भए। हावामा बिलाए।

> आज विज्ञान र प्रविधिको चरम विकाससँगै बनाइएका परमाणु हतियारले मानव सभ्यता नै समाप्त पार्ने चुनौती दिएका छन्। विश्वशान्ति र सुरक्षा चरम सङ्कटमा छ। समग्र विश्वलाई परमाणु हतियारमुक्त नबनाउने हो भने कुनै पनि बेला परमाणु हतियारको दुरुपयोगबाटै समग्र विश्व र मानव सभ्यता नै समाप्त हुन सक्छ।

### 'फ्याट म्यान' को विस्फोट

यस्तै बीभत्स घटना त्यसको तीन दिनपछि अगस्ट ९ तारिखमा नागासाकीमा दोहोरियो। हिरोसिमा झैँ खरानी भयो नागासाकी पनि। अगस्ट ९ को बिहान ११:०२ बजे नागासाकीमाथि 'फ्याट म्यान' नामको प्लुटोनियम बम खसालियो। विनाशको प्रकृति उस्तै बीभत्स थियो। पहाडका खोचमा ठोक्किएर निस्किएको ताप र ऊर्जाले नागासाकीलाई तुरुन्तै एउटा बलिरहेको भट्टीमा परिणत गरिदियो। ८० हजारभन्दा बढी मानिसको श्वास एकै निमेषमा रोकियो। सुन्दर प्राकृतिक सहर क्षणभरमै खरानी भयो। चीत्कार, प्यास र बीभत्स दृश्य भयानक र कहालीलाग्दा थिए। विस्फोटबाट अङ्गभङ्ग भएका हजारौँ घाइतेको अवस्था मारिएकाको भन्दा पनि दयनीय र कष्टकर बन्यो। विस्फोटपछि आकाशबाट कालो रङको लेदो वर्षा भयो। यी दुई घटनासँगै जापान सरकारले अमेरिकासामु आत्मसमर्पण गर्‍यो। १० करोडभन्दा बढी मानिसको ज्यान लिएको पाँच वर्ष लामो दोस्रो विश्वयुद्ध अन्त्य भयो। महँगो साबित भएको दोस्रो विश्वयुद्धको अन्त्यसँगै जापानले युद्धको बाटो त्याग्यो। त्यसपछि जापान शान्ति, समृद्धि र मानव कल्याणको मार्गमा केन्द्रित भयो।

### 'हिबाकुसा' ले भोगेको पीडा

दोस्रो विश्वयुद्धले जापानलाई जीवनभरिको आँसु र पीडा दियो। जापानी भाषामा आणविक बमको संहारबाट बाँचेका मानिसलाई 'हिबाकुसा' भनिन्छ। यो बचाउ कुनै वरदान थिएन, एउटा अन्त्यहीन अभिशाप थियो। परमाणु बम त विस्फोट भएर गयो तर त्यसले छोडेर गएको विकिरणले लाखौँ मानिसलाई दशकौँसम्म भित्रभित्रै खियाइरह्यो। बाँचेका मानिसमा रक्त क्यान्सर, छालाको क्यान्सर र अनेकौँ मानसिक रोग देखा परे। कतिपय महिलाले अङ्गभङ्ग भएका र ओठ–तालु काटिएका शिशुलाई जन्म दिनु पर्‍यो। विकिरणको असर वंशानुगत रूपमा पुस्तौँसम्म सर्दै गयो। शारीरिक पीडा मात्र होइन, हिबाकुसाहरूले गहिरो सामाजिक विभेद पनि भोग्नु पर्‍यो। समाजमा उनीहरूसँग विवाह गर्न र उनीहरूलाई रोजगारी दिन डराउने वातावरण बन्यो किनभने उनीहरूबाट जन्मने बच्चा रोगी हुन्छन् भन्ने डर थियो। उनीहरूले युद्ध पनि भोगे, बम पनि भोगे र जीवनभर समाजको अपहेलना पनि भोगे।

यो महाविपत्तिपछि हार र निराशालाई शक्तिमा बदल्दै जापान खरानीको थुप्रोबाट पुनः उठ्यो। शान्तिको बाटो आत्मसात् गर्‍यो। कठोर मेहनतसँगै आज हिरोसिमा र नागासाकी आधुनिक, शान्त, सुन्दर र प्रविधिमैत्री सहरमा परिणत भएका छन्। जापानीहरूले आफ्नो अतीतलाई बिर्सेका छैनन्। विस्फोटको केन्द्रविन्दुमा रहेको एउटा भत्किएको भवनलाई 'आणविक बम गुम्बज' का रूपमा जस्ताको तस्तै राखिएको छ, जसले आउने पुस्तालाई युद्धको विभीषिका सम्झाइरहन्छ। हिरोसिमा र नागासाकीका शान्ति सङ्ग्रहालयहरूमा पुग्दा आज पनि मानिसका आँखा रसिला हुन्छन्। त्यहाँ राखिएका पग्लिएका टिफिन बक्स, बालबालिकाका जलेका लुगा र साइकलले युद्धको क्रूरताको सम्झना गराउँछ।



अन्तर्राष्ट्रिय गतिविधि

### शान्ति र अहिंसाको शङ्खनाद

जापानले बदलाको भावना राखेन, बरु विश्वलाई 'शान्ति र अहिंसा' को शङ्खनाद गर्‍यो। हिरोसिमाको पिस पार्कमा शान्ति दीप बलिरहेको छ। जापानीहरूले के प्रतिज्ञा गरेका छन् भने यो दीप तबसम्म बलिरहने छ जबसम्म संसारबाट अन्तिम आणविक हतियार नष्ट हुँदैन। हिरोसिमा र नागासाकीको घटना केवल जापानको इतिहास होइन, यो सम्पूर्ण मानव जातिको साझा पाठ हो। आज विश्वमा हजारौँको सङ्ख्यामा आणविक हतियार भण्डारण गरिएका छन्, जुन सन् १९४५ मा हिरोसिमा र नागासाकीमा खसालिएका परमाणु बमभन्दा हजारौँ गुणा बढी शक्तिशाली र विनाशकारी छन्। शक्ति राष्ट्रहरूबिचको अहंकार र हतियारको होडबाजीले आज पनि संसारलाई तेस्रो विश्वयुद्धको सँघारमा उभ्याएको छ। आज पुनः अर्को आणविक युद्ध भयो भने, त्यहाँ कसैले पनि जित्ने छैन, केवल मानव सभ्यताको अन्त्य हुने छ।

विज्ञानको विकास विनाशका लागि होइन, विकास र मानवताको कल्याणका लागि हुनु पर्छ। युद्धले कहिल्यै शान्ति ल्याउँदैन, यसले विपत्ति र विनाश मात्र गराउँछ। हिरोसिमा र नागासाकीको रोदनलाई मनन गर्दै विश्वका तमाम शक्ति राष्ट्रले आणविक हतियारको मोह त्याग्नु नै विश्वशान्तिका लागि सबैभन्दा ठुलो उपहार हुने छ। दोस्रो विश्वयुद्धको समयसम्म अमेरिकाले मात्र परमाणु हतियार बनाएको थियो। त्यसपछि तत्कालीन सोभियत सङ्घ, बेलायत, फ्रान्स, चीन, भारत, पाकिस्तान, उत्तर कोरिया र इजरायलले परमाणु हतियार बनाएर आणविक होडबाजी गरेका छन्।

### आणविक सम्झौता

यता केही दिनअघि अमेरिका र साउदी अरबबिच आणविक सम्झौता भएको छ। यो सम्झौताको आडमा साउदी अरबले भविष्यमा आणविक बम बनाउँछ कि भन्ने चिन्ता पश्चिम एसियामा बढेको छ। अहिलेका लागि भने साउदी अरबमा नागरिक वा गैरसैनिक प्रयोजनका लागि परमाणु ऊर्जा कार्यक्रम विकास गर्न गरिएको यो सम्झौता मात्र हो। गएको जुलाई २२ मा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासन र साउदी अरब सरकारबिच यस 'शान्तिपूर्ण परमाणु सहयोग सम्झौता' (१२३ सम्झौता) मा आधिकारिक रूपमा हस्ताक्षर भएको थियो। यो सम्झौता अनुसार तेलको धनी राष्ट्र साउदी अरबले आफ्नो देशभित्र बिजुली उत्पादनका लागि आणविक ऊर्जा केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ, जसले गर्दा तेल निर्यातका लागि थप इन्धन बचत हुने छ।

अमेरिकी आणविक प्रविधि विकासकर्ता कम्पनीहरूलाई साउदीको बहुअर्ब डलरको परमाणु बजारमा सोझै काम गर्ने र पूर्वाधार निर्माण गर्ने बाटो खोलेको छ। सम्झौताको पूर्ण विवरण गोप्य राखिए पनि साउदी अरबले भविष्यमा आफ्नै भूमिमा नागरिक रियाक्टरका लागि आवश्यक पर्ने युरेनियम संवर्धन गर्न सक्ने विकल्प खुला राखिएको छ। यद्यपि आणविक प्रविधिको दुरुपयोग रोक्न र यसलाई आणविक हतियारमा रूपान्तरण हुन नदिनका लागि मुख्य सम्झौतासँगै छुट्टै द्विपक्षीय सुरक्षा प्रोटोकलमा पनि हस्ताक्षर गरिएको छ। सम्झौता घोषणा भएको भोलिपल्टै अमेरिकाका राष्ट्रपति ट्रम्पले साउदी अरबले 'अब्राहम सम्झौता' मा सहभागी भई इजरायलसँग कूटनीतिक सम्बन्ध सामान्य बनाएमा मात्र यो आणविक सम्झौता पूर्ण रूपमा लागु हुने सर्त अगाडि सार्नुभएको छ। सुरक्षा विज्ञ तथा आलोचकहरूले यो सम्झौताले मध्यपूर्वमा नयाँ आणविक हतियारको प्रतिस्पर्धा सुरु गराउन सक्ने चिन्ता व्यक्त गरेका छन्।

साउदीको प्रतिद्वन्द्वी राष्ट्र इरानसँग परमाणु तनाव चलिरहेका बेला यो सम्झौता सार्वजनिक भएको हो। साउदी अरबका युवराज मोहम्मद बिन सलमानले यदि इरानले परमाणु बम बनाएमा साउदी अरबले पनि आफ्नो सुरक्षाका लागि परमाणु हतियार बनाउने चेतावनी यसअघि नै दिनुभएको छ। साउदी अरबसँग हाल कुनै पनि आणविक हतियार छैन। साउदी अरब आधिकारिक रूपमा एक गैरआणविक हतियार सम्पन्न राष्ट्र हो। साउदी अरबले सन् १९८८ मा परमाणु अप्रसार सन्धिमा हस्ताक्षर गरेको थियो। यस सन्धिको सदस्य राष्ट्र भएकाले साउदी अरब कानुनी रूपमा आणविक हतियार विकास वा खरिद नगर्न प्रतिबद्ध छ। रक्षा विज्ञहरूबिच लामो समयदेखि एउटा चर्चा के छ भने साउदी अरबले आणविक हतियार सम्पन्न मित्रराष्ट्र पाकिस्तानको परमाणु कार्यक्रममा ठुलो आर्थिक लगानी गरेको छ।

अतः आज विज्ञान र प्रविधिको चरम विकाससँगै बनाइएका परमाणु हतियारले मानव सभ्यता नै समाप्त पार्ने चुनौती दिएका छन्। विश्वशान्ति र सुरक्षा चरम सङ्कटमा छ। समग्र विश्वलाई परमाणु हतियारमुक्त नबनाउने हो भने कुनै पनि बेला परमाणु हतियारको दुरुपयोगबाटै समग्र विश्व र मानव सभ्यता नै समाप्त हुन सक्छ।

# सुरक्षित स्तनपान : स्वस्थ जीवन



डा. माधव अधिकारी

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्यसेवामा समान पहुँचको अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। संविधानले नागरिकको स्वास्थ्यलाई गुणस्तरीय बनाउन राज्यले स्वास्थ्यक्षेत्रमा लगानी अभिवृद्धि गर्ने, गुणस्तरीय, सहज र सुलभ स्वास्थ्यसेवामा समान पहुँच सुनिश्चित गर्ने तथा स्वस्थ जीवनमार्फत दिगो विकास हासिल गर्ने दायित्व पनि स्पष्ट रूपमा निर्धारण गरेको छ। यसै संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यसहित सोह्रौँ पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) ले मातृ तथा शिशु स्वास्थ्य सुधारलाई उच्च प्राथमिकतामा राखेको छ। योजनाले मातृ मृत्युदरलाई प्रतिलाख जीवित जन्ममा ८५ मा झार्ने, नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १३ मा सीमित गर्ने, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर २२ मा झार्ने, पुड्कोपन १७ प्रतिशतमा सीमित गर्ने, पूर्ण खोपको पहुँच ८५ प्रतिशत पुर्‍याउने, स्वास्थ्य बिमा विस्तार, स्वास्थ्य संस्थामा पहुँच वृद्धि तथा आधारभूत स्वास्थ्यसेवाको गुणस्तर सुधार गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य निर्धारण गरेको छ।

यी लक्ष्य हासिल गर्न सरकारले आधारभूत स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराउने, स्वास्थ्य बिमा प्रणालीलाई सुदृढ बनाउने, स्वास्थ्य प्रणालीलाई प्रविधिमैत्री र एकीकृत बनाउने, अनुसन्धानमा आधारित स्वास्थ्य व्यवस्थापन प्रणाली विकास गर्ने, औषधी तथा खोप उत्पादनमा आत्मनिर्भरता बढाउने, स्वास्थ्यक्षेत्रमा सुशासन कायम गर्ने तथा स्वास्थ्यमा सार्वजनिक लगानी अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरेको छ। यी सम्पूर्ण प्रयासको सफलताका लागि मातृ तथा शिशु स्वास्थ्य सुधार गर्ने सबैभन्दा प्रभावकारी, सुरक्षित, कम खर्चिलो र वैज्ञानिक रूपमा प्रमाणित उपायमध्ये स्तनपान प्रवर्धन एक हो। शिशुको जीवनको प्रारम्भिक चरणमा आमाको दुधले प्रदान गर्ने पोषण, रोग प्रतिरोधात्मक क्षमता र भावनात्मक सम्बन्धको विकल्प अन्य कुनै माध्यमले पूर्ण रूपमा पूर्ति गर्न सक्दैन।

### आमाका लागि लाभदायी

शिशुलाई आमाको दुध चुसाउनु नै स्तनपान हो। स्तनपानलाई मुख्यतः दुई भागमा वर्गीकरण गरिन्छ, प्रारम्भिक स्तनपान र पूर्ण स्तनपान। शिशु जन्मेको एक घण्टाभित्र आमाको दुध खुवाउन सुरु गर्नु प्रारम्भिक स्तनपान हो। यसले शिशुले दुध चुस्ने क्षमता विकास गर्नुका साथै शरीरमा ग्लुकोजको कमी हुनबाट जोगाउँछ। जन्मपछिका केही दिनसम्म आउने पहेँलो बिगौती दुधलाई शिशुको पहिलो प्राकृतिक खोपसमेत मानिन्छ। यसमा रोग प्रतिरोधात्मक तत्त्व प्रशस्त मात्रामा हुने भएकाले यसले नवजात शिशुलाई विभिन्न सङ्क्रमणबाट जोगाउन महत्त्वपूर्ण भूमिका खेल्छ।

त्यसै गरी शिशु जन्मेदेखि छ महिनासम्म आमाको दुधबाहेक अन्य कुनै खाना वा पानी नदिई आमाको दुध मात्र खुवाउनु पूर्ण स्तनपान हो। आमाको दुधमा शिशुलाई आवश्यक पर्ने पानी, ऊर्जा, प्रोटिन, भिटामिन, खनिज तथा रोग प्रतिरोधात्मक तत्त्व पर्याप्त मात्रामा हुने भएकाले यस अवधिमा अन्य कुनै खानेकुरा वा पानी आवश्यक पर्दैन। पूर्ण स्तनपानले शिशुको शारीरिक वृद्धि, मस्तिष्क विकास तथा रोग प्रतिरोधात्मक क्षमता सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। विश्व स्वास्थ्य सङ्गठन तथा संयुक्त राष्ट्र बाल कोषले जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गर्न, पहिलो छ महिनासम्म पूर्ण स्तनपान गराउन तथा छ महिनापछि पोसिलो पूरक आहार सुरु गरी कम्तीमा दुई वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिन सिफारिस गरेका छन्।

स्तनपानले शिशुमा झाडापखाला, निमोनिया, कुपोषण तथा अन्य सङ्क्रमणजन्य रोगको जोखिम कम गर्न, बाल मृत्युदर घटाउन, स्वस्थ तौल कायम राख्न तथा दीर्घकालीन रूपमा मधुमेह, मोटोपन र केही दीर्घरोगको जोखिम कम गर्न सहयोग गर्छ। साथै स्तनपान आमाका लागि पनि लाभदायी हुन्छ। यसले प्रसूतिपछिको अत्यधिक रक्तस्राव कम गर्न, गर्भाशयलाई छिटो सामान्य अवस्थामा फर्काउन, स्तन तथा डिम्बासयको क्यान्सरको जोखिम घटाउन र आमाशिशुबिचको भावनात्मक सम्बन्ध सुदृढ बनाउन मद्दत गर्छ । कृत्रिम दुध तथा अन्य विकल्पमा हुने खर्च बचत हुने भएकाले स्तनपानले परिवारको आर्थिक भारसमेत कम गर्छ।



सन्दर्भ : विश्व स्तनपान सप्ताह

- जीवनको पहिलो छ महिनासम्म शिशुलाई पूर्ण स्तनपान गराउनु पर्छ।
- स्तनपानले शिशुलाई विभिन्न सङ्क्रमण र दीर्घरोगबाट बचाउँछ।
- फिनल्यान्डले स्तनपान प्रवर्धन गर्न उत्कृष्ट पारिवारिक सहयोग गर्छ।
- नेपालले कार्यस्थल र स्वास्थ्य संस्थामा स्तनपानमैत्री वातावरण बनाउनु पर्छ।

### विश्व स्तनपान सप्ताह

हरेक वर्ष अगस्ट १ देखि ७ (नेपालमा साउन १६ देखि २२) सम्म विश्व स्तनपान सप्ताह मनाइन्छ। सन् १९९२ देखि सुरु भएको यो अभियान अहिले विश्वका १२० भन्दा बढी देशमा मनाइँदै आएको छ। विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ तथा अन्य अन्तर्राष्ट्रिय संस्थाले स्तनपानलाई सार्वजनिक स्वास्थ्य अभियानका रूपमा अघि बढाउँदै आएका छन्। सन् २०२६ को विश्व स्तनपान सप्ताहले कार्यस्थल, स्वास्थ्य संस्था र समुदायमा स्तनपानमैत्री वातावरण निर्माण गर्दै आमाहरूलाई निरन्तर सहयोग, संरक्षण तथा प्रोत्साहन उपलब्ध गराउने विषयलाई विशेष जोड दिएको छ। आमा र शिशु दुवैको स्वास्थ्य संरक्षणका लागि स्तनपानलाई प्राथमिकतामा राखी सबै सरोकारवालाबिच सहकार्य र साझेदारीलाई सुदृढ बनाउने सन्देश यस अभियानको मुख्य उद्देश्य रहेको छ।

नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले स्तनपानलाई कानुनी संरक्षण प्रदान गरेको छ। ऐन अनुसार महिलाले ९८ दिनसम्मको तलबी प्रसूति बिदा तथा चिकित्सकको सिफारिसमा आवश्यक परे एक वर्षसम्म बेतलबी बिदा लिन सक्ने व्यवस्था छ। त्यसै गरी सरकारी, गैरसरकारी तथा निजी संस्थाले कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा स्तनपान गराउन आवश्यक वातावरण मिलाउनुपर्ने व्यवस्था गरिएको छ। सार्वजनिक स्थल, अस्पताल, विद्यालय, बसपार्क, विमानस्थल तथा कार्यालयमा स्तनपान कक्ष स्थापना गर्ने विषय पनि क्रमशः नीतिगत बहस र कार्यान्वयनको चरणमा छ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार छ महिनासम्मका शिशुमा पूर्ण स्तनपानको दर ५६ प्रतिशत रहेको छ, जुन विगतको तुलनामा घट्दो प्रवृत्तिमा देखिन्छ। विगतका वर्षको तुलनामा स्वास्थ्यसेवा, संस्थागत सुत्केरी, खोप तथा मातृ स्वास्थ्यसेवामा उल्लेखनीय सुधार भए पनि पूर्ण स्तनपानको अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन। यसका प्रमुख कारणमा सहरीकरण, कामकाजी आमाका लागि पर्याप्त स्तनपानमैत्री वातावरणको अभाव, बजारमा उपलब्ध कृत्रिम दुधको बढ्दो प्रयोग, स्तनपानले शरीरको सौन्दर्य बिगार्छ भन्ने गलत धारणा, परिवार तथा कार्यस्थलबाट पर्याप्त सहयोग नपाउनु तथा स्तनपानसम्बन्धी सही जानकारीको कमी छन्।

### फिनल्यान्डबाट सिक्नुपर्ने पाठ

हाल म केही समयदेखि फिनल्यान्डमा पर्यटकका रूपमा बसिरहेको छु। यस अवधिमा यहाँको सामाजिक जीवन, सार्वजनिक सेवा तथा मातृशिशु स्वास्थ्यसँग सम्बन्धित व्यवस्थालाई नजिकबाट अवलोकन गर्ने अवसर प्राप्त भएको छ। विश्व स्तनपान सप्ताहको अवसरमा नेपालसँग तुलना गर्दै फिनल्यान्डमा स्तनपान प्रवर्धन र संरक्षणका लागि गरिएको व्यवस्थाको सङ्क्षिप्त चर्चा यहाँ सान्दर्भिक हुने छ। फिनल्यान्डलाई विश्वमै आमा र शिशुका लागि सबैभन्दा सुरक्षित, बालमैत्री तथा स्वास्थ्यमैत्री देशमध्ये एक मानिन्छ। यहाँ स्तनपानलाई केवल आमाको व्यक्तिगत जिम्मेवारीका रूपमा नहेरी, सार्वजनिक स्वास्थ्यको एक महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ। फिनिस सरकार, स्वास्थ्य निकाय र समाजले स्तनपानलाई प्रोत्साहन र सहयोग गर्न विभिन्न संरचनात्मक व्यवस्था गरेका छन् :

**नियमित परामर्श र सहयोग** : फिनल्यान्डको सार्वजनिक स्वास्थ्यसेवा प्रणाली अन्तर्गत 'नेउभोला' ले स्तनपानका लागि सबैभन्दा ठुलो भूमिका खेल्छ। गर्भावस्थादेखि नै आमालाई स्तनपानको महत्त्व, शैली र सम्भावित चुनौतीबारे अभिमुखीकरण दिइन्छ। शिशु जन्मिएपछि नर्स तथा स्वास्थ्यकर्मीले घरैमा आएर वा क्लिनिकमा स्तनपान गराउने सही तरिका र पोषणसम्बन्धी व्यावहारिक सल्लाह दिन्छन्।

**अस्पतालमै शिशुमैत्री वातावरण** : फिनल्यान्डका अधिकांश प्रसूति अस्पतालले विश्व स्वास्थ्य सङ्गठन र युनिसेफको शिशुमैत्री अस्पताल पहललाई पालना गर्छन्। शिशु जन्मिनेबित्तिकै आमा र बच्चाको छालाको स्पर्श गराइन्छ, जसले स्तनपानको सुरुवातलाई प्राकृतिक र सहज बनाउँछ। अस्पतालमा रहँदा आमा र बच्चालाई एउटै कोठामा राखिन्छ र आमालाई आत्मविश्वासका साथ स्तनपान गराउन परामर्शदाताले अस्पतालमै सहयोग गर्छन्।

**सुदृढ अभिभावकीय बिदा** : सामाजिक सुरक्षा एजेन्सीमार्फत उपलब्ध गराइने अभिभावकीय बिदाले आमालाई आर्थिक तनावबिनै बच्चालाई स्तनपान गराउन पर्याप्त समय दिन्छ। आमाहरूले बच्चा जन्मेपछि लामो समयसम्म तलबी बिदा पाउँछन्। यसले गर्दा पहिलो छ महिनासम्म पूर्ण स्तनपान गराउने र त्यसपछि ठोस खानासँगै स्तनपानलाई निरन्तरता दिने सरकारी लक्ष्य हासिल गर्न मद्दत पुग्छ।

**आधुनिक सुविधा** : फिनल्यान्डमा सार्वजनिक स्थानमा स्तनपान गराउनु पूर्ण रूपमा स्वाभाविक र सामाजिक रूपमा स्वीकृत विषय हो। पार्क, रेस्टुरेन्ट, सार्वजनिक यातायात वा पुस्तकालय जहाँसुकै आमाले बिना सङ्कोच स्तनपान गराउन सक्छन्। सपिङ मल, पुस्तकालय र सार्वजनिक भवनमा सफा र आरामदायी कोठाको व्यवस्था हुन्छ, जहाँ आमाले एकान्तमा स्तनपान गराउन, बच्चाको डायपर फेर्न वा खाना तताउन सक्छन्।

**अधिकार र लचिलोपन** : फिनल्यान्डको श्रम कानुन र कार्यसंस्कृतिले काममा फर्किएका आमालाई पनि सहयोग गर्छ। कामको समयमा स्तनपान गराउन वा दुध दुहुनका लागि आमाले आवश्यक विश्राम समय पाउने अधिकार सुरक्षित गरिएको छ। धेरै जसो रोजगारदाताले लचिलो कार्यसमय वा घरबाटै काम गर्ने सुविधा प्रदान गर्छन्। सफल स्तनपानका लागि केवल कानुन बनाउनु पर्याप्त हुँदैन, त्यसलाई सहयोग गर्ने स्वास्थ्य प्रणाली, सामाजिक स्वीकार्यता, कार्यस्थलको लचिलोपन तथा समुदायको सकारात्मक सोच समान रूपमा आवश्यक हुन्छ।

### नेपालको सिकाइ

फिनल्यान्डको अनुभवले देखाउँछ कि स्तनपान सफल बनाउन केवल कानुन निर्माण गरेर मात्र पुग्दैन। त्यसका लागि स्वास्थ्य प्रणाली, सामाजिक सोच, कार्यस्थल, परिवार र समुदाय सबैको समान भूमिका आवश्यक हुन्छ। नेपालले विशेष ध्यान पर्ने कुरा :

- प्रत्येक स्वास्थ्य संस्थालाई स्तनपानमैत्री बनाउने
- गर्भावस्थादेखि नै स्तनपानसम्बन्धी परामर्श सेवा विस्तार गर्ने
- सबै सरकारी तथा निजी कार्यस्थलमा स्तनपान कक्ष र आवश्यक सुविधा सुनिश्चित गर्ने
- ग्रामीण तथा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकामार्फत जनचेतना विस्तार गर्ने
- स्तनपानसम्बन्धी भ्रम र गलत धारणालाई वैज्ञानिक जानकारीमार्फत हटाउने
- परिवार र पुरुषलाई समेत स्तनपान प्रवर्धन अभियानमा सहभागी गराउने।

### निष्कर्ष

सुरक्षित स्तनपान शिशुको नैसर्गिक अधिकार हो। जीवनको पहिलो हजार दिनको उचित पोषणले बालबालिकाको चौतर्फी विकासमा दीर्घकालीन प्रभाव पार्ने भएकाले यो सम्पूर्ण समाजको साझा दायित्व हो। यसका लागि तिनै तहका सरकारले आपसी समन्वयमा जनचेतनामूलक कार्यक्रम प्रभावकारी बनाउनु पर्छ। फिनल्यान्डका उपयुक्त नीति तथा सुविधालाई नेपालको सन्दर्भमा अवलम्बन गर्न सकेमा मातृ तथा शिशु स्वास्थ्यमा गुणात्मक सुधार आउनुका साथै स्वस्थ र सक्षम नागरिक तयार गर्न महत्त्वपूर्ण योगदान पुग्ने छ।

# थागिबि सान फालिनो थाखाय नेफिनआ खालामबाय थयारि




बे बछरआव थागिबि सुबुंफरा गाछेन नेपालाव गुबुन-गुबुन हाबाफारि लानानै ३२ थि बुहुमनां थागिबि सुबुंफरनि सान फालिनो साखाफारा जादों। बे सानखै बछरफ्रम्बो ९ अगस्टआव मुलुगनाङैनो फालिनाय जायो, जायनि थांखिया थागिबि हारिफरनि मोन्थाय, राव, हारिमु आरो छिनायथिखौ रैखाथि होनाय आरो जौगाहोनाय अंगउ। देग्लायनि बछरआव काठमाण्डुआव मनछे गेदेद हान्जा सुरनाय, हारिमुवारि परेड, सावरायनाय आफाद आरो गाहाम हामब्लायथि हाबाफारि खुंनायनि साखा-फारा जानाय जादोङ। थागिबि सुबुंफरनि गुबुन-गुबुन फोछोंथान आरो हारिफरा दोरोङारि गाननाय-जमनाय, मोसानाय, मेथाइ, देंखो आरो हारिमुवारि दिन्थिफुंनायनि गेजेरजों बे सानखौ फालिगाछेन दोङ। नेपाल इन्डिजनियास थागिबि जर्नालिस्ट फेडेरसनआ ९ अगस्टनिफ्राय १२ अगस्टसिम काठमाण्डुआव थामथि इन्डिजिनियास राव जर्नालिजम कन्फरेन्सखौ खुंगाछेन दोङ। जेराव गाछेन ४० हादोरफरा बाहागो लानो फैनाय मिजिङ थिदों। बे जुथुम्मायाव थागिबि रावफरखौ संरैखा खालामनाय, डिजिटल फोनांजाब आरो जार्नालिजमनि छायाव सावरायनाय जागोन।

बे बछराव ३१ थि बुहुमनाङ थागिबि सुबुं सान नि गाहाय माहारियारि फोरबोखौ काठमाण्डुनि बसन्तपुर दरबार ओनछलाव हांखाइनो थाखाय थियारि खालामनाय जादोङ। बे हाबाफारिखौ आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, गुबुन-गुबुन थागिबि आफाद आरो हादोरनांआरि बाहागोदारिफोरनि हेफाजाबजङ खुंनाय जादङ।

हांखाइगिरिफरा बुंदोंदि बे बछरनि थागिबि फरबनि गुबै खौरांआ जाबाय हादोरारि आरो हादोरनांआरि मोननैबो थाखोआव सोफादेरनाय, थागिबि सुबुंफरनि मोन्थाय, बिमा राव संरैखानाय, हारिमुवारि रोखोमथाय आरो गाव थिरांथा लानायनि मोनथायखौ बांहोनाय।

हाबाफारिआव हादोरारि आरो हादोरनांआरि बाहागो लानायहाइ- गाछेन हादोरनि थागिबि थान्दैफर, गुबुन हादोरनि आलासिफर, आरो इउ.एन. आफादफरनि थान्दैफरखौ लाफानानै गाछेन सा ६०० सो बाहागो लागिरिफर बाहाग लाफैनाय जादङ। बे हाबाफारियाव दिन्थिफुङनो गनाङ गाहाय हाबाफारिफराव नैजिनिबो बाङसिन गुबुन-गुबुन हारि-माहारिनि झाँकी मोसानाय आरो हारिमुवारि दिन्थिफुङनायफर थानाय। बेजङ लगछे नेसनल इन्डिजिनियस एथनिक कन्फरेन्स सम्मेलनखौ मनछे बिशेष गस बहनो हानाय महरै दिन्थिनाय जादङ।

थांनाय बछरफरनिसलाय काठमाण्डुआव बे बछरनि थागिबि सुबुं सानखौ बाङसिन गाजा-गोमजायै फालिनो थाखाय थियारि खालामनाय जादङ। महासंघआ आफादजङ सोमोन्दो थानाय हारियारि फोछोङथानफरखौबाङ अङा गुबुन गुबुन राजखान्थि दोलफरजङ सोमोन्दो थानाय थागिबि आफादफरखौबो बाहाग लाहनो बिथांखि लादोङ।

# सान्खोसा हारि आरो नेपालनि थाखानाय आयेनफर



■ **रोश्नी मेचे**




नेपालनि संबिजिर आरो थाखानाय आयेनफरा सान्खोसा हारिनि रैखाथि, छिनायथि, बाहाग लानाय आरो गख्रङ खालामनाय राइजनि बिबान महरै गनायो। खिन्थु दासिमबो आयेनारि राहा आरो बेफरखौ बाहायनायाव माबरै मावफुंनाय जायो बेनि गेजेराव मनछे नजर होथावना फारागथि नुनो मोनो। नेपालाव संबिजिरनि ३०६ दफानि बादिब्ला सान्खोसा सुबं अनजिमाखौ हारि, रावारि आरो धरमारि हान्जा होननानै फरमायनाय जादों, जायफरनि सुबुं अनजिमाया जथाय आयेनजङ थि खालामजानाय जौखोन्दोनिख्रुइ खमसिन आरो लगछे जायफा हाफिरा गावबा गावनि आलादा छिनायथि दोङ आरो नासयनाय एबा नाखेबनायजङ मोगा-मोगि जानाङदङ।

नेपालनि संबिजिरनि प्रस्तावनाहायनो गबाङ-हारि, गबाङ रावआरि, गबाङ धरमारि आरो गबाङ हारिमुवारि समाजखौ छिनायथि होनानै मनछे समानुपातिक समावेशी आरो बाहाग लाग्रा राइजो खान्थि दानायनि रादाइ होयो। इसान संबिजिरनि दफा १८ आव समानथिनि मोनथाइ व्यवस्था दोङ। गाछेनबो नोगोरारिफरा आयेननि सिगाङाव समान दोङ। राइजोआ इयुन थानाय एबा सान्खोसा हारिफरखौ रैखाथि होनाय, गख्रङ खालामनाय एबा जौगानायनि थाखाय जरखा राहा खालामना होनो हागौ हन्नानै व्यवस्था दनदङ। संविजिदनि दफा ४२ आव समाजारि बिजिरनायनि मोनथायनि व्यवस्था सामदङ। सान्खोसा सुबुं अनजिमा, इयुन थानाय हान्जाफरनि नोगोरारिफरखौ समानुपातिक सिद्धान्तनि आधारआव बाहाग लानो हानायनि मोनथायखौ थि खालामनाय जादों। बे दफायानो राजखान्थियारि बाहाग लानायनि गुबै संविजिरारि आधार अंगउ।

हादोर गेजेरारि आयेना सान्खोसा हारि हारिनि बाहाग लानायनि थाखाय बिछरनि राजखान्थियारि मोनथायखौ थि खालामनो थाखाय रोखा रैखाथि आरो राहा खालामना होयो। मनछे हादर महरै नेपालआबो बे आयेनफराव हस्ताक्षर खालामदों। जैसा नोगोरारि आरो राजखान्थियारि मोनथायनि छायाव इउनायटेड नेसन्स इन्टारनेसनेल कनभेनमेन्टनि दफा २५ साफ्रोमबो नोगोरारिया भोट होनो हानाय, बिसायखोथि गेलेनो आरो राइजोआरि मासिफराव समानै खाबु मोननायनि मोनथाइ दोङ। गुबुन बेयो थिरांथा लानाय, राव, हारिमु आरो छिनायथिखौ रेखाथि होनाय आरो गनांथि जायोब्ला जरोखा थान्दैथि एबा मजाङ खामानि मावनाय बायदि राहाफरनि गेजेरजङ राजखान्थियारि बाहाग लानो थाखाय राइजोखौ थुलुङगा होयो। हादोरनांआरि आयेना गाछेनबो हादोरफरखौ पार्लियामेन्टाव मनछे कोटा दनथारनागौ एबा रिजर्भेसन होना थाखाय बाध्य खालामा।

खिन्थु जुदि बेबेबा मनछे हारिखौ जारिमिनारि महरै एरखोनाय जादङ एबा बाङाय थान्दैथि होनाय जादों, अब्ला हादरगेजेरारि सुबुं मोनथाइ आयेना बे खान्थिखौ मदद होयो दि बिछरनि गोहोम गनाङ। राजखान्थियारि बाहाग लानायखौ थि खालामनो थाखाय जरोखा आयेनारि आरो खान्थियारि राहा लानो हायो। हादोरनांआरि आयेनाफरा मानिनो बाध्यकारी अङाब्लाबो मनछे नैतिक जिम्मेवारी जायो।

नेपालनि आयेन आइनरिटि हारिफरखौ राइजआरि आफादफराव समानुपातिक बाहाग लानायनि मोनथाय, बिसायखथि खान्थिनि गेजेरजङ राजखान्थियारि बाहाग लानायनि खाबु आरो बिछरनि मोन्थायखौ रेखाथि होनो थाखाय संबिजिरारि आयगफरनि राहा खालामना होदों। खिन्थु जेबो संबिजिरारि खान्थि गैया जायनि थाखाय पार्लियामेन्ट एबा गुबुन सायखोजानाय आफादफराव मोनफ्रोमबो माइनरिटि हारिनि थाखाय आलादा-आलादा दिखांनाय मासिफरनि गनांथि दोङ। नेपालनि खान्थिनि गुबै बिथाया समानुपातिक समावेशी थान्दै अंगउ।

नेपालाव आयेनारि आरो संबिजिरारि बिथाया गख्रङ जाब्लाबो बेफरखौ मावफुंनाया आसा खालामनाय बादि जाफुसार जानो हायाखै। जरखायै, आइनोरिटि हारिफरनि राजखान्थियारि थान्दैथि, थिरांथा लानाय बिखान्थियाव ओंथिगनाङ बाहाग लानाय आरो राइजआरि आफादफराव समानुपातिक समावेशीकरणआव दासिमबो चुनौती दोङ।

हुम्लाका विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सम्बन्धित बहुपक्षीय सहभागिता रहने गरी भेला आयोजना सुरु गरिएको छ । विद्यालयले गरेका असल अभ्यासबारे जानकारी तथा समस्या समाधानको पहिचानका लागि पहिलो पटक सर्केगाड गाउँपालिकाको लालीगुराँस माविले विद्यालयमा बहुपक्षीय भेला आयोजना गरेको हो । अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, शिक्षक र अन्य सहयोगी निकायको उपस्थितिमा छलफल गरिएको भेलामा विद्यालय शैक्षिक सुधारका लागि आएका सुझावलाई कार्यान्वयन गरिने बताइएको छ ।

करिब डेढ सय जनाको उपस्थितिमा गरिएको बहुपक्षीय भेलामा सबै पक्षले आआफ्ना तर्फबाट शैक्षिक सुधारका लागि विद्यालयमा गर्न सकिने सहयोगको प्रतिबद्धता जनाएका थिए । खार्पुनाथ गाउँपालिका–५ का वडाध्यक्ष एवं मान्धारा मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भरतजङ्ग शाहीले विद्यालयमा शैक्षिक मात्र नभएर अन्य पक्षको सुधारका लागि पनि यस्तो बहुपक्षीय बैठक सहयोगी बनेको बताउनुभयो । विद्यालयका लागि सरोकारवाला पक्षको सहभागिता रहने गरी संयुक्त भेला गर्नु सराहनीय पक्ष रहेको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ ।

# स्वास्थ्यसेवामा पहुँच बढ्दै

**शारदा समाचारदाता**
*शारदा (सल्यान), साउन २० गते*

जिल्ला अस्पताल सल्यानमा सेवा लिने बिरामीको सङ्ख्या बर्सेनि बढ्दै गएको छ । पछिल्लो तीन आर्थिक वर्षमा मात्रै ९३ हजारभन्दा बढी सेवाग्राहीले अस्पतालबाट विभिन्न स्वास्थ्यसेवा लिएका छन् । अस्पतालप्रतिको विश्वास र पहुँच बढ्दै गएको देखिए पनि स्थायी परिवार नियोजन सेवा रोज्नेको सङ्ख्या भने न्यून रहेको छ । अस्पतालको तीन आवको तुलनात्मक प्रतिवेदन अनुसार आव २०८०/८१ मा २९ हजार १०५, आव २०८१/८२ मा २९ हजार ४९ जना र आव २०८२/८३ मा ३५ हजार ३३६ जना गरी तीन वर्षमा ९३ हजार ४९० जनाले सेवा लिएका छन् । पछिल्लो आवमा मात्रै २४ हजार ८०२ जना नयाँ सेवाग्राही रहेका छन् ।

परिवार नियोजन सेवातर्फ भने अधिकांशले अस्थायी साधन रोज्ने गरेको देखिएको छ । स्थायी परिवार नियोजन गराउने भने न्यून छन् । स्वास्थ्यसेवा कार्यालयका सूचना अधिकारी प्रतीक भट्टका अनुसार आव २०८०/८१ मा छ जना, आव २०८१/८२ मा १० जना र आव २०८२/८३ मा सात जनाले मात्रै स्थायी बन्ध्याकरण सेवा लिएका छन् । अस्पतालमा प्रयोगशाला तथा रेडियोलोजी, मानसिक स्वास्थ्य, आकस्मिक उपचारसेवा लिने बिरामीको सङ्ख्या भने बढेको छ ।

# सुविधासम्पन्न बर्थिङ सेन्टर

**खलङ्गा समाचारदाता**
*जाजरकोट, साउन २० गते*

जाजरकोटका दुर्गम गाउँबस्तीमा सुविधासम्पन्न बर्थिङ सेन्टर भवन निर्माण भएपछि गर्भवती महिलालाई सहज भएको छ । दुर्गमका स्थानीय तहमा केयर नेपालको सहयोगमा सुविधासम्पन्न बर्थिङ सेन्टर निर्माण गरिएका छन् ।

कुसे गाउँपालिकाका उपाध्यक्ष देविकासिंह रोकायले गाउँबस्तीमा सुविधासम्पन्न बर्थिङ सेन्टर निर्माणले गर्भवती महिलालाई सहज भएको बताउनुभयो । उहाँले बर्थिङ सेन्टर सञ्चालन भएका स्वास्थ्य संस्थामा भवनको अभाव पूरा गर्न केयर नेपालको सहयोगमा आवाससहित बर्थिङ सेन्टर भवन निर्माण भएको बताउनुभयो ।

उहाँका अनुसार दुर्गम गाउँबस्तीमा महिलालाई सुत्केरी बेथा लागेपछि सर्वसाधारणले डोको र स्ट्रेचरमा बोकेर सुविधासम्पन्न स्वास्थ्य संस्थामा लैजानु पर्थ्यो । गाउँमा सुविधासम्पन्न बर्थिङ सेन्टर निर्माण भएपछि महिलाले नियमित रूपमा गर्भजाँच गराउने पनि गरेका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख कालीबहादुर खत्रीले गाउँबस्ती भौतिक संरचनाका साथै आवश्यक जनशक्तिसहित उपकरणको व्यवस्थापनमा पनि स्थानीय सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।

प्रसूति सेवा सञ्चालनमा आएपछि स्वास्थ्य संस्थामा प्रसूति हुनेको सङ्ख्या पनि बढेको रामीडाँडा स्वास्थ्य संस्थाका विष्णु ज्योति बताउनुहुन्छ ।

पहाडी क्षेत्र विकास अभियान अन्तर्गत केयर नेपालले कुसे गाउँपालिका, बारेकोट गाउँपालिका, नलगाड नगरपालिकामा १० वटा प्रसूति केन्द्र भवन, तीन वटा नर्सिङ आवास, १३ वटा किशोरकिशोरीमैत्री शौचालय निर्माण गरिएको छ ।

# जलाधार संरक्षण प्राथमिकतामा

**रजनी योगी**
*सुर्खेत, साउन २० गते*

- गुरुयोजनामा बाढीपहिरो, विपत् व्यवस्थापन, नदी खोलाको सीमाङ्कन, पानीको मुहान संरक्षण र पहिचानका कार्य समावेश
- उक्त कार्ययोजना कार्यान्वयनका लागि यस वर्ष २७ करोड १५ लाख रुपियाँ बजेट विनियोजन

जल संरक्षण गर्ने प्रदेश सरकारको नीति अनुरूप सरकारले जलाधार संरक्षण योजनालाई प्राथमिकतामा राखेको छ । प्रदेशका विभिन्न जिल्लामा सम्भावित स्थान छनोट गरेर जलाधार संरक्षणको योजना बनाइएको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर जलाधार संरक्षणको योजना ल्याएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सूचना अधिकारी महेश नेपालीका अनुसार यस वर्ष सम्भावित क्षेत्रको पहिचान गरी गुरुयोजना निर्माणको काम अघि बढेको छ । यस वर्ष योजना कार्यान्वयनका लागि २७ करोड १५ लाख बजेट विनियोजन गरिएको छ । मन्त्रालयमातहतका कार्यालयबाट कार्यान्वयन गर्ने गरी उक्त योजना बनाइएको छ ।

जलाधार दिगो विकासका लागि एकीकृत जलाधार व्यवस्थापन पद्धति अनुरूप भूक्षय नियन्त्रण, जमिनको उत्पादकत्व वृद्धि र पानीका स्रोतको दिगो व्यवस्थापनका लागि प्राकृतिक जल पुनर्भरण पोखरीमार्फत बहुआयामिक उपयोग, वातावरण संरक्षण पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतालाई बढावा दिने गरी कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो ।

पछिल्लो समय धमाधम निर्माण भइरहेका सडक पूर्वाधारले पानीका मुहान सुक्ने तथा वातावरण प्रदूषण बढेकाले सरकारले जलाधार व्यवस्थापनको नीति अवलम्बन गरेको हो । सोही अनुरूप बजेट विनियोजन गरेर कतिपय जिल्लामा गुरुयोजना निर्माणको कामसमेत अघि बढाइएको उहाँले बताउनुभयो ।

यस्तै उपत्यकाको उत्तरी जलाधार क्षेत्रको संरक्षणका लागि गुरुयोजना बनाइएको छ । वीरेन्द्रनगरमा दिगो रूपमा पानीको सुरक्षा र भू जोखिम न्यूनीकरणका लागि उत्तरी जलाधार क्षेत्रको संरक्षण गर्न गुरुयोजना निर्माण गरिएको हो ।

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा समेटेर गुरुयोजना निर्माणको योजना ल्याएको थियो । सोही अनुसार गुरुयोजना निर्माणको काम अघि बढेको हो । वीरेन्द्रनगरको माथिल्लो तटीय क्षेत्रमा रहेका पानीको स्रोत संरक्षण गर्दै तल्लो क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गर्ने जनाइएको छ ।

गुरुयोजना निर्माणको काम भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतले गरेको हो । कार्यालयले वीरेन्द्रनगर नगरपालिका–१, ४, ५, ७ र १२ माथिल्लो भागलाई समेटेर गुरुयोजना निर्माण गरेको छ । वीरेन्द्रनगर उपत्यकामा आउने पानीको मुख्य स्रोत उत्तरी क्षेत्रमा रहेका नेवारेखोला, खोर्केखोला, झुप्राखोला, खरीखोला, बोरीखोला र इत्रामखोला, आँपडाँडीखोला, सोलीघोप्टेलगायत छन् । यिनै खोलाको मुहान क्षेत्रको एकीकृत योजना तयार पारिएको छ । पानीका स्रोतको संरक्षण, परिचान र व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर योजना निर्माण गरिएको हो ।

जलाधार क्षेत्रको संरक्षणका लागि प्रदेश सरकारले आवश्यक कार्यक्रम बनाएर कार्यान्वयन गर्दै छ । आव २०८२/८३ बाट गुरुयोजनाले औँल्याएका क्षेत्रमा कार्यक्रम कार्यान्वयन गरिने जनाइएको छ । गुरुयोजनामा विशेष गरेर माथिल्लो तटीय क्षेत्रको संरक्षणमा जोड दिइएको छ । पानीका स्रोत भएको क्षेत्रको संरक्षण र तल्लो क्षेत्रमा परिचालनका लागि योजना बनाइएको छ ।

यसै गरी माथिल्लो क्षेत्रमा हुने बाढीपहिरो तथा तल्लो क्षेत्रमा हुने डुबानबाट जोगाउने योजना पनि गुरुयोजनामा समेटिएको छ । बाढीपहिरो, विपत् व्यवस्थापन, नदी खोलाको सीमाङ्कन गर्न र पानीका मुहानको पहिचान गर्नका लागि जलाधार संरक्षण योजना बनाइएको हो । यस वर्ष पनि गुरुयोजना अनुरूप काम गरिने भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख शिखर चपाईंले बताउनुभयो ।

# विकासनिर्माण र सेवा प्रवाहमा सहकार्य

**दैलेख समाचारदाता**
*दैलेख, साउन २० गते*

दैलेखका ११ स्थानीय तहले समन्वय र सहकार्यलाई संस्थागत गर्ने सहमति गरेका छन् । सङ्घ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने विकासनिर्माण, सेवा प्रवाह, विपत् व्यवस्थापन तथा साझा सरोकारका विषयमा देखिएका समस्या समाधान गर्न यस्तो सहमति गरिएको हो ।

दुल्लु नगरपालिकाको आयोजनामा सम्पन्न जिल्ला, सङ्घ, प्रदेश तथा स्थानीय तह 'संयुक्त चक्रीय समन्वय बैठक' ले अन्तरसरकारी सम्बन्धलाई प्रभावकारी बनाउन समझदारीपत्र स्वीकृत गर्दै नियमित संयुक्त समन्वय बैठक सञ्चालन गर्ने निर्णय गरेको हो । केन्द्रबाट प्रवाह हुने सेवाबारे सम्बन्धित निकायले स्थानीय तहलाई नियमित जानकारी गराउने व्यवस्थाका सम्बन्धमा पनि निर्णय गरिएको छ ।

बैठकले संयुक्त चक्रीय समन्वय बैठकको अवधारणा तथा समझदारीपत्र स्वीकृत गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गरेर कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । जिल्ला सदरमुकामस्थित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमार्फत सुरक्षा, कानुनी सहायता, स्वास्थ्य उपचार तथा पुनर्स्थापना सेवा उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाइने छ । बैठकमा विकास आयोजना कार्यान्वयन, विपत् व्यवस्थापन, नदीजन्य पदार्थको व्यवस्थापन, अन्तरपालिका समन्वय तथा स्थानीय तहका असल अभ्यासका विषयमा छलफल भएको थियो । एउटै योजनामा सङ्घ, प्रदेश र स्थानीय तहको लगानी हुँदा समन्वय अभावका कारण काममा ढिलाइ, योजनाको दोहोरोपन तथा स्रोतसाधनको प्रभावकारी उपयोग हुन नसकेका विषयमा सहभागीले धारणा राख्दै यस्ता समस्या समाधानका लागि नियमित समन्वय संयन्त्र आवश्यक रहेको निष्कर्ष निकालिएको छ । यस्तो प्रकारको बैठक जिल्लामा पहिलो पटक आयोजना गरिएको हो ।

नारायण नगरपालिकाका प्रमुख लोमन शर्माले आगामी बैठकमा प्रत्येक स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रम, विकासका प्राथमिकता, कार्यान्वयनका चुनौती तथा समाधानका प्रस्तावसहित सहभागी हुनुपर्ने बताउनुभयो । साझा सरोकारका विषयलाई केन्द्रमा राखेर निर्णय गर्न सके समन्वय बैठक अझ प्रभावकारी हुने बैठकको निष्कर्ष थियो । प्रमुख जिल्ला अधिकारी आनन्द सारुले नदीजन्य पदार्थको अवैध दोहन रोक्न स्थानीय तहलाई परिपत्र गरिए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो ।


## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३।०४।२१**

यस पोखरा नर्सिङ क्याम्पस पोखराको मिति २०८३।०३।१३ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार छात्रावासमा मेस सञ्चालन गर्नको लागि माग गरिएको सिलबन्दी बोलपत्रहरू मिति २०८३।०४।१२ गते खोली मूल्याङ्कन गरी हेर्दा डि.जि.फ्राइडे रेष्टुरेन्ट पोखरा १० ले पेश गरेको वोलपत्र प्रस्ताव सवैभन्दा न्यून र सारभूत रुपमा प्रभावग्राही भएको पाइएकाले उक्त वोलपत्र प्रस्ताव स्वीकृत गरी आशय पत्र माग गर्ने निर्णय गरिएकाले सम्बन्धित सरोकार वालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रा. नीता ताम्राकार,**
**क्याम्पस प्रमुख, पोखरा नर्सिङ क्याम्पस**

## नेपाल विद्युत प्राधिकरण
**केरौन १३२/३३ के.भी.सबस्टेशन आयोजना**

नेपाल विद्युत प्राधिकरण, केरौन १३२/३३ के.भी. सबस्टेशन आयोजना द्वारा मिति २०८३/०४/२३ शनिवार केरौन सबस्टेशनको केही यन्त्रहरु परीक्षण तथा सबस्टेशन संचालन गर्न दुहबी ग्रिड महाशाखा अन्तर्गत दुहबी-दमक १३२ के.भी.प्रशारण लाइनको केरौन स्थित टावर ६८ तथा ६९ को बिचमा डेड इन्ड टावर जडान कार्य हुने भएकोले कोशी प्रादेशिक कार्यालय, अन्तर्गतका विभिन्न जिल्लाहरु तथा जिल्लाका केही भागहरुमा तपशिल बमोजिमको मिति,समय तथा क्षेत्रहरुमा विद्युत आपूर्ति बन्द हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ |

**विद्युत आपूर्ति बन्द हुने समय तथा स्थानहरू:**

| क्र.स. | मिति | अबरुद्ध हुने प्रशारण लाइन | बिद्युत आपूर्ति बन्द हुने स्थानहरु | समय |
|---|---|---|---|---|
| १ | २०८३/०४/२३ | दुहबी-दमक १३२ के.भी.प्रशारण लाइन | झापा, ईलाम ,पाँचथर,ताप्लेजुङ जिल्लाहरुको सम्पूर्ण भागहरू तथा मोरङ जिल्लाको उर्लाबारी, पथरी आसपासका क्षेत्रहरू | बिहान ४:०० बजे देखि दिउँसो ४:०० बजे सम्म |

थप जानकारी का लागि ने.वि.प्रा.को वेबसाइट www.nea.org.np मा हेर्न वा ने.बि.प्रा.को हट लाइन नम्बर ११५० को एक्सटेन्शन न.१ मा डायल गरि बुझ्न सकिन्छ । यसबाट पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थि छ | कार्य सम्पन्न भएमा समय अगावै विद्युत सेवा सुचारु हुनेछ | विद्युत आपूर्ति बन्द भई ग्राहक वर्गमा पर्न गएको असुविधा प्रति ने.वि.प्रा. क्षमाप्रार्थि छ |

## लहान नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
लहान, सिराहा, मधेश प्रदेश, नेपाल

**सार्वजनिक पोखरी ठेक्का सम्बन्धी टेण्डर(प्रस्ताब)हरु स्वीकृत गर्ने आशयको सूचना ।**

(सूचना प्रकाशित मितिः-२०८३/०४/२१)

यस कार्यालयबाट आ.व. २०८३/०८४ को भाद्र महिना देखि २०८५/०८६ को श्रावण मसान्तसम्मका (जम्मा तीन वर्षका) लागि आन्तरिक आय तर्फको सार्वजनिक पोखरीहरुको ठेक्का व्यवस्थापन कार्यार्थ मिति २०८३/०४/०७ गते प्रथम पटक प्रकाशित सार्वजनिक पोखरी ठेक्का सम्बन्धी शिलबन्दी टेण्डर आमन्त्रण सम्बन्धमा मिति २०८३/०४/२० को यस कार्यालयको निर्णय वमोजिम देहाय वमोजिमको टेण्डर (प्रस्ताब )हरु "अधिकतम मूल्यांङ्कित सारभूत रूपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनोट भएकाले सो सम्बन्धमा कुनै टेण्डरदाता (प्रस्तावदाता) लाई चित्त नबुझेमा ७ (सात) दिनभित्र पुनरावलोकनका लागि आवेदन दिनुहुन सम्बन्धित सबै टेण्डरदाताहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः-**

| ठेक्काको नाम र स्थान | ठेक्का अवधि | टेण्डरदाताको नाम र ठेगाना सबै भन्दा अधिकतम अंक रकम कबोल गर्ने टेण्डरदाताको नाम र ठेगाना | सबै भन्दा अधिकतम कबोल कबुल अंक (मू.अ.कर, आय कर र दुर्गा पूजा चन्दा समेत) रकम रु. |
|---|---|---|---|
| ०४. मंगल पोखरी, लहान-२ | २०८३ भाद्र महिना देखि २०८६ श्रावण मसान्तसम्म | कृष्णा कुमार सिंह, लहान-३, | रु.३,३०,०००।- |
| २०. कुली चौधरी घर देखी पश्चिमको पोखरी, लहान-१८ | | राम लखन चौधरी, लहान-१ | रु.३,००,५६५।- |
| २३. ऐलानी डबरा पोखरी, लहान-२० | | सेल देवी सदाय, लहान-२० हरिनगरा | रु.१,४४,०००।- |
| २८. बुधनगरा पोखरी, लहान-२१ | | किसुन सहनी, लहान-२३ | रु.४,००,५००।- |
| ३२. कल्यान दह बेली बाँध, लहान-२२ | | देव कुमार मुखिया, लहान-२२ | रु.२,७९,५०५।- |
| ३७. पुरानो पोखरी (सिसवनी), लहान-२२ | | विजय कुमार चौधरी, लहान-२० | रु.८५,५५५।- |
| ४१.सर्वजित पोखरी, लहान-२३ | | सावित्री देवी सहनी, लहान-२३ | रु.३,११,१११।- |
| ४२.दर्शनिया पोखरी, लहान-२३ | | सावित्री देवी सहनी, लहान-२३ | रु.५१,१५१।- |
| ४४.हिताई पोखरी, लहान-२३ | | सिताराम सहनी, लहान-२३ | रु.२,८१,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

## लुम्बिनी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल**

**Implants हरूको बजार दररेट उपलब्ध गराउने सम्बन्धी सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/२१**

यस अस्पतालको हाडजोर्नी विभाग अन्तर्गत तथा सोही प्रकृतिको अप्रेशनमा प्रयोग हुने Implants र सो संग सम्बन्धित सामानहरु खरिदको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र खरिद नियमावली २०६४ को नियम ११ को उपनियम २ को ख र ग अनुसार अनुमानित लागत अनुमान तयार गर्ने क्रममा रहेको र सो को लागि उल्लेखित सामानको प्रचलित बजार दररेट यकिनको लागि सो सामाग्रीहरु कारोबार गर्ने र सप्लाई गर्न ईच्छुक फर्म वा सप्लायर्सहरुलाइ ७ दिन भित्र दररेट उपलब्ध गराई सहयोगको लागी सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरिएको छ । Implants र सो संग सम्बन्धीत सामानहरूको विस्तृत विवरण यस अस्पतालको वेबसाइट : www.lphospital.lumbini.gov.np बाट डाउनलोड गर्नहुन अनुरोध छ ।

**प्रमुख मेडिकल सुपरिटेण्डेन्ट**

## बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दिया
**काठ, दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०८३/०४/२१**

यस बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दियाको कार्य क्षेत्र अन्तर्गत कोहलपुर–सुर्खेत–दैलेख १३२ के.भी. प्रसारण लाइन आयोजनाको राइट अफ वेमा भोगाधिकारभित्र परेका रूखहरू उक्त आयोजनाबाट कटान मुछान भई यस बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयलाई हस्तान्तरण भएको उत्पादित श्रीकृष्ण मध्यवर्ती सामुदायिक वन, बैजनाथ, गा.पा. वडा नं. १ चिसापानी बाँकेको वन परिसरमा घाटगद्दी गरी राखिएको विभिन्न प्रजातिका रूखहरूबाट उत्पादित गिण्डा थान २०३० को काठ १७८९८.८१ क्यु. फिट तथा साल र अन्य जातको ७९.५ चट्टा दाउरा तथा निकुञ्जको चेपाङ रेन्जपोस्टको परिसरमा घाटगद्दी गरी राखिएको विभिन्न प्रजातिका रूखहरूबाट उत्पादित गिण्डा थान १२६२ को ५९४१.२९ क्यु.फि. काठ तथा साल र अन्य जातको ५२ चट्टा दाउरा जे–जस्तो अवस्थामा छ, आफ्नै खर्चमा उठाई लैजानका लागि यो लिलाम बिक्रीको सूचना प्रकाशन गरिएको छ । रीतपूर्वकको स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई अद्यावधिक भएको उद्योगले सूचना प्रकाशित भएको मितिले २१औं दिनभित्र कार्यालय समयमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दिया बोलपत्र खरिद गरी २२औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दियामा दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत सूचनाका लागि बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा बर्दियाको सूचना पाटी तथा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको वेबसाइट www.bardianationalpark.gov.np मा हेर्न सकिनेछ ।

## लुम्बिनी प्रदेश सरकार
**शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बर्दिया ।**

**ठेक्का अन्त्य गरिएको तथा फरफारक सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८३।०४।२१**

**निर्माण व्यवसायीको नाम : श्रीगाल्वा/मसुद/सारस जे.भी., कमलामाई–६, सिन्धुली**

यस कार्यालयबाट सञ्चालित ठेक्का नं. MIP/Githenala/NCB/074-75 (Construction of Headworks, Canal Lining and Canal Structures) कार्यका लागि पटक पटक म्याद थप भई सम्झौता बमोजिम निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause 57 को प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ र ठेक्का सम्झौताको GCC Clause 59 को प्रावधान बमोजिम मिति २०८३/०४/११ को निर्णयानुसार एक वर्षका लागि कालो सूचीमा राखिसकिएको छ । हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तीय फरफारक गर्न यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुन समेत अनुरोध गरिन्छ । निर्माण व्यवसायी वा निजको अधिकृत प्रतिनिधि उपस्थित नभएमा कार्यालयका प्राविधिक प्रतिनिधिबाट नापजाँच तथा मूल्याङ्कन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेतर्फ कारबाही गर्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कार्यालय प्रमुख**

## श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

**प्रकाशित मिति : २०८३।०४।२१** **मुद्दा फाँट–२, मुद्दा नं. ०८२–DR–०१२०**

वादी **सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड** प्रतिवादी तपाईंहरू तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०५।१३ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०९।२९ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनु वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला । सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैं वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंहरूको कुनै उजुर लाग्ने छैन ।

**तपसिल**

श्री मन बहादुर गोले/श्रीमती फूल माया गोलेको नाति, श्री तिलक बहादुर गोले/श्रीमती फुल माया गोलेको छोरा, श्रीमती सरिता घलान गोलेको पति, नारायणी अञ्चल, मकवानपुर जिल्ला, काँकडा गा.वि.स. वडा नं. २ परिवर्तित बागमती प्रदेश, मकवानपुर जिल्ला, राक्सिराङ गाउँपालिका वडा नं. ८, स्थायी ठेगाना भई हाल बागमती प्रदेश, चितवन जिल्ला, राप्ती नगरपालिका वडा नं. ०२ बस्ने वर्ष ३८ को ऋणी **मदन कुमार गोले** (ना.प्र.प.नं. ३११०१६/४४५८७, जारी मिति २०६४/०४/२७, प्रथम प्रतिलिपि मिति २०६९/०९/२३, श्री जि.प्र.का. मकवानपुर) (सम्पर्क नं. ९८०७१७६६६७)...............................................१

श्री तिलक बहादुर गोले/श्रीमती फुल माया गोलेकी बुहारी, श्री मन बहादुर घलान/श्रीमती हिरा माया घलानकी छोरी, श्री मदन कुमार गोलेकी पत्नी, नारायणी अञ्चल, मकवानपुर जिल्ला, काँकडा गा.वि.स. वडा नं. २ परिवर्तित बागमती प्रदेश, मकवानपुर जिल्ला, राक्सिराङ गाउँपालिका वडा नं. ८, स्थायी ठेगाना भई हाल बागमती प्रदेश, चितवन जिल्ला, राप्ती नगरपालिका वडा नं. ०२ बस्ने वर्ष ३६ को ऋणी **सरिता घलान गोले** (ना.प्र.प.नं. ४०/२६९९२, प्रतिलिपि मिति २०७०/०२/२९, जारी मिति २०६२/०६/१४, श्री जि.प्र.का. मकवानपुर) (सम्पर्क नं. ९८४०९२२८२४)...............................................१

श्री मन बहादुर गोले/श्रीमती फूल माया गोलेको नाति, श्री तिलक बहादुर गोले/श्रीमती फुल माया गोलेको छोरा मकवानपुर जिल्ला, काँकडा गा.वि.स.–०२, परिवर्तित बागमती प्रदेश, मकवानपुर जिल्ला, राक्सिराङ गाउँपालिका वडा नं. ८, स्थायी ठेगाना भई हाल बागमती प्रदेश, चितवन जिल्ला, राप्ती नगरपालिका वडा नं. ०२ बस्ने वर्ष २८ को जमानी कर्ता **देव कुमार गोले** (ना.प्र.प.नं.३१–०१–७२/०४११४ ,जारी मिति २०७२/०५/२४, श्री जि.प्र.का. मकवानपुर)...............................................१

### मनसुनजन्य विपत्को त्रास

# एकाउन्न हजार नागरिक जोखिममा

**गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशमा बाढीपहिरो र डुबानसँग सम्बन्धित ८७७ घटनामा परी २१० जनाले ज्यान गुमाएका थिए भने ३५० जनाको जीवितै उद्धार गरिएको सशस्त्र प्रहरीले जनाएको छ।**



**जानु पाण्डे**
*कपिलवस्तु, साउन २० गते*

लुम्बिनी प्रदेशमा मनसुनजन्य विपत् जोखिम बढ्दा ११ हजार ८१४ घरधुरीका ५१ हजारभन्दा बढी नागरिक उच्च जोखिममा रहेका छन्।

प्रदेशमा मनसुनजन्य विपत्का लागि कार्यक्षेत्र भएको सशस्त्र प्रहरी बल नेपाल नं. ५ विन्ध्यवासिनी वाहिनी मुख्यालयले यस्तो जानकारी दिएको हो। ठुलो जनसङ्ख्या प्रभावित हुने देखिएपछि सम्भावित बाढीपहिरो र डुबानबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि उद्धार, राहत तथा पूर्वतयारीका कार्यक्रमलाई तीव्र पारिएको वाहिनीले दाबी गरेको छ।

वाहिनीपति दीपक अधिकारीका अनुसार उच्च जोखिमयुक्त क्षेत्रको पहिचान गरी जनशक्ति परिचालन, उद्धार सामग्री व्यवस्थापन र समुदायस्तरको पूर्वतयारीलाई प्राथमिकतामा राखिएको छ। उहाँले विपत् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहसँगको समन्वय पनि सुदृढ गरिएको पनि जानकारी दिनुभयो।

तत्काल सूचना सङ्कलन र उद्धार समन्वयका लागि प्रदेशका ९८३ वडामा प्रत्येक वडाबाट २५ जना स्थानीयलाई विपत् सूचकका रूपमा परिचालन गरिएको छ। यसका साथै २७७ जनालाई विपत् स्वयंसेवक तालिम प्रदान गरिएको छ। सशस्त्र प्रहरीका अनुसार विपत्को अवस्थामा तत्काल परिचालन गर्न ११ जना तालिमप्राप्त गोताखोर, ३४७ जना विपत् विशेषज्ञ तथा तीन हजार ७५९ जना विपत् व्यवस्थापन तालिमप्राप्त सुरक्षाकर्मी तयारी अवस्थामा रहेका छन्।

प्रदेशमा बाढीको उच्च जोखिम नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया र दाङमा रहेको छ भने पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा र रुकुमपूर्व पहिरोको उच्च जोखिममा रहेका जिल्ला हुन्। सशस्त्र प्रहरीका सूचना अधिकारी वरिष्ठ उपरीक्षक वीरेन्द्रबहादुर ऐरले उद्धार कार्यलाई प्रभावकारी बनाउन १७ वटा रबरबोट, चार वटा मोटरबोट, एम्बुलेन्स, हेभी इक्विपमेन्ट तथा अन्य आवश्यक उद्धार सामग्री तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो।

यस वर्ष मनसुनजन्य विपत्को प्रभाव न्यूनीकरणका लागि रुपन्देहीको बुटवल, बर्दियाको राजापुर, बाँकेको कुण्डा, कपिलवस्तुको कञ्चनपुर, पाल्पाको दोभान र गुल्मीको वामीमा अस्थायी मनसुन प्रतिकार्य बेस स्थापना गरिएको छ। ती बेसबाट प्रभावित क्षेत्रमा छिटो उद्धार टोली परिचालन गरिने सशस्त्र प्रहरीले जनाएको छ।

वाहिनीका अनुसार प्रदेशका १६९ स्थानमा करिब एक लाख ३६ हजार नागरिकलाई सुरक्षित रूपमा स्थानान्तरण गर्न सकिने आश्रयस्थलको समेत पहिचान गरिएको छ।

गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशमा बाढीपहिरो र डुबानसँग सम्बन्धित ८७७ घटना भएका थिए। ती घटनामा २१० जनाले ज्यान गुमाएका थिए भने ३५० जनाको जीवितै उद्धार गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

मनसुन सक्रिय रहेकाले जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क रहन, स्थानीय प्रशासन तथा सुरक्षा निकायको सूचना पालना गर्न र सम्भावित विपत्का बेला सुरक्षित स्थानमा सर्न सशस्त्र प्रहरीले आग्रह गरेको छ।

## सर्पले टोकेर छ जनाको मृत्यु

**तौलिहवा समाचारदाता**
*तौलिहवा, साउन २० गते*

बर्खायाम सुरु भएसँगै कपिलवस्तुमा सर्पदंशका घटना बढ्न थालेका छन्। असारदेखि भदौसम्म विषालु सर्पको सक्रियता बढ्ने भएकाले कपिलवस्तु सर्पदंश उपचार केन्द्रमा बिरामीको चाप उल्लेखनीय रूपमा बढेको छ।

कपिलवस्तु सर्पदंश उपचार केन्द्रका व्यवस्थापक नवीन भण्डारीका अनुसार यो साउनमा मात्रै सर्प वा अन्य विषालु जीवले टोकेका १८० जना बिरामी उपचारका लागि केन्द्रमा आएका छन्। असारमा २९१ बिरामी उपचारका लागि पुगेका थिए। तीमध्ये दुई जनालाई थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा रेफर गरिएको उहाँले बताउनुभयो।

केन्द्रका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा एक हजार ४८० जना सर्पदंश तथा अन्य विषालु जीवले टोकेका बिरामीले उपचार सेवा लिएका थिए। उपचार केन्द्रमा ल्याउने क्रममा नै छ जनाको बाटोमै मृत्यु भएको व्यवस्थापक भण्डारीले जानकारी दिनुभयो। आव २०८१/८२ मा भने एक हजार ८४२ जनाले उपचार सेवा लिएका थिए।

गत आव उपचार गरिएका बिरामीमध्ये गोमनले डसेका ७७, करेतले डसेका ९३, भाइपरले डसेका ९६, बिच्छीले टोकेका ४६ तथा अन्य विषालु जीवले टोकेका ९४५ जना रहेका थिए। तीमध्ये ३९ जनाको अवस्था गम्भीर रहेकामा १५ जनालाई मात्रै थप उपचारका लागि रेफर गर्नु परेको केन्द्रले जनाएको छ। उक्त अवधिमा उपचार सेवा लिनेमध्ये ७८५ महिला र ६९५ पुरुष रहेका छन्।

उहाँका अनुसार उपचार केन्द्रको तथ्याङ्कले अधिकांश सर्पदंशका घटना भुइँमा सुतिरहेका बेला हुने देखाएको छ।

## दुई जनाको मृत्यु

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, साउन २० गते*

नेपालगन्ज उपमहानगरपालिका भैयापुरस्थित न्यु किसान इँटाभट्टामा पर्खाल भत्किँदा त्यहाँ काम गरिरहेका दुई मजदुरको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरका अनुसार रज्जब अली साईको नेपालगन्ज–१९ स्थित न्यु किसान इँटाभट्टामा पर्खाल भत्किँदा त्यहाँ काम गरिरहेका दुई जना मजदुरको मृत्यु भएको हो।

इँटाभट्टाको पर्खाल भत्किँदा नेपालगन्ज–१९, भैयापुर निवासी ५२ वर्षीय वर्षादी लोधको घटनास्थलमै मृत्यु भएको थियो भने नेपालगन्ज परसपुरका ४५ वर्षीय राम फेरन कोरी गम्भीर घाइते हुनुभएको थियो। गम्भीर घाइते कोरीको उपचारका क्रममा भेरी अस्पतालमा मृत्यु भएको हो।

## जग्गा प्रशासन सेवा सुरु

**बुटवल समाचारदाता**
*बुटवल, साउन २० गते*

रुपन्देहीको सैनामैना नगरपालिकाले जग्गा प्रशासनसम्बन्धी सेवा दिन थालेको छ। सैनामैना नगरपालिकाबाटै जग्गा पास, किनबेच, नामसारी, दाखिल खारेज, लगत कट्टालगायत मालपोतसम्बन्धी सेवा उपलब्ध हुने भएका छन्। नगरपालिकाले सोमबारदेखि जग्गा प्रशासनसम्बन्धी मालपोत तथा नापीसम्बन्धी औपचारिक सेवा सुरुवात गरेको हो।

सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले एक कार्यक्रमबिच सेवा शुभारम्भ गर्दै सैनामैनाका सेवाग्राहीलाई बुटवलस्थित मालपोत कार्यालय धाउनुपर्ने झन्झट कम हुने बताउनुभयो। नगरपालिकाका अनुसार सेवा शुभारम्भको पहिलो दिनमै २१ जनाले नयाँ नक्सा लिएको, तीन जना सेवाग्राहीको जग्गापास भएको र एक जना सेवाग्राहीले नक्सामा घर कायम गराएका छन्।

---

**श्री काठमाडौँ महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कमलादी, काठमाडौँको**

श्री साई म्यानुफ्याक्चरिङ एण्ड इन्जिनियरिङ प्रा.लि. ............१
श्री घटाल वायर इण्डट्रिज ............................................१
श्री वेस स्ट्रकचर एण्ड हाइड्रोमेकानिकल वर्क प्रा.लि. ............१
श्री ग्यालेक्सी स्ट्रकचरल एण्ड इन्जिनियर्स प्रा.लि. ................१
श्री नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ .....................१
श्री ए.वी. इन्टरनेशनल लजिष्टिक प्रा.लि. ............................१
श्री भुवनेश्वरी लजिष्टिक प्रा.लि. .......................................१
श्री डि.एन. डिं इन्फ्रा प्रा.लि. ..........................................१
श्री शिव लजिष्टिक प्रा.लि. ..............................................१
श्री शुभ ट्रेडिङ सेन्टर प्रा.लि. ..........................................१

**लाई उपस्थित हुन आउनेबारे १५ दिने सूचना।**

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ११ स्थित एनएमबी भवन, बबरमहलस्थित मुख्य कार्यालय रहेको एनएमबि बैंक लिमिटेडका तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले तपाईं समेतका विरुद्धमा "**बहाल रकम भराई घर कोठा खाली गराई पाऊँ** " भन्ने उजुरी काठमाडौँ महानगरपालिका न्यायिक समिति समक्ष दायर गरेको हुँदा तपाईंको नाममा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आफैँ वा कानून बमोजिमको वारेस मार्फत उक्त मुद्दा (विवाद) सँग सम्बन्धित आफूसँग भएका प्रमाण कागजात सहित लिखित जवाफ लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यो सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ।

**काठमाडौँ महानगरपालिका, कानुन तथा मानव अधिकार विभाग**

---

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँबाट जारी भएको तपसिलका प्रतिवादीका नाउँको १५ (पन्ध्र) दिने म्याद (सूचना)।**

**प्रकाशित मिति : २०८३।०४।२१** — **मुद्दा फाँट–२, मुद्दा नं. ०८२–DR–०१४०**

वादी **सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड** प्रतिवादी तपाईं तपसिल बमोजिमका प्रतिवादी समेतबाट ऋण असुल उपर गराई पाऊँ भनी मिति २०८२।०५।१७ मा यस न्यायाधिकरणमा उजुरी निवेदन परी जारी भएको १५ (पन्ध्र) दिने म्याद (सूचना) बेपत्ते तामेली भई मिति २०८२।०७।२७ मा भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र नेपाली युनिकोडमा टाइप गरी सोको सफ्टकपी सहित प्रतिउत्तर पत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आउनू वा कानून बमोजिम वारेस वा कानून व्यवसायी मुकरर गरी पठाउनुहोला। सो म्यादभित्र प्रतिउत्तर पत्र पेश गर्न तपाईं आफैँ वा वारेस वा कानून व्यवसायी मार्फत उपस्थित हुनुभएन भने ऐन बमोजिम मुद्दाको निर्णय हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन।

**तपसिल**

श्री मोहन बहादुर थापाको नाति, ठेग बहादुर थापाको छोरा, तुलसा पाण्डे थापाको पति सिन्धुली जिल्ला, रानीचुरी गाउँ पञ्चायत वडा नं. ०७ परिवर्तित बागमती प्रदेश, सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. १२ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौँ म.न.पा. वडा नं. ३१ बस्ने वर्ष ४७ को ऋणी **अर्जुन थापा** (ना.प्र.प.नं. ९/१५०५/३२६१, जारी मिति २०५२/१०/२८, श्री जि.प्र.का. सिन्धुली) (सम्पर्क नं. ९८५१०८६५०७)................१

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**राष्ट्रिय सीप परीक्षण समिति**
**सानोठिमी, भक्तपुर।**

**सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी जरुरी सूचना !**

**(सूचना प्रकाशित मिति : २०८३।०४।२१)**

राष्ट्रिय सीप परीक्षण समितिद्वारा स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार NSTB नियमित तर्फको सहुलियत शुल्कमा सञ्चालन हुने पूर्व सिकाइको मान्यतामा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशमा नै रोजगार वा वैदेशिक रोजगारीबाट फर्केका व्यावसायिक अनुभव वा सीप/दक्षता भएका नेपाली नागरिकहरूका लागि सीप परीक्षण आवेदन आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि यस समितिको वेबसाइट www.nstb.org.np मा राखिएको सूचना हेर्नुहुन अनुरोध गरिन्छ।
थप जानकारीका लागि ९८५११६३९६४ र ९८५११२७०८० मा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ।
परीक्षणको आवेदन आह्वान सम्बन्धित सबैमा अनुरोध छ।

**निर्देशक**

---

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

**कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउने कार्यक्रममा इच्छुक बैंक/वित्तीय संस्था/सहकारीहरूलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

यस मन्त्रालयको चालु आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अनुसार बैंक/वित्तीय संस्था/सहकारी संस्था मार्फत प्रवाह हुने कृषि कर्जामा ब्याज अनुदान कार्यक्रम सञ्चालनका लागि कोशी प्रदेश कृषि कर्जामा ब्याज अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ अनुसार यो सूचना प्रकाशन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कृषि उद्यमीलाई कृषि कर्जा उपलब्ध गराई कार्यविधि अनुसार ब्याज अनुदान उपलब्ध गराउन कोशी प्रदेशमा कार्यरत इच्छुक बैंक/वित्तीय संस्था/सहकारी संस्थालाई कार्यविधिको अनुसूची–२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। बैंक/वित्तीय संस्थाहरूको हकमा प्रादेशिक कार्यालयले प्रस्ताव पेश गर्नुपर्नेछ। कार्यक्रम सम्बन्धी कार्यविधि, अन्य जानकारी र आवश्यक फारामहरू यस मन्त्रालयको वेबसाइट http://moiac.koshi.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि यस मन्त्रालयका पशु चिकित्सक डा. देव कुमार दर्लामी सम्पर्क नं. ९८५१३१३१११ र कृषि अर्थ विज्ञ श्री शर्वरी भट्टराई सम्पर्क नं. ९८६२६५६६९९ लाई सम्पर्क गर्न सकिनेछ।

---

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

**कृषि इन्टर्न परिचालन कार्यक्रममा सूचीकृतका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

यस मन्त्रालयको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम "कृषि इन्टर्न परिचालन कार्यक्रम" अन्तर्गत कृषि, भेटेरिनरी/पशु विज्ञान र मत्स्य विषयमा स्नातक तह अध्यापन गराइरहेका नेपाल सरकारबाट मान्यता प्राप्त अध्ययन संस्थानका क्याम्पस तथा आङ्गिक क्याम्पसहरूलाई कार्यक्रममा सूचीकृत हुनका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजात सहित "कृषि इन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रक्रिया, २०८२" को अनुसूची १ बमोजिम यस मन्त्रालयमा निवेदन पेश गर्न आह्वान गरिन्छ। थप जानकारीका लागि मन्त्रालयका कृषि अर्थ विज्ञ शर्वरी भट्टराई (९८६२६५६६९९) र कृषि प्रसार अधिकृत अभिमन्यु अधिकारी (९८५२०३५०४९) लाई सम्पर्क गर्न सकिनेछ। **कृषि इन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रक्रिया, २०८२** यस मन्त्रालयको वेबसाइट www.moiac.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

---

**कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता कार्यक्रम सम्बन्धी सूचना।**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८३।०४।२१)**

मिति २०८२/१०/०९ मा प्रकाशित कोषको सूचना बमोजिम कोषमा रिक्त रहेका निम्न पदहरूमा मिति २०८३/०१/१९ देखि २०८३/०२/०८ सम्म लोक सेवा आयोगबाट सञ्चालित खुला तथा समावेशी प्रतियोगिता तर्फको लिखित परीक्षामा सम्मिलित भई कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ताका लागि छनोट भएका सहायक पदका उम्मेदवारहरूको कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ताको सूचना र सहायक प्रबन्धक, सहायक प्रबन्धक (सिस्टम) पदका उम्मेदवारहरूको अन्तर्वार्ता कार्यक्रम सम्बन्धी सूचना कोषको वेबसाइट www.epf.org.np तथा कोषको सूचना पाटीमा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| विज्ञापन नम्बर | पद तथा तह | सेवा/समूह | प्रकार |
|---|---|---|---|
| २१–२४/०८२/८३ | सहायक प्रबन्धक, छैटौँ | प्रशासन/प्रशासन | खुला तथा समावेशी |
| २५/०८२/८३ | सहायक प्रबन्धक (सिस्टम), छैटौँ | प्राविधिक/सूचना प्रविधि | आ.ज. |
| ३२–३३/०८२/८३ | सहायक, चौथो | प्रशासन/प्रशासन | खुला र महिला |

**पुनश्च:** कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता हुनुभन्दा तीन दिन अगावै 'अन्तर्वार्ता अघि भर्नुपर्ने फाराम' भरी कर्मचारी प्रशासन शाखामा पेश गर्नुहुन र अन्तर्वार्ताका दिन आफूले पेश गरेका सम्पूर्ण प्रमाण पत्रहरूको सक्कल प्रति, सोको एक/एक प्रति प्रतिलिपि र प्रवेश पत्र लिई एक घण्टा अगावै कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा अनिवार्य उपस्थित हुन अनुरोध छ।

**पदपूर्ति समिति**
**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर, सम्पर्क नं. : ०१–५०१०१७२**

---

**बढुवा समितिको सचिवालय**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश**

**(सूचना नं. : १, प्रकाशित मिति : २०८३।०४।२१)**

प्रदेश लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह, उपसमूहको रिक्त पदहरूमा बढुवा समितिको मिति २०८३/०४/२० को निर्णयानुसार तपसिलको योग्यता क्रमका उम्मेदवारलाई ज्येष्ठता र कार्य क्षमताको आधारमा हुने बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४३ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**ब.सु.नं. १८१(१)/२०८२–८३, प्रदेश स्वास्थ्य सेवा/हेल्थ इन्स्पेक्सन समूह, अधिकृत स्तर सातौँ** — **माग पद सङ्ख्या–२**

| यो.क्र.नं. | क.सं.नं | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १८६२४३ | अर्जुन कुमार चौधरी |
| २ | तोकिएको योग्यता भएका उम्मेदवार नभएको। | |

---

**श्री जनकल्याण माध्यमिक विद्यालय**
**बौद्ध–६, महाँकाल, काठमाडौँ**

**सूचीकृत हुन आउने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

यस विद्यालयको आर्थिक वर्ष २०८३/०८४ का लागि आवश्यक पर्ने मालसामान, विविध प्रकारका परामर्श सेवा आपूर्ति तथा मर्मत, अन्य विविध कार्य, पुस्तक रहित शुक्रबार कार्यक्रम, शिक्षामा सिप कार्यक्रम लगायत अन्य विविध कार्य गर्नका लागि सम्बन्धित विषयमा कारोबार गर्न स्वीकृति प्राप्त इच्छुक रजिस्टर्ड फर्म तथा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी/व्यवसाय दर्ताको प्रमाणपत्र, फर्म तथा कम्पनीको लेखा नम्बर (PAN)/मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र नियमानुसार कर चुक्ताको प्रमाणपत्र सहित उपलब्ध गराउन सक्ने सेवाको विवरण छुट्टाछुट्टै तयार गरी मौजुदा सूचीमा दर्ता हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**प्रधानाध्यापक**
**सम्पर्क नम्बर : ९८५१४३८४९९, ९८५१४३८७९९, ९८५१४३८६९९**

---

**गण्डकी प्रदेश सरकार**
**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखरा**

**सफाइ पेस गर्ने बारेको सूचना**

**(प्रकाशित मिति २०८३।०४।२१)**

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेशन उपसमूह, अधिकृतस्तर सातौँ तह, इन्जिनियर पदमा कार्यरत तपाईं गायत्री पौडेल (क.सं.नं. २०७८६७) नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति २०७९।०६।१२ को निर्णयानुसार २ (दुई) वर्ष र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको मिति २०८१।०९।०५ को निर्णयानुसार १ (एक) वर्ष गरी मिति २०७९।०६।१५ देखि मिति २०८२।०६।१४ सम्म अध्ययन प्रयोजनका लागि असाधारण बिदा स्वीकृत गराई बिदामा रहनुभएकोमा असाधारण बिदा समाप्त भए पश्चात गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९८ को खण्ड (च) मा भएको व्यवस्था बमोजिम मन्त्रालयमा हाजिर हुनुपर्नेमा अनुपस्थित रहेको एवं गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम १२३ बमोजिम असाधारण बिदा लिँदा गरेको कबुलियतनामा अनुसारको सेवा अवधि पूरा नगरी राजीनामा पेस गरेकोले गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को व्यवस्था बमोजिम तपाईंलाई विभागीय सजाय गर्न नपर्ने कुनै मनासिब कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सफाइ पेस गर्नुहुन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १०४ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम १०६ (क) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

---

**हेटौँडा पर्यटन वर्ष–२०८३ को प्रतीक चिह्न (लोगो) डिजाइन गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

हेटौँडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**हेटौँडा पर्यटन वर्ष २०८३**" मनाउने सन्दर्भमा यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले "हेटौँडा पर्यटन वर्ष २०८३" को आधिकारिक प्रतीक चिह्न (लोगो) तयार गर्नुपर्ने भएको छ। तसर्थ, इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा सङ्घ/संस्थाहरूबाट देहायका सर्त तथा मापदण्डहरूको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी रूपमा लोगो डिजाइन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सर्त तथा मापदण्डहरू :**

१. **विशिष्ट पहिचान झल्कनुपर्ने:** लोगोमा हेटौँडा नगरको प्राकृतिक सौन्दर्य, हरित नगर, धार्मिक सम्पदा, वन–वनस्पति, जैविक विविधता तथा पर्यटकीय सम्भावनालाई रचनात्मक र कलात्मक रूपमा साङ्केतिक प्रस्तुति गरिएको हुनुपर्नेछ।
२. **नयाँ र मौलिक हुनुपर्ने:** लोगो पूर्ण रूपमा नयाँ, मौलिक र अप्रकाशित हुनुपर्नेछ। अन्य कुनै व्यक्ति, संस्था वा निकायको लोगो वा प्रतीक चिह्नसँग हुबहु वा आंशिक रूपमा मिलेको/नक्कल गरिएको पाइएमा उक्त आवेदन स्वतः रद्द हुनेछ।
३. **सामाजिक र राष्ट्रिय एकता अनुकूल:** कुनै पनि जातीय, धार्मिक, क्षेत्रीय वा सामाजिक साम्प्रदायिकतालाई प्रश्रय दिने वा राष्ट्रिय एकता र अखण्डतामा प्रतिकूल असर पार्ने सङ्केत वा प्रतीक प्रयोग गर्न पाइने छैन।
४. **सङ्क्षिप्त व्याख्या संलग्न गर्नुपर्ने:** लोगोमा प्रयोग गरिएका रङ, रेखा, आकार र प्रतीकहरूको अर्थ तथा मर्म स्पष्ट पार्ने गरी १ (एक) पानामा नबढ्ने गरी सङ्क्षिप्त व्याख्यात्मक टिप्पणी (Concept Note) अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
५. **पुरस्कार तथा सम्मान:** प्राप्त डिजाइनहरूमध्येबाट विषयविज्ञ टोलीको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट छनोट हुने १ (एक) जना उत्कृष्ट डिजाइनरलाई उचित नगद पुरस्कार प्रदान गरिनेछ।
६. **परिमार्जन तथा सर्वाधिकार:** छनोट भएको लोगोको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा प्रयोगको सर्वाधिकार हेटौँडा उपमहानगरपालिकामा निहित रहनेछ। कार्यपालिकाको सुझाव अनुसार आवश्यकता अनुसार लोगोमा आंशिक परिमार्जन गर्न प्रस्ताव कर्ता तयार हुनुपर्नेछ।

**पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू :**

क) प्रस्तावित लोगोको A4 साइजको उच्च गुणस्तरको हार्डकपी (Color Print) र सफ्टकपी पेनड्राइभ वा इमेल मार्फत (कम्तीमा 600 DPI भएको PNG/TIFF/Vector File AI/EPS/PDF) पेश गर्नुपर्नेछ।
ख) सिलबन्दी खामको बाहिर स्पष्ट रूपमा "**हेटौँडा पर्यटन वर्ष २०८३ को लोगो डिजाइन प्रस्ताव**" भनी उल्लेख गरिएको हुनुपर्नेछ।
ग) प्रस्ताव साथ आवेदकको नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको १ प्रति पासपोर्ट साइजको फोटो, जैविक विवरण (Bio–data) तथा सम्पर्क नम्बर अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ।
घ) आवेदन सूचना प्रकाशित भएको मितिले १५औँ दिनको कार्यालय समय (अपराह्न ५:०० बजे) भित्र यस उपमहानगरपालिकाको प्रशासन शाखामा बुझाइसक्नुपर्नेछ। (उक्त दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**हेटौँडा उपमहानगरपालिका**

---

**नगर गान तयार गर्ने सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२१**

प्रस्तुत विषयमा यस हेटौँडा उपमहानगरपालिकाको नगर सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा नगर कार्यपालिकाको मिति २०८३/०४/२० गतेको निर्णय अनुसार हेटौँडा उपमहानगरपालिकाको सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक तथा औद्योगिक पहिचान र मौलिक विशेषता झल्कने गरी उत्कृष्ट "**नगर गान**" (**Municipal Anthem**) तयार गर्नुपर्ने भएको छ। तसर्थ देहायका सर्त र मापदण्डको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बद्ध स्रष्टा, रचनाकार तथा इच्छुक नेपाली नागरिकहरूबाट सिलबन्दी नगर गानको रचना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सर्त तथा मापदण्डहरू:**

१. **पहिचान र विषयवस्तु:** हेटौँडा नगरको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, औद्योगिक, वातावरणीय पहिचान तथा पुरातात्विक मौलिक विशेषता झल्कने गरी नगर गान तयार गर्नुपर्नेछ।
२. **शब्द सीमा:** एक स्थायी र दुई अन्तराको हुनुपर्नेछ साथै बढिमा (२:००) दुई मिनेट अवधीको हुनुपर्नेछ।
३. **मौलिकताको सुनिश्चितता:** रचना पूर्ण रूपमा मौलिक र अप्रकाशित हुनुपर्नेछ। अन्य कुनै व्यक्ति वा संस्थाको रचनासँग हुबहु वा आंशिक रूपमा मिलेको पाइएमा वा प्रतिलिपि अधिकार उलङ्घन भएको प्रमाणित भएमा उक्त रचना स्वतः रद्द हुनेछ।
४. **पुरस्कार तथा सम्मान:** मूल्याङ्कन समितिबाट उत्कृष्ट ठहरिएको सर्वोत्कृष्ट नगर गानका रचनाकारलाई हेटौँडा उपमहानगरपालिकाको नियमानुसार उचित नगद पुरस्कार प्रदान गरिनेछ।
५. **मूल्याङ्कन प्रक्रिया:** प्राप्त गानहरूको मूल्याङ्कन हेटौँडा उपमहानगरपालिकाद्वारा स्वीकृत कार्यविधि बमोजिमको समितिले गर्नेछ।
६. **स्वामित्व तथा अधिकार:** छनोट भएको नगर गानको सम्पूर्ण प्रतिलिपि अधिकार (Copyright) तथा सर्वाधिकार हेटौँडा उपमहानगरपालिकामा निहित रहनेछ। उपमहानगरपालिकाले आवश्यकता अनुसार गानमा शब्द परिमार्जन वा सङ्गीत संयोजन गर्न सक्नेछ।
७. यस सम्बन्धी अन्य थप व्यवस्था हेटौँडा उपमहानगरपालिका पर्यटन वर्ष २०८३ को लोगो तथा नगर गान निर्माण सम्बन्धी कार्यविधि, २०८३ बमोजिम हुनेछ।

**पेश गर्ने प्रक्रिया र आवश्यक कागजातहरू :**

क) प्रस्तावित नगर गान नेपाली भाषा र देवनागरी लिपिमा स्पष्ट टाइपिङ गरी सिलबन्दी खाममा पेश गर्नुपर्नेछ।
ख) खामको बाहिर स्पष्ट रूपमा '**नगर गान रचना प्रस्ताव**' भनी उल्लेख गरेको हुनुपर्नेछ।
ग) रचनासँगै स्रष्टाको नेपाली नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति तथा सम्पर्क फोन नम्बर/इमेल विवरण संलग्न हुनुपर्नेछ।
घ) प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समयभित्र) यस उपमहानगरपालिकाको सामान्य प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ। (अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**
**हेटौँडा उपमहानगरपालिका**

## जोमसोम-बेनी सडक
## रात्रिकालीन सवारी बन्द

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), साउन २० गते*

जोमसोम-बेनी राष्ट्रिय राजमार्गमा रात्रिकालीन समयमा सवारीसाधन बन्द गरिएको छ।

जल तथा मौसम विज्ञान विभागले कालीगण्डकी नदीसहित मुस्ताङ हुँदै बग्ने ससाना नदी तथा खोलामा पानीको बहाब उल्लेख्य बढ्ने र आकस्मिक बाढीको मध्यम जोखिम रहने पूर्वानुमान गरेपछि रात्रिकालीन यातायात सेवा बन्द गरिएको हो। जिल्ला प्रशासन कार्यालय मुस्ताङमा बसेको सुरक्षा समितिको बैठकले थप दुई दिन रात्रिकालीन समयमा सिमाबाट सवारीसाधन रोक्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले बताउनुभयो।

छिमेकी जिल्ला म्याग्दीसँग समन्वय गरी साँझ ७ देखि बिहान ५ बजेसम्म मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने थासाङ गाउँपालिका घाँसाबाट सवारीसाधन प्रवेश तथा बाहिरिनेलाई रोकिने छ। मौसमको अवस्था अनुसार प्रतिबन्धको अवधि थप्न सकिने समेत सुरक्षा समितिले निर्णय गरेको छ।

आइतबारदेखि नै सवारीसाधनलाई रात्रिकालीन समयमा कडाइ गरिएको छ। अटेर गरी सीमाबाट प्रवेश गर्ने र बाहिरिनेलाई कारबाहीसमेत गरिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। ७६ किलोमिटर लामो जोमसोम-बेनी सडकखण्डमध्ये करिब २२ किलोमिटर क्षेत्र बाढीपहिरोको उच्च जोखिममा रहेको छ।

बढ्दो डेङ्गु सङ्क्रमण

# सचेतना अपनाउन आग्रह

## जनस्वास्थ्य कार्यालयद्वारा लामखुट्टे 'खोज र नष्ट गर' अभियान सञ्चालन

**बागलुङ समाचारदाता**
*बागलुङ, साउन २० गते*

पानी निरन्तर परेसँगै यहाँ डेङ्गुका बिरामीको सङ्ख्या पनि वृद्धि हुन थालेको छ। पछिल्ला दिनमा बागलुङ जिल्लाभरिमा डेङ्गु सङ्क्रमितको सङ्ख्या २४१ पुगेको छ। बागलुङ नगरपालिका डेङ्गु सङ्क्रमणको केन्द्र बनेको छ। नगरपालिकाभित्र मात्र डेङ्गु सङ्क्रमितको सङ्ख्या १८२ जना पुगेको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले साउन महिनामा डेङ्गु सङ्क्रमण २४१ पुगेको जानकारी दिएको छ। डेङ्गु सङ्क्रमण फैलिएपछि धवलागिरि प्रादेशिक अस्पताल, बुर्तिवाङ र गलकोट अस्पतालमा उपचार गराउनेको सङ्ख्या बढेको प्रदेश जनस्वास्थ्यका वरिष्ठ क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिनुभयो। प्रयोगशालामा जाँच गर्दा धौलागिरि अस्पतालमा २२६, गलकोटमा १२ र बुर्तिवाङमा तीन जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ। यो तथ्याङ्क सरकारी स्वास्थ्य संस्थामा जाँच गराएकाको मात्र हो। निजी संस्था र मेडिकलमा पनि



धवलागिरि प्रादेशिक अस्पताल बागलुङ।

डेङ्गु परीक्षण भइरहेकाले सङ्क्रमितको सङ्ख्या धेरै भएको अनुमान गरिएको छ।

छोटो अवधिमै धेरै जनामा डेङ्गु सङ्क्रमण देखिनु जनस्वास्थ्यको दृष्टिले जोखिमपूर्ण मानिन्छ। डेङ्गु तीव्र गतिमा फैलिएपछि जनस्वास्थ्य कार्यालयले लामखुट्टे 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको घिमिरेले जानकारी दिनुभयो।

उहाँका अनुसार काठेखोला गाउँपालिकाका ११ जना, गलकोटका ११ जना, जैमिनीका आठ, ढोरपाटन नगरपालिका तीन, बडीगाड र बरेङका एक/एक जना र जिल्लाका अन्य ठाउँमा १७ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। गलकोट नगर अस्पतालका प्रमुख डा. राजेश पौडेलले भन्नुभयो, "डेङ्गुका सामान्य बिरामीलाई औषधी दिएर पठाएका छौँ। केही जटिल समस्या देखिएका बिरामीलाई भर्ना गरेर उपचार गरिरहेका छौँ।" उहाँले डेङ्गुबाट बच्न सचेतना अपनाउन पनि आग्रह गर्नुभयो।

लामखुट्टेले अन्डा पार्न सक्ने सम्भावित स्थानको खोजी गरी लामखुट्टेको लार्भा नष्ट गर्ने, लामखुट्टेले लार्भा बनाउने भएकाले पानी जम्न नदिन निरन्तर सरसफाइका लागि समुदायमा जनचेतना फैलाउने योजना बनेको घिमिरेले बताउनुभयो। धौलागिरि प्रादेशिक अस्पतालका मेडिकल अधिकृत डा. सन्दीप केसीले भन्नुभयो, "डेङ्गु भाइरल रोग हो, जसको इन्क्युबेसन अवधि चारदेखि सात दिनको हुन्छ। लक्षण देखिएमा घरमै नबसेर नजिकको स्वास्थ्य संस्थामा गई चिकित्सकको परामर्श लिनु अत्यन्त आवश्यक छ।" ज्वरो घटेको २४ देखि ४८ घण्टाभित्र गम्भीर अवस्था देखिन सक्ने भएकाले लगातार बान्ता हुने, पेटमा अत्यधिक दुखाइ, नाक, गिजा वा दिसा, पिसाबबाट रगत आउने, कमजोरी, चक्कर लाग्ने, सास फेर्न गाह्रो हुने, हातखुट्टा चिसो हुने र पिसाबको मात्रा कम हुने लक्षण देखिएमा तुरुन्त अस्पताल पुग्नुपर्ने डा. केसीको सुझाव छ।

## भवन बनेपछि
## पठनपाठनमा सहज

**गलकोट समाचारदाता**
*गलकोट (बागलुङ), साउन २० गते*

बागलुङको सबैभन्दा दुर्गम गाउँ सुकुर्दुङको सरस्वती माध्यमिक विद्यालयमा एकसाथ १२ कोठे सुविधासम्पन्न विद्यालय भवन निर्माण सम्पन्न भएको छ। बागलुङको ढोरपाटन नगरपालिका सुकुर्दुङस्थित सरस्वती माध्यमिक विद्यालय भवन गोर्खा वेलफेयर ट्रस्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको छ। रु. दुई करोड ६८ लाख लागतमा १२ कोठाको विद्यालय भवन तथा आठ वटा शौचालय निर्माण गरिएको सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक थमप्रकाश जैसीले जानकारी दिनुभयो। एउटै कोठामा ६० जनासम्म विद्यार्थी राखेर अध्यापन गराउनुपर्ने बाध्यताको अन्त्य भएको उहाँको भनाइ छ।

२०७७ भदौ १७ गते भुजीखोलामा आएको बाढीले छेउकै विद्यालय बगाएपछि विद्यालयमा कक्षाकोठाको अभाव हुँदै आएको थियो। त्यसपछि स्थानीय पालिका, प्रदेश सरकार र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १२ कोठे पक्की भवन बनेको थियो तर विद्यार्थीको चापका कारण पर्याप्त भएको थिएन। प्रधानाध्यापक जैसीले भन्नुभयो, "विद्यार्थी धेरै भएका कारण ट्रसको छाप्रो र पक्की भवनको भ्याङमुनि पढाउनसमेत बाध्य थियौँ। कार्यालय, प्रयोगशाला, पुस्तकालयलगायतलाई कोठा थिएनन्। अहिले सहज भएको छ।" विद्यालय भवन निर्माणमा स्थानीयको जनश्रमदानसमेत रहेको छ।

# हतारमा काँचो स्याउ नटिपौँ

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), साउन २० गते*

स्वादिलो र अर्गानिक स्याउका रूपमा पहिचान बनाएको मुस्ताङमा विगतमा व्यापारीले काँचो स्याउ टिप्दा बोटको आयु घटेको भन्दै यस पटक नटिप्न कृषकलाई अपिल गरिएको छ।

जात र गुणका आधारमा बजारमा पठाउने गरी प्राविधिक टोलीले बगैँचाको निरीक्षण गरिरहेको अवस्थामा व्यापारीले बोटमा स्याउ नपाक्दै बजार पठाउने प्रवृत्तिलाई रोक्न कृषि तथा पशु विकास कार्यालय मुस्ताङले टिप्न योग्य भएपछि मात्रै बिक्री गर्न कृषकलाई अनुरोध गरेको हो।

कृषि तथा पशु विकास कार्यालय प्रमुख डा. लालमणि अर्यालले छिटो पाक्ने जातलाई पहिले र ढिलो पाक्ने स्याउको टिप्ने कार्यतालिका अर्को साता आउने भएकाले समय पुगेपछि मात्रै स्याउ टिप्न आग्रह गर्नुभयो। उहाँले पाकेको स्याउ टिप्दा बोटको आयु लम्बिने, विभिन्न रोग कम हुने र उत्पादनसमेत बढ्ने विभिन्न अध्ययनले देखाएको बताउनुभयो।

अर्यालले भन्नुभयो, "व्यापारीले बोटमा स्याउ नपाक्दै बजार पठाउन चलखेल गर्न सक्छन्, सबै सरोकारवालाको निगरानी आवश्यक छ।" विगतमा उच्च घनत्वको स्याउ भदौको दोस्रो साता, रिङरोट जातको स्याउ तेस्रो र स्थानीय रोयल, रेड, गोल्डेन डेलिसियस र फुजी जातको असोज महिनामा टिप्ने गरिएकोमा यस पटक प्राविधिक टोलीको स्थलगत अनुगमनपछि बैठक बसेर कार्यतालिका तयार पारेको छ।

स्थानीय प्रजातिको स्याउ बोटले रोपेको सातदेखि ४१ वर्षसम्म फल दिने गरेको छ भने उच्च घनत्वको स्याउका बोटबाट दुईदेखि सात वर्षसम्म राम्रो फल दिने गरेकोमा काँचो टिप्दा आयु घटेको देखिएको कार्यालय प्रमुख डा. आर्यालको भनाइ छ।



मुस्ताङको स्याउ बारी। *तस्बिर : हरिकृष्ण शर्मा*

जिल्ला समन्वय समितिमा कृषि तथा पशु विकास कार्यालय मुस्ताङ, शीतोष्ण बागवानी विकास केन्द्र (मार्फा), राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याउ जोन, स्थानीय तह कृषि शाखा, स्थानीय कृषक, समूह, सहकारी संस्था र स्याउ फार्मको प्रतिनिधि बसेर आगामी साता कार्यतालिका सार्वजनिक गरिने छ।

जिल्लामा कार्यतालिका अधिकांश कृषकले कार्यान्वयन गर्ने गरे पनि अग्रिम खरिद गरेका व्यापारीले लुकिछिपी लैजाने गरेकाले स्थानीय तह तथा जिल्लास्थित निकायलाई समेत नाकामा तालिकाभन्दा अगाडि जाने स्याउलाई निगरानी गर्ने गरिएको छ। पछिल्ला वर्ष तापक्रम वृद्धिका कारण स्याउमा छिटो गुलियो पस्ने भएकाले स्थानीयबाहेक गाला प्रजातिका स्याउ र रिङरोट जातको स्याउ अगाडि टिप्ने गरिन्छ। मुस्ताङमा उत्पादित स्याउ उपयुक्त समयमा टिपेमा स्याउको स्वाद र गुणस्तर राम्रो हुने मानिन्छ।

> विभिन्न अध्ययनले पाकेको स्याउ टिप्दा बोटको आयु लम्बिने, विभिन्न रोग कम हुने र उत्पादनसमेत बढ्ने देखाएको

सबै प्रजातिका स्याउलाई एउटै समय निर्धारण गर्दा छिटो पाकेका स्याउको गुणस्तरमा कमी आउने भएकाले कृषकको सुझावलाई समेत कार्यान्वयन गर्ने गरिएको जिसस प्रमुख माया गुरुङले बताउनुभयो। यस वर्ष अनुकूल मौसमसँगै बगैँचा व्यवस्थापन, रोग किराको समस्या कम रहेको अवस्थामा उत्पादन बढ्ने अनुमान गरिएको छ।

यो वर्ष चाडपर्वसमेत ढिला सुरु हुने भएकाले कृषकलाई राम्रो मूल्यमा खरिद गर्ने अवसरसमेत छ। गत वर्ष स्थानीय स्याउ ८३७ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकोमा छ हजार ६८४ मेट्रिक टन स्याउबाट ७८ करोड ८९ लाख रुपियाँ र उच्च घनत्वको २४.५४ मेट्रिक टन स्याउ बिक्री गरी ३१ करोड ३४ लाख रुपियाँको कारोबार भएको थियो।

## सडक अवरुद्ध

**बागलुङ समाचारदाता**
*बागलुङ, साउन २० गते*

पहिरोले पश्चिम बागलुङको व्यापारिक केन्द्र गलकोटदेखि ताराखोला गाउँपालिका जोड्ने सडक अवरुद्ध भएको छ। केही दिनदेखि लगातारको वर्षाले ताराखोला गाउँपालिका-४, बतासेडाँडामा पहिरो जाँदा गलकोट-ताराखोला जोड्ने सडक अवरुद्ध भएको स्थानीय शिक्षक पूर्णभन्द्र न्युरेले जानकारी दिनुभयो।

सडक अवरुद्ध हुँदा ताराखोलादेखि गलकोट हुँदै बागलुङ, पोखरा र बुटवल छुट्ने सवारीसाधन बाटोमै अलपत्र परेका छन्। पहिरो पन्छाउन ताराखोला गाउँपालिकाको जेसिबी मेसिन प्रयोग गरिए पनि चट्टानसहितको पहिरो ठुलो हुँदा ब्रेकरसहितको एक्साभेटर प्रयोग गरिएको गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले जानकारी दिनुभयो।


**Invitation for Sealed Quotation**

**Date of first Publication: 2083/04/21**

1. Guthi Sansthan, Head Office, Tripureshwor, Kathmandu invites sealed quotations from registered Suppliers for the Supply and delivery of Branded Desktop Computer and Printer sets to the office for official uses as per table.
2. Sealed quotation forms may be obtained by eligible suppliers upon submitting a written application and paying a non-refundable fee of Rs. 1,000 within 7 days from the first publication of this notice, and the completed sealed quotations must be submitted to Guthi Sansthan, Procurement Unit, Tripureshwor, Kathmandu, by 12:00 noon on 8th day from the date of first publication.
3. Quotations must be valid for 45 days from the date of opening and be accompanied by a bid security of the specified minimum amount, either as a cash voucher deposited in **Citizens Bank International Limited (Dhaurati Account No. 0010100002579201)** or as a Bid Bond (Bank Guarantee) issued by an "A" class commercial bank, valid for 75 days from the date of opening.
4. Processing of the bidding documents will be carried out as per Public Procurement Act 2063 and Regulation 2064.
5. Other necessary details are available in the https://guthisansthan.org.np/ or in the bidding documents.

| S.No. | Sealed quotation No. | Description and location of work | Estimated Cost (with VAT) NRs. | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | GS/SQ/ PG/01/2083-84 | Supply and Delivery of Branded Desktop Computer and Printer with Accessories | 13,95,550.00 | 35,000.00 |

**खरिद एकाई, गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ०१-५९२०४३६, ९८५१०३४२८४, ९८४९०४४७८०**

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**केन्द्रिय कार्यालय**
**रामपुर, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०४/२१**

यस विश्वविद्यालयको गोरखापत्र राष्ट्रिय दैनिक र सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www. bolpatra.gov.np/egp बाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रहरू मध्ये यस विश्वविद्यालयको निर्णयानुसार देहायको बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम कवोल भई स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

| सि.नं. | बोलपत्र आह्वानको सूचना प्रकाशित मिति | ठेक्का नं | ठेक्काको विवरण | छनोटका लागि सिफारिश भएका बोलपत्रदाताको नाम र ठेगाना | कुल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | २०८३।०१।१६ | **02/Hostel/ NCB/AFU/ 2082/083** | Renovation of Machhapuchhre and Annapurna Hostel | Chitwan Engineering-Advance J.V., Madhyapur Thimi-9, Bhaktapur | १,३८,५३,३६७।७४ |

**रजिष्ट्रार**

**घोराही उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**घोराही, दाङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८३/०४/२१**

यस घोराही उपमहानगरपालिकाबाट विद्युतीय माध्यमबाट बोलपत्र आह्वान भई रितपूर्वक पेश हुन आएका बोलपत्रहरूमध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरूले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएकोले देहाए बमोजिमका बोलपत्रदाताहरूलाई स्वीकृतका लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | बोलपत्र/बोलपत्र नं. | छनौट गरिएका बोलपत्रदाताहरू | स्वीकृत बोलपत्रको रकम मू.अ.क.सहित | कैफियत |
|---|---|---|---|---|
| १ | ठेक्का नं. NCB /WORKS/ GSMC/24/082/083 नयाँ डिप बोरिङ निर्माण (वडा नं. ०९, एकलघरुवामा नयाँ डिप बोरिङ, वडा नं. १६, गरुवागाउँ टोलमा नयाँ डिप बोरिङ, वडा नं. ०१, चेपेड्याममा नयाँ डिप बोरिङ) | के.एम.एस. ड्रिलिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स लमही-७ | रु.५०,७०,३१५।७१ (अक्षेरेपी पचास लाख सत्तरी हजार तीन सय पन्ध्र र पैसा एकहत्तर) मात्र | |
| २ | ठेक्का नं. NCB/WORKS/GSMC/25/082/083 कपासी टोलको बाटो स्तरोन्नति | निरुता ईन्द्रेणी कन्स्ट्रक्सन प्रा.लि. गढवा-४, दाङ | रु.४४,४४,४४४।४३ (अक्षेरेपी चवालिस लाख चवालिस हजार चार सय चवालिस र पैसा त्रिचालिस) मात्र | |

**पूर्वाधार विकास महाशाखा प्रमुख**

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा, मधेश प्रदेश, (नेपाल)**

**करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०४।२१)**

यस कलैया उपमहानगरपालिकाको कृषि विकास शाखामा रिक्त रहेको **कृषि स्नातक पदमा** करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रितपूर्वक दरखास्त फाराम पेश गर्नुहुन यस कार्यालयको मिति २०८३।०४।१९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं | रिक्त पद | संख्या | न्युनतम योग्यता, अनुभव र सीप |
|---|---|---|---|
| ०१/२०८३/८४ | कृषि स्नातक (प्राविधिक छैटौं) | १ | क) नेपाली नागरिक हुनुपर्ने, ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण वा सो सरहको समकक्षता प्राप्त गरेको। ग) २१ वर्ष पुरा गरी पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको। |

**कार्य अवधिः** २०८४ असार मसान्तसम्म रहनेछ। तर आवश्यकता, श्रोत व्यवस्थापन तथा कार्यसम्पादनको आधारमा करार अवधी थप गर्न सकिनेछ।
**पाठ्यक्रमः** लोकसेवा आयोगको पाठ्यक्रम
**परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ताबाट छनोट गरिनेछ।
**आवेदन दस्तुरः** रू१५००।-
**तलब तथा सुविधाः** मासिक पारिश्रमिक रा.प.तृतीय श्रेणीको शुरु तलब स्केल सरह हुनेछ।

**पेश गर्नुपर्ने कागजातहरूः**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (स्व-प्रमाणित गर्ने)
- समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी (स्व-प्रमाणित गर्ने)
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी (स्व-प्रमाणित गर्ने)
- दरखास्त फाराम (कार्यालयको वेवसाइटबाट पनि लिन सक्ने)

**परीक्षा मिति-** पछि प्रकाशन हुनेछ।
**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा। यदि दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछाडी कार्यालय खुलेको दिनको कार्यालय समयभित्र।

**सुदूरपश्चिम प्रदेश सरकार**
**उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय डडेल्धुरा**

**डिभिजन वन कार्यालय, डडेल्धुराको काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२१**

यस कार्यालय अन्तर्गतको रा.व. क्षेत्रबाट आ.व. २०८१/०८२ र ०८२/०८३ मा संकलन भई विभिन्न स्थानमा घाटगद्दी गरिएको **साल गोलिया थान ३१२** को परिमाण **३०७९.७३ क्यू.फिट, साल दाउरा ०.५० चट्टा** र अन्य जातका गोलिया थान ८४ को परिमाण **६२६.१७ क्यू.फिट** तथा दाउरा **१.१४ चट्टा** जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकाले इच्छुक काठ/दाउरामा आधारित प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग, मु.अ. करमा दर्ता भएका काठ व्यवसायी, फर्म, कम्पनी वा उद्योगले यो सूचना प्रकाशित भएको मितिले **२१ दिनभित्र** यस कार्यालय वा वन निर्देशनालय धनगढी, कैलालीबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्रहरू **२२ औँ दिनको कार्यालय समयभित्र** माथि उल्लेखित कार्यालयहरूमा दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत सूचना यस कार्यालय तथा अन्य सम्बन्धित कार्यालयमा टाँस गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**Kathmandu Metropolitan City**
**Office of the Municipal Executives**
***Procurement Unit***
***Kathmandu Plaza, Kamaladi, Kathmandu***
**Date of Publication: 2083-04-21**

**Bid Addendum Notice**

**Contract Identification No:** 30-54-082-83-NCBG-KMC
**Project Name:** Procurement of Supply, Delivery, Installation, and Fabrication of Retroreflective HIP Traffic Signs for Major Road Sections within KMC
**The addendum document can be viewed and downloaded directly from the PPMO e-GP portal:**
**https://bolpatra.gov.np/egp**

| Event | Date (Bikram Sambat) | Date (AD / Gregorian) | Time (NST) |
|---|---|---|---|
| **Pre-Bid Meeting** | 2083/04/27 BS | August 12, 2026 | 14:00 Hrs |
| **Last Date & Time of Bid Submission** | 2083/05/04 BS | August 20, 2026 | 12:00 Hrs |
| **Bid Opening Date & Time** | 2083/05/04 BS | August 20, 2026 | 14:00 Hrs |

**Procurement Unit,** Kathmandu Metropolitan City

# पुल नहुँदा स्थानीयलाई सास्ती

**सर्लाही समाचारदाता**
*सर्लाही, साउन २० गते*

सर्लाहीमा बाँके, फूलजोर, कालिन्जोर, लखन्देहीलगायत खोलाका दर्जनौं स्थानमा बर्सौंदेखि प्रतीक्षा गर्दासमेत पुल निर्माण हुन नसक्दा स्थानीय सास्ती खेप्न बाध्य भइरहेका छन्।

अहिले बर्खाको समयमा बाढी आएका बेला एक गाउँबाट अर्को गाउँसम्म पुग्न नसक्ने अवस्था रहेको स्थानीयको गुनासो छ। सर्लाहीको चुरे पहाड क्षेत्र र सिन्धुलीको विभिन्न भूभागमा वर्षा हुनासाथ बाँके, फूलजोर, कालिन्जोर र लखन्देहीखोलामा बाढी आउने गरेको स्थानीयले बताएका छन्।

चुरे भेगमा वर्षा भएर एक्कासि बाढी आउँदा मानिस तथा सवारीसाधन बगाउने जोखिम रहेको यात्रुले बताएका छन्। लालबन्दीस्थित एक बैङ्कमा सुरक्षागार्डको काम गर्ने ईश्वरपुर नगरपालिका–१२, घारीबथानका टेकबहादुर कार्कीले मङ्गलबार साँझ ड्युटी सकेर घर फर्कंदा फूलजोरखोलामा बाढी आएर डेढ घण्टासम्म रोकिनु परेको बताउनुभयो। खोला घटेपछि पाँच/सात जना मोटरसाइकलचालक मिलेर पालैपालो मोटरसाइकल पार गराएको कार्कीले सुनाउनुभयो।

लालबन्दी नगरपालिका–१५, देउराली र ईश्वरपुर नगरपालिका–१२, घारीबथानलाई जोड्ने फूलजोरखोलामा पुल नहुँदा स्थानीयले बर्सौंदेखि यस प्रकारको समस्या झेल्दै आएका छन्।

लालबन्दीतर्फबाट जाँदा खोलामा ठुलो बाढी आएको दिन वारिपट्टि स्थानीयको घरमा मोटरसाइकल छाडेर जाने गरिएको कार्कीले बताउनुभयो। चुरे भेगमा पानी परेर आकस्मिक बाढी आए पैदलयात्रु, मोटरसाइकलचालक, कुखुरा तथा दुध बोक्ने गाडीलगायतका सवारीसाधन बाढी नघटुन्जेल घन्टौँसम्म कुरेर बस्ने गरेका छन्। अत्यावश्यक काम परेका घुमाउरो सडक भएर आउजाउ गर्ने गरेका छन्।

सर्लाहीमा पुल नभएका धेरै ठाउँमा यस प्रकारको समस्या छ। बाढीमा जबरजस्ती सवारी साधन हाल्दा चालक तथा गाडी नै बगाउने घटना बारम्बार हुँदै आएको छ। पुल नभएकै कारण बर्खाका बेला ईश्वरपुर नगरपालिका–१२, घारीबथान र महोत्तरीको बर्दीबास नगरपालिका–११, खयरमारा गाउँमा बाढी आउँदा आउजाउ ठप्प हुने गरेको छ। लालबन्दी नगरपालिका–११, बाहुनी र लालबन्दी नगरपालिका–१३, पत्थरकोटालाई जोड्ने बाहुनीखोलामा पुल नहुँदा बाढी आएको समयमा स्थानीयले आउजाउ गर्न पाउँदैनन्।

हरिपुर नगरपालिका–१, जानकीनगर र हरिपुर नगरपालिका–२, हरिपुर बजारलाई जोड्ने लखन्देहीखोलामा पुल निर्माणको चर्चा चलेको बर्सौं बितिसकेको छ। खोलामा पुल नहुँदा जानकीनगर, जगतपुर र हजारबिघा क्षेत्रका स्थानीयलाई पालिकाको केन्द्र हरिपुर बजारसम्म आउन कठिन हुने गरेको छ।

हिउँदमा खोलाबाट सोझै हरिपुर बजार निस्कने गरे पनि बर्खायाममा कि जुटपानीको जीर्ण झोलुङ्गे पुल नत्र भने हरिवन र लालबन्दी नगरपालिका प्रवेश गरी महेन्द्र राजमार्ग निस्किएर पालिकाको केन्द्रसम्म आउजाउ गर्नुपर्ने बाध्यता रहेको छ।

बाँकेखोलामा पुल नहुँदा जिल्लाको दक्षिण–पूर्वी भेगको हरिपुर्वा र ईश्वरपुर नगरपालिकाका स्थानीयलाई पनि महोत्तरीको गौशाला बजार तथा पारिपट्टि पर्ने खेतमा आउजाउ गर्न समस्या पर्दै आइरहेको छ। ईश्वरपुर नगरपालिका–१३, श्रीनगरका वडाध्यक्ष तिलबहादुर तामाङले ईश्वरपुर क्षेत्रका धेरै स्थानीयको खेतीपाती, व्यापार र बजार गर्न बाक्लो आउजाउ हुने गरे पनि खोलामा पुल नहुँदा बर्खाका बेला समस्या पर्ने गरेको बताउनुभयो।

स्थानीय बासिन्दा तथा जनप्रतिनिधिले पुलको माग गर्दै प्रदेश र सङ्घ सरकारका मन्त्री स्वयम्लाई भेटेर ध्यानाकर्षण गराउने तथा कार्यालयमा पुगेर बारम्बार ज्ञापनपत्र बुझाउने गरे पनि सुनुवाइ नभएको गुनासो गरेका छन्। धेरै ठाउँमा कालोपत्रे सडक बनिसकेको तर खोलामा पुल नहुँदा सास्ती बेहोर्नु परेको स्थानीयले गुनासो गरेका छन्।

पूर्वाधार विकास कार्यालय सर्लाहीका निमित्त प्रमुख सञ्जय यादवले स्थानीय तह, पूर्वाधार विकास कार्यालय, सडक डिभिजन, स्थानीय पूर्वाधार विकास आयोजनालगायतका निकायले पुल निर्माणको काम गर्दै आइरहेको जानकारी दिनुभयो।



तस्बिर : जनार्जन खत्री

फूलजोरखोला तर्न नसकेर किनारमा बसिरहेका स्थानीय ।

# भारतीय प्रहरीको हिरासतबाट किसान रिहा

**सर्लाही समाचारदाता**
*सर्लाही, साउन २० गते*

सीमापारि भारतमा मल लिन जाँदा पक्राउ परेर एक महिनादेखि भारतीय प्रहरीको हिरासतमा रहेका सर्लाहीका दुई जना किसानलाई छाड्न त्यहाँको अदालतले आदेश दिएको छ। धान रोपाइँ गर्न गत असार १८ गते मल लिन जाँदा सर्लाहीको सीमावर्ती बलरा नगरपालिका–५ का सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह पक्राउ पर्नुभएको थियो। उहाँहरूलाई एक महिनासम्म भारतको सीतामढीस्थित डुम्रा थानाको हिरासतमा राखिएको छ।

बुधबार स्थानीय अदालतले दुवै जनालाई छाड्न आदेश दिएको सीतामढीमै रहनुभएका सुरेशप्रसाद सिंहका छोरा अविनाश सिंहले जानकारी दिनुभयो। बुवा र अर्का किसान साउन १५ गते नै छुट्ने अवस्था रहे पनि न्यायाधीश लामो समयसम्म बिदामा बसिदिँदा पेसी सरेर ढिलो भएको अविनाशले बताउनुभयो। दुवै जनालाई अदालतले जमानतमा छाड्न आदेश दिए पनि भारतकै आधार कार्ड भएका दुई जना व्यक्तिलाई साक्षी राखेर बिहीबार मात्र घर ल्याइने अविनाशले बताउनुभयो। उहाँका अनुसार बुधबार डुम्रा अदालतका न्यायाधीश अखलेशकुमार झाको इजलासले दुवै जनालाई जमानतमा छाड्न आदेश दिएको हो।

बलरा पुर्ख्यौली घर भई सदरमुकाम मलङ्गवामा बस्दै आउनुभएका दुवै जना किसान सोनवर्षा–मलङ्गवा नाका हुँदै मल किनेर ल्याई बलरा पुगेर धानबाली लगाउने योजनामा हुनुहुन्थ्यो। नेपालमा सहज रूपमा मलखाद नपाउँदा सीमावर्ती क्षेत्रका किसान भारतीय मल ल्याउन भारतीय बजारमा पुग्ने गरेका छन्। त्यस क्रममा केही किसानलाई यसरी भारतीय सीमा सुरक्षा बलले पक्राउ गरेर डुम्रा थानामा लगेर थुन्ने प्रवृत्ति बारम्बार दोहोरिँदै आएको छ।

### सर्पदंशबाट मृत्यु

सर्लाहीको लालबन्दी नगरपालिका–२, जुटपानी गैरीटोलमा विषालु सर्पले डसेर अढाई वर्षीय बालिकाको मृत्यु भएको छ।

घरमा खेलिरहेका बेला गोमन सर्पले डसेर अढाई वर्षीय बालिका शिवानीकुमारी बैठाको मृत्यु भएको हो। मङ्गलबार दिउँसो खेलिरहेकी बालिका एक्कासि चिच्याएर रुन थालेपछि सर्पले डसेको आशङ्का गरी आमा र घरमा नेट जोड्न आएका डिसहोमका युवक मिलेर खोजी गर्दा गोमन सर्प फेला पारेका थिए।

सर्पले डसेको पुष्टि भएपछि बालिकालाई उपचारका लागि लालबन्दी नगरपालिका–१, नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा ल्याइएको थियो। बालिकालाई यहाँ आधा घण्टा जति उपचार गर्दा पनि अवस्था झन् गम्भीर बन्दै गएपछि स्वास्थ्यकर्मीले भेन्टिलेटरको सुविधा रहेको बर्दीबास वा जनकपुर रेफर गरेका थिए।

बर्दीबास लगेर परीक्षण गर्दा बालिकाको मृत्यु भएको पुष्टि भएको परिवारका सदस्यले बताएका छन्। नवलपुर सर्पदंश उपचार केन्द्रका इन्चार्ज एवं हेल्थ असिस्टेन्ट जगरनाथ यादवले बालिकालाई विष चढी सकेर गम्भीर अवस्थामा ल्याइएकाले उपचार गर्न कठिनाइ भएको बताउनुभयो।

# फोहोर व्यवस्थापन गर्न परियोजना

**बर्दीबास समाचारदाता**
*बर्दीबास, साउन २० गते*

बर्दीबास नगरपालिकासहित आसपासका पाँच स्थानीय तहमा देखिएको फोहोरमैला व्यवस्थापन गर्न क्लस्टर मोडेलमा आधारित संयुक्त बृहत् परियोजना अघि बढाइने भएको छ। बर्दीबास नगरपालिकाका नगरप्रमुख प्रह्लाद क्षेत्रीले जनकपुर उपमहानगरपालिका, बर्दीबास नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, मिथिला नगरपालिका र छिरेश्वरनाथ नगरपालिका मिलेर सार्वजनिक–निजी साझेदारी (पिपिपी) मोडेलमा फोहोरमैला व्यवस्थापनको एकीकृत योजना कार्यान्वयन गर्ने तयारी गरिएको बताउनु भयो।

परियोजना अनुसार बर्दीबास नगरपालिकाको मुख्य प्रशोधन केन्द्र (होस्ट पालिका) का रूपमा रहने छ। सहभागी पाँच वटै स्थानीय तहले आफ्नो क्षेत्रमा फोहोर सङ्कलन तथा प्रारम्भिक प्रशोधनका लागि सर्टिङ तथा डम्पिङ केन्द्र स्थापना गर्ने छन्। त्यहाँ प्रारम्भिक व्यवस्थापनपछि फोहोर बर्दीबासमा ल्याइने छ। जहाँ आधुनिक प्रविधिबाट अन्तिम प्रशोधन गरी पुनर्प्रयोगयोग्य तथा बजारयोग्य वस्तु उत्पादन गर्ने योजना रहेको नगरप्रमुख क्षेत्रीले जनाउनुभयो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार परियोजना सञ्चालनका लागि निजी क्षेत्र र सरकारी निकायबिच प्रारम्भिक छलफल सम्पन्न भइसकेको छ। यो परियोजनाले फोहोरलाई वातावरणीय समस्याका रूपमा मात्र नभई आर्थिक स्रोतका रूपमा समेत रूपान्तरण गर्ने उहाँले बताउनुभयो।

परियोजनाका लागि युके सरकारको सहयोगमा कार्यरत अन्तर्राष्ट्रिय तथा अन्तरसरकारी संस्था ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट (जिजिजिआई) ले प्रारम्भिक अध्ययन तथा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरिसकेको छ। हाल विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्ने काम तीव्र गतिमा भइरहेको छ।

स्थानीय तहको संयुक्त प्रयासमा अघि बढाइएको यो परियोजनाले फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउनुका साथै वातावरण संरक्षण, सार्वजनिक स्वास्थ्य सुधार, रोजगारी सिर्जना र पुनर्चक्रण उद्योगको विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

# घर भत्किँदा उठिबास छाक टार्न पनि समस्या

**पर्सा समाचारदाता**
*पर्सा, साउन २० गते*

पर्साको वीरगन्ज सडक विस्तार गर्ने क्रममा कुनै प्रकारको राहत उपलब्ध नगराई घर भत्काउँदा कतिपय घरधनीको उठिबास भएको छ।

सडक डिभिजन कार्यालय हेटौँडाले वैशाख ६ गतेदेखि अल्पकालीन सूचनाका आधारमा वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको अतिक्रमित जग्गाको दायाँबायाँ २५/२५ मिटरभित्र बनाइएका घरटहरा भत्काउन सुरु गरेको छ। वीरगन्ज बचाऊ सङ्घर्ष समितिका अध्यक्ष एवं वीरगन्ज महानगरपालिका–९ का वडाध्यक्ष जवाहरप्रसाद गुप्ताले सडक डिभिजन कार्यालय हेटौँडाले १२ घण्टाको अल्पकालीन सूचनाका आधारमा घर भत्काउन थालेपछि कतिपय घरधनीले आफ्नो घरको सामानसम्म लैजान नसकेको पीडा सुनाउनुभयो। उहाँले आफ्नो घरभित्र रहेको सामान जोगाउन समयसमेत नपाएका घरधनी कुनै प्रकारको राहत वा मुआब्जा नपाउँदा झनै बिचल्लीमा परेको बताउनुभयो।

उहाँले घर भत्किँदा वीरगन्जको मुख्य सडकको लगभग एक हजार एक सय घरपरिवार प्रभावित भएको जानकारी दिँदै त्यसमध्ये तीन सय परिवारको उठिबास हुँदा छाक टार्नसमेत समस्या परेको बताउनुहुन्छ। वीरगन्ज युवा तथा व्यापारी सडकपीडित सङ्घर्ष समितिका अध्यक्ष कुन्दन रौनियारले वीरगन्जको मुख्य सडकको विकल्पमा दुई वटा बाइपास सडक र एउटा रेलवे सडक हुँदाहुँदै पनि सरकारले मुख्य सडक विस्तार गर्ने नाममा मुख्य सडकका घरधनीसँग अन्याय गरेको गुनासो गर्नुहुन्छ।

उहाँले वीरगन्जको मुख्य सडकलाई सहरी मार्ग कायम गर्न सरकारसँग घरधनीले आग्रह गर्दै आफ्नो घर आफैँ १५/१५ मिटर भत्काउन भनेका थिए तर सरकारले घरधनीको आग्रहलाई अस्वीकार गर्दै जग्गाधनी प्रमाणपत्र हुँदाहुँदै कुनै प्रकारको राहत मुआब्जा वा छुट नदिएको गुनासो गर्नुहुन्छ। अध्यक्ष गुप्ताले सडकपीडित घरधनीसँग सर्वोच्च अदालतले पनि विभेद गरेको गुनासो गर्नुभयो। सडक विस्तारका क्रममा हेटौँडा, सिमरा, जितपुर र परवानीपुरमा सडक विस्तार गर्दा २५/२५ गजभित्र बनाइएका घरटहरा भत्काउन आदेश दिएकोमा वीरगन्जको हकमा २५/२५ मिटरभित्र बनाइएका घरटहरा भत्काउन आदेश दिएर वीरगन्जवासीसँग विभेद गरेको गुनासो गर्नुहुन्छ।

वीरगन्ज घन्टाघरस्थित मुख्य सडकका निवासी कौशलकिशोर बरणवालले आफ्नो रोजीरोटीको माध्यमका रूपमा एक मात्र आफ्नै घरमा रहेको कपडा पसल र घरसमेत भत्किँदा छाक टार्नसमेत समस्या भएको बताउनुहुन्छ। पीडित बरणवालले यस विषयमा कुनै पनि दलका सांसद, विधायक वा अन्य जनप्रतिनिधिले प्रभावकारी रूपमा आवाज नउठाएको गुनासो गर्नुभयो। वीरगन्ज घन्टाघर मेनरोड निवासी राजेशकुमार केशरी र राकेशकुमार केशरी आफ्नो पैतृक सम्पत्तिमा घर बनाएको र त्यहीँबाट सानोतिनो व्यापार गर्दै आएकोमा सम्पत्तिको नाममा रहेको एक मात्र घर भत्किँदा घर भाडामा लिएर बसेको भए पनि व्यापार कहाँ गर्ने र छाक कसरी टार्ने आफ्नो समस्या जटिल बन्दै गएको पीडा सुनाउनुभयो।

## घर/सटर तथा जग्गा भाडा सम्बन्धी सूचना

प्रकाशित मिति:२०८३/०४/२१

यस महागुठीको स्वामित्वमा ललितपुर म.न.पा.५, लगनखेलमा रहेको घरको भुई तलाका सटरहरु तथा अस्थायी टहरा, काँडाघारी काठमाण्डौंको दक्षिणी भेगमा गेट तर्फ रहेका १८ वटा सटरहरु र पुर्बी भेग खसीमोड तर्फका १२ सटरहरुको पुर्ननिर्माण पछाडीको जग्गा सहित झण्डै डेढ रोपनी जग्गा एकमुष्ठ तथा भानु चोक जनकपुरमा रहेको घरको भुई तलाका सटरहरु हाल बसि रहेको वा अन्य भाडामा लिन चाहने व्यक्ति, फर्म वा कम्पनीले हालको भाडामा कमी नहुने गरी मासिक भाडा स्पष्ट गरी निबेदन दस्तुर बापत फिर्ता नहुने गरी प्रतिसटर रु.१०००/ तथा २ वा सो भन्दा बढी सटर वा एकमुष्ट लिन चाहानेले रु.५०००/निबेदन दस्तुर लेखा शाखामा वा महागुठीको कुमारी बैंक काँडाघारीमा रहेको खाता नं. ०२१००६४२६०५००००१ मा राखी संस्थाको केन्द्रिय कार्यालयको प्रशासन शाखा, काँडाघारीमा सूचना प्रकाशित मितिले ७ दिन भित्रमा निबेदन दिन हुन यसै सूचना मार्फत सबैमा सूचित गरिन्छ ।

**नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठी**
**केन्द्रिय कार्यालय, काँडाघारी, काठमाण्डौं ।**

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., भ.न.पा.–१३ को हाल ऐ. ३ बस्ने पुण्यश्वरी सुवालले ससुरा लतं वहादुर सुवाल भन्ने रत्न वहादुर सुवालको नाउँमा सर्भे नापीको पालामा मोही कायम भएको तपसिल बमोजिमको कित्ता जग्गाको मोही लतं वहादुर सुवाल मिति ०४७।७।१ मा, निजकी पत्नी बुद्ध माया सुवाल मिति २०२१ सालमा मृत्यु भई हक खाने छोराहरू रत्न वहादुर सुवाल–१ र बुद्धि वहादुर सुवाल १ समेत जना २ भएकोमा रत्न वहादुर सुवाल मिति २०७९।४।१७ मा, निजकी पत्नी कृष्ण बेटी सुवाल मिति २०८१।८।२२ मा निःसन्तान अवस्थामा मृत्यु भएको र बुद्धि वहादुर सुवाल मिति २०५५।५।३० मा मृत्यु भई हक खाने हकदारहरूमा म निवेदिका पुण्यश्वरी सुवाल–१, छोराहरू मुकेश सुवाल–१, सुनिल सुवाल–१ समेत जना ३ मात्र हकदारहरू बाहेक अन्य कोही नभएकोले उक्त जग्गा हालसम्म ज.ध. ले रैकरमा परिणत नगरेको ख श्रेणीको बिर्ता जग्गा भएकोले, बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ (ख) बमोजिम म निवेदिकाको नाममा रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी माग निवेदन परेको। १ नं. मोही लगत र २ नं. अनुसूची फेला नपरेको, बिर्ता तर्फको लगत हाललाई फेला नपरेको, ज.ध. को नाममा म्याद जारी गर्दा फेला नपरेको भनी म्याद फिर्ता आएको। यसमा निवेदिकाको बाहेक अन्य कसैको हक लाग्ने भएमा वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा वा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झौखेल | ८(ख) | ७०२ | ०–५–०–० | रत्न वहादुर सुवाल भ.पु. लासुकढोका ठाठुचा | | यो जग्गा ल.पु.ई. जावलाखेल बस्ने मानभवन बस्ने रेक्सील मेनी को हो मैले जोती आएको छु। | |

## भूमि प्रशासन कार्यालय, मनमैंजु काठमाडौंबाट नामसारी सम्बन्धमा जारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

का.जि., साबिक धर्मस्थली वडा नं. ३ हाल ता.न.पा. वडा नं. ६ बस्ने रामकृष्ण महर्जन समेतले निजहरूको बाबु, बाजे तथा जिज्यु बाजे बाबुलाल महर्जन, काशीलाल महर्जन, नेत्रलाल भन्ने बुलाल भन्ने बुद्दीलाल महर्जन समेत जना–३ का संयुक्त नाममा दर्ता स्रेस्ता कायम रहेको का.जि., धर्मस्थली वडा नं. १ग, कि.नं. ७३, क्षे.फ. ०–५–२० जग्गामा ज.ध. बाबुलाल महर्जनको २०३१ सालमा, काशिलाल महर्जनको २०२६ सालमा, नेत्रलाल भन्ने बुलाल भन्ने बुद्दीलाल महर्जनको मिति २०७३।१२।१६ मा आ–आफ्नो कालगतिले मृत्यु भएको हुँदा अब हामी जीवित हकदारहरू रामकृष्ण महर्जन, पुर्ण महर्जन, बाबुराजा महर्जन, सुर्य महर्जन, कृष्ण महर्जन, राजिन महर्जन, मनकृष्ण महर्जन, राजेश महर्जन, सुन्तली महर्जन र राजाराम महर्जन समेत जना–१० का संयुक्त नाममा नामसारी गरिपाऊँ भनी यस कार्यालयमा द.नं. १८०, मिति २०८३।०४।०६ मा माग निवेदन दिनुभएकोमा उल्लिखित कित्ता जग्गा निवेदकहरूका नाममा संयुक्त नामसारी गर्न मिल्ने हो/होइन ? माग बमोजिम ना.सा. हुनु नपर्ने भए वा निबेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने छ।

## भूमि प्रशासन कार्यालय, चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा, बुढानीलकण्ठ–१३, काठमाडौँ बस्ने निवेदक श्री ज्ञान माया श्रेष्ठले मेरो आफ्नै नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकहरूको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताको लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दावी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| चुनीखेल | ८/ख | ४४ | ३–३–१–० | हिरा रंजितकार समेत का.ई जैसीदेवल | ज्ञान माया श्रेष्ठ |

**ज.द. मिसिल मिति २०६४।१२।१८, मि.नं. १२८ मिति ०६६/६७ र मिति २०८२।११।१४ मा ज.द. ना.सा. भिडेको।**

## भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा, बुढानीलकण्ठ –१३, काठमाडौं बस्ने निवेदक श्री गणेश माया श्रेष्ठले मेरो आफ्नै नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा बिर्ता उन्मूलन ऐन, २०१६, बिता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानून बमोजिम मेरो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकहरूको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताको लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिमं भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| चुनीखेल | ९/क | १६८ | ०–६–२–० | सनकमान | गणेश माया श्रेष्ठ |

**ज.द. मि.नं. ९९ मिति ०६६/६७ र मिति २०८३।०२।०१ मा रै.प. भिडेको।**

## श्री भूमि प्रशासन कार्यालय, मनमैंजु काठमाडौँबाट जारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

काठमाडौँ जिल्ला, तारकेश्वर नगरपालिका वडा नं. ९ बस्ने शोभा महर्जन समेतले निजहरूका बाजे तुल्सी नारायण महर्जनका नाममा मोहियानी कायम भई सर्भे नापीका समयमा नापनक्सा भएको तपसिलमा उल्लिखित जग्गा बाजे तुल्सी नारायण महर्जनको २०२५ सालमा, बज्यै मैया महर्जनको २०२० सालमा, बुबा/ठूलो बुवा काशीलाल महर्जनको २०२३ सालमा, आमा/ठूली आमा पुनमाया महर्जनको २०४७।०५।०६ मा, बुवा/काका वेखालाल महर्जनको २०३६ सालमा, आमा/काकी आशामती महर्जनको २०६८।०१।२३ मा, छोरी/भतिजी/बहिनी सुकमाया महर्जनको अविवाहित अवस्थामा मिति २०७२।०३।१३ मा आ–आफ्नै कालगतिले मृत्यु भएकोले शेषपछिका हकदारहरूमा हामी निवेदक नाति/नातीनी/छोरा/छोरी शोभा महर्जन, दश नारायण महर्जन, बसुन्धरा महर्जन, लक्ष्मण महर्जन समेत जना–४ भएकोले रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी ता.न.पा. ९ नं. वडा कार्यालयको च.नं. २१५२ मिति २०८३।०३।२२ को सिफारिस पत्र साथ साविक किलागल पोता नं १६९/१५४ साविक लगत संलग्न राखी माग निवेदन दिनुभएकाले उल्लिखित कित्ता जग्गा निवेदकका नाममा रै.प. दर्ता/ना.सा. हुन नपर्ने कुनै कारण भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा निवेदकको मागदाबी झुठ्ठा भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने छ। **तपसिल**

| क्र.सं. | गा.बि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहिको नाम थर वतन | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मनमैजु | ३ख | १०१ | २–४–१–० | तुल्सी नारान महर्जन का.ई. ठठुटोल | का.ई महाबौद्ध बस्ने मोतिरत्न उदास समेत अरू गुठियारलाई कुत तिरी खाएको छु। | सा. पोता १६९/१५४ बाट दर्ता |

## भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., दुवाकोट वडा नं. ८ को हाल परिवर्तित चा.न.पा. वडा नं. १ बस्ने राजन बस्नेतले मेरो पिता कुमाल सिंह बस्नेत क्षेत्रीको नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक मोही कुमाल सिंह बस्नेत क्षेत्रीको मिति २०७९।०४।०१ मा, निजकी श्रीमती, मेरी आमा दालचिनी बस्नेतको मिति २०५१।१२।११ मा मृत्यु भई हक खाने हकदार छोरा म निवेदक राजन बस्नेत मात्र भएको, सो जग्गा मैले जोत कमोद गरी कमाई आएको (ख) श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको। फिल्डबुकमा देखिएका ज.ध. का.जि., का.म.न.पा. वडा नं. २६ धोबीधारा बस्ने चौतारिया मैयालाई २१ दिने म्याद जारी गर्दा निजको घर खोजतलास गर्दा फेला नपरेको हुनाले र तीनपुस्ते नखुलेको हुँदा सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गर्न नसकिएकोले सो म्याद यसै पत्र साथ प्रतिवेदन पेश गरी फिर्ता गरेको छु भनी भूमि प्रशासन कार्यालय डिल्लीबजार काठमाडौँको च.नं. १७२७६ मिति २०८३।०३।२९ को पत्र समेत पेश भएको, दुवाकोट नापी ठेली ४ को १०२८ मा ८/ख कि.नं. ६२ ज.ध. चौतारीया मैया का.ई. धोबीधाराको नाममा दर्ता बाँकी मोठ कायम छ, साथै मोही महलमा कुमाल सिंह बस्नेत उल्लेख छ। मि.नं. ११/०६५/८/१५ र मि.नं. १८० मधु शाह र कुमाल सिंह बस्नेत भिडेको देखिन्छ भनी मोठ फाँटबाट लेखिआएको, साविक मोहीको नाम कतै कुमाल सिं बस्नेत, कतै कुमाल वस्नेत श्रेत्री उल्लेख भएता पनि ती नामथर भएको व्यक्ति अलग–अलग नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, मोहियानी हकको फो.क. पेश गरेको, १ नं. मोही लगत र २ नं. अनुसूची पेश गरेको, ७ नं. फाँटबारी फेला नपरेको भनी लेखिआएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | ८/ख | ६२ | २–१५–०–० | कुमाल सिं बस्नेत भ.पु. सरस्वतीखेल | का.ई. धोबीधारा बस्ने चौतारीया मैयाको जग्गा जोती खाई आएको। |

**पुनश्चः– ज.द. मि.नं. २१/ख/०७५/७६ मि.नं. ३७२/०८२/८३ प्रकाश जंगपराक्रम शाहको मिसिल समावेश रहेको।**

## भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा, बुढानीलकण्ठ–१३, काठमाडौँ बस्ने निवेदक श्री राजकाजी श्रेष्ठले मेरो पिता राम बहादुर श्रेष्ठका नाममा सर्भे नापीका समयमा मोहियानी हक कायम भई हालसम्म दर्ता प्रमाणित बाँकी रहेको तपसिल बमोजिमको जग्गा पिता राम बहादुर श्रेष्ठको मिति २०५८।१०।१० मा मृत्यु भएको र निज समेतको मृत्युपछिका सबैभन्दा नजिकका हकदारहरू म समेत दुइ जना मात्र भएकाले बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ को दफा ७ (क) तथा प्रचलित कानुन बमोजिम हाम्रो नाममा रै.प. दर्ता नामसारी गरिपाऊँ भनी माग भएकोमा उक्त जग्गाको वास्तविक ज.ध. को हुन्, अरू हकदारहरू छन् वा छैनन् ? उक्त जग्गा निवेदकको माग बमोजिम निवेदकहरूको नाममा रै.प. जग्गा दर्ता नामसारी/दा.खा. नहुनु पर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा उक्त जग्गा दर्ताको लागि यसअघि अरू कसैले निवेदन माग गरेको भए वा सो जग्गा सरकारी सार्वजनिक गुठी अन्तर्गतको भएमा वा निवेदकको माग दावी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| चुनीखेल | ९/क | १४२ | ०–२–२–० | सनकमान | राम बहादुर श्रेष्ठ का.ई. गाम्चा |

**मि.नं. २०६ मिति ०६६/६७ रै.प. भिडेको।**

## भूमि प्रशासन कार्यालय भक्तपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि., भ.न.पा वडा नं. १२ को हाल ऐ. ४ बस्ने तुल्सी नागाको नाउँमा सर्भे नापीको पालामा मोही कायम रहेको जग्गाका साबिक मोही तुल्सी नागाको मिति २०४२/०५/२५ मा, निजकी श्रीमती सानु माया नागाको मिति २०५२/०२/१८ मा परलोक भई हक खाने एक मात्र छोरा म निवेदक हरिराम नागा मात्र भएको साबिक मोही तुल्सी नागाको नाउँ फिल्डबुकमा तुल्सी नागाजु लेखिएको अन्य प्रमाण कागजातमा तुल्सी नागा लेखिएको हुँदा यी नाम, थर भएका व्यक्ति अलग अलग नभई एकै व्यक्ति तुल्सी नागा नै हो भन्ने व्यहोराको सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको र हालसम्म ज.ध. ले रैकरमा परिणत नगरेको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन, २०१६, बिर्ता उन्मूलन नियमावली, २०१७ तथा प्रचलित कानून बमोजिम निवेदकको नाउँमा रै.प. दर्ता ना.सा गरिपाऊँ भनी माग गरेको, मोठमा र फिल्डबुकमा देखिएका ज.ध. समुचरण मुनकर्मी, अद्यामास्तर, मैया नानी र जित कुमारी राजभण्डारी र कृष्ण दास मुनकर्मीलाई म्याद जारी गर्दा निजको ठेगाना पत्ता नलागेको सम्बन्धित वडा कार्यालयमा सूचना टाँस भएको र म्यादभित्र हाजिर हुन नआएकोले उल्लिखित कित्ता जग्गा निवेदकको नाउँमा रै.प. दर्ता ना.सा. हुने गरी माग गरेकोले निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता हुनु नपर्ने कुनै कारण भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण हकदाबी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै बिर्ता तर्फको लगत र २ नं. अनुसूचीको रेकर्ड फेला नपरेको भनी सम्बन्धित फाँटबाट उल्लेख भएको। **फिल्डबुकको व्यहोरा।**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सिपाडोल | १ (ख) | ३०९ | ४–१२–०–० | तुल्सी नागजु भक्तपुर | यो जग्गा कृष्ण दास मुनकर्मी, समुचरण मुनकर्मी मैया नानी, जित कुमारी र अद्यामास्तरको हो मैले कमाई जोती आएको छु। |

# सडकसँगै बग्दै करोडौं लगानी

**कोकिला ढकाल**
*इलाम, साउन २० गते*

बर्सौंदेखि जमिन बगेर यातायात अवरुद्ध हुने गरेको मेची राजमार्ग अन्तर्गत इलामको माईखोला–राजदुवाली सडकमा राज्यको करोडौँ रुपियाँ खर्च भइरहेको छ।

पछिल्लो समय यो खण्डमा यातायात बन्द भएको करिब एक महिना भएको छ। यो अवधिमा इलामसहित पाँचथर र ताप्लेजुङसम्मका सर्वसाधारणले दैनिक उपभोग्य वस्तु अभाव मात्र होइन, बिरामीले जीवन बचाउनका लागि पनि उत्तिकै सकस खेप्नु परेको छ। निरन्तर वर्षाले इलाम सदरमुकामतर्फ जाने सबै सडक अवरुद्ध हुँदा उपचारका लागि झापा जानुपर्ने बिरामीलाई राजदुवालीको पहिरोमा बोकेर पार गराउनु परेको छ।

वैकल्पिक सडक सिमल गोलाई–तिल्केनी र केचना कञ्चनजङ्घा दुवै सडक बिचमा पर्ने जोगमाई र पुवाखोलामा बनाइने डाइभर्सन बाढीले निरन्तर बगाइरहँदा इलामसहित पाँचथर र ताप्लेजुङवासी प्रभावित भइरहेका छन्।

राजदुवाली खण्डमा सडक मर्मतको काम भएको पनि दशक बितेको छ। यो अवधिमा करोडौँ रुपियाँ यो खण्डको पहिरोसँगै बगिरहेको छ। यो सडकखण्डको मर्मतका लागि २०७२ साल असारमा 'रड एकरिङ' का लागि छ करोड ७७ लाख ७८ हजार ३२७ रुपियाँमा ठेक्का लागेको थियो। यो ठेक्का आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्म चलेको सडक डिभिजन कार्यालय इलामको तथ्याङ्कमा उल्लेख छ। त्यसपछि ३०/४० लाखका साना खाले ठेक्का लागेको र त्यसबाट ग्याबिन वाल, ग्राभेल, नालीलगायतका कामका लागि विभागीय बैठकको निर्णय र कार्यालयबाट खर्च भएको पाइएको सडक डिभिजन कार्यालय इलामका इन्जिनियर अर्जुन घिमिरेले जानकारी दिनुभयो। ठुला करोडौँ रुपियाँका ठेक्का हुन् वा साना कुनै पनि काम लागेका छैनन्। गत वर्ष असोज १८ मा आएको वर्षापछि बाढी र पहिरोले यो स्थानमा १२ दिनसम्म यातायात अवरुद्ध भएको थियो।



तस्बिर : कोकिला ढकाल

**मेची राजमार्गको राजदुवाली माईखोलास्थित पहिरो गएको स्थानमा मर्मत हुँदै।**

अहिले पनि राजदुवालीमा मर्मतको काम भने भइरहेको छ। यातायात अवरुद्ध नै गरेर गरिएको मर्मतको काम अब अन्तिम हुँदै गएको इन्जिनियर घिमिरेले जानकारी दिनुभयो। घिमिरेले भन्नुभयो, "पानी नपर्ने हो भने दुई/तीन दिनमै काम सकिन्छ तर काम गर्न पानी परेकैले ढिलो भइरहेको छ।" यस पटक भने राजदुवाली खण्डका लागि दुई करोड १४ लाख ९६ हजार ३४१ रुपियाँको ठेक्कामा काम भइरहेको छ। यो पटक खोलाबाट कङ्क्रिट वाल, ग्याबिन वाल, ड्रिलिङ गरेर पानी भित्रबाट निकाल्ने, सोलिङ, ग्राभेललगायतको काम भइरहेको डिभिजन कार्यालय इलामले जनाएको छ।

यो खण्डमा जति नै मर्मतको काम गरे पनि खासै भरपर्दो भने नभएको इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौड्यालको भनाइ छ। पौड्यालले भन्नुभयो, "सरकारले यो खण्डमा करोडौँ रुपियाँ खर्च गर्छ, बर्सेनि पहिरो र हिलोमा बग्छ, अहिलेसम्म भएका कुनै पनि मर्मतका काम सफल भएनन्। यो वर्ष पनि काम त भइरहेको छ तर ठुलो पानी पर्नासाथ माथिबाट पहिरो जाने सम्भावना प्रबल छ। यहाँ खर्च गर्नुभन्दा वैकल्पिक सडकको मर्मत गरिदिएको भए त्यो अति उत्तम हुने थियो।"

महेन्द्ररत्न बहुमुखी क्याम्पसका पूर्वप्रमुख जसबहादुर लुङ्गेलीले भन्नुभयो "पुवाखेला जलविद्युत्को पेनस्टक पाइपबाट त्यो क्षेत्रमा भित्रभित्रै पानी बगेको भन्ने जानकारी आएको छ। हामी सर्वसाधारणले हेर्दा पनि त्यसबाट सडकमा क्षति भएको हो भन्ने सम्भावना धेरै छ। मर्मत नै नअडिने अवस्था भएको छ भने त्यहीँ किन सरकारले खर्च गर्छ ? हाम्रो प्रश्न सरकारलाई छ। हामी मेची पहाडका बासिन्दा आधारभूत आवश्यकताबाट वञ्चित भएका छौँ।"

इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालको नेतृत्वमा सडक डिभिजन कार्यालय इलामका प्रमुख र प्राविधिकसहितको टोलीले आयोजनाका लागि लगिएको 'पेनस्टक पाइप' बाट पानी चुहिएको भेट्टाएको थियो। निरीक्षणका क्रममा पेनस्टक पाइपभित्रको करिब डेढ किलोमिटर दुरीसम्म निरीक्षण गर्दा दुई सय मिटर लम्बाइमा धेरै नै 'क्र्याक' भएको पाइएको थियो।

'क्र्याक' भेटिएपछि जलविद्युत् आयोजनालाई तत्काल मर्मत गर्न भनिएको र असार १६ गतेको जिल्ला विपत् व्यवस्थापन समितिको बैठकबाट निर्णयसमेत गरेर मर्मत गर्न पत्र पठाइएको प्रमुख जिल्ला अधिकारी ढकालले जानकारी दिनुभयो। अहिलेसम्म आयोजनाले पनि मर्मतको कुनै काम अघि भने नबढाएको प्रजिअ ढकालको भनाइ छ। "आयोजनाले पनि भूगर्भविद्सहितको अध्ययन टोलीबाट अध्ययन चाहिँ गरायो, त्यो टोलीले पनि पेनस्टक पाइपको भित्र क्र्याक भएको र मर्मत गर्नुपर्ने रिपोर्ट पठायो तर आयोजनाले ढिलो गरिरहेको छ," प्रजिअ ढकालले भन्नुभयो, "अब पुवाखोलामा बेलिब्रिज जडान भएपछि म आयोजनासँग एक्सनमा जान्छु। अहिले चाहिँ आयोजनाको पानी बन्द गर्दा केचना–कञ्चनजङ्घा अन्तर्गत पुवाखोलाको डाइभर्सन चलाउन सकिँदैन कि भनेर चुप लागेको छु।"

## कुराउनी बनाएर राम्रो आम्दानी

**पाखीबास समाचारदाता**
*पाखीबास, साउन २० गते*

धनकुटाको महालक्ष्मी नगरपालिका दुध उत्पादन राम्रो हुने ठाउँका रूपमा परिचित छ। डाँडागाउँका शिवबहादुर बस्नेतले गाउँमै दुध उत्पादनसँगै प्रशोधन उद्योग सञ्चालन गरी कुराउनी उत्पादन गर्दै आउनुभएको छ। गाउँमा उत्पादन गरेको कुराउनी स्थानीय बजारदेखि काठमाडौँसम्म बिक्री हुने गरेको छ।

उहाँले यस ठाउँको पहिचानलाई व्यवसायमा रूपान्तरण गर्दै गाउँमै दुध प्रशोधन उद्योग सञ्चालन गरी कुराउनी उत्पादन गर्नुभएको हो। हरेक बिहान उहाँले दुध सङ्कलन गरेर कुराउनी बनाउने गर्नुहुन्छ। कराउनी बनाएर प्याकिङ गरी ग्राहकसम्म पठाउने काममा उहाँ व्यस्त हुनुहुन्छ। गाउँभरिको दुध सङ्कलन गरी आफ्नै उद्योगमा उत्पादित कुराउनी स्थानीय बजार धनकुटासहित, सङ्खुवासभा, सुनसरी, मोरङ हुँदै काठमाडौँसम्म पुग्न थालेको उहाँले बताउनुभयो।

आफैँले पनि उन्नत जातका तीन वटा गाई र भैँसी पाल्नुभएको छ। घरपरिवारका सबै सदस्य यही व्यवसायमा आबद्ध हुनुहुन्छ। उद्योगमा कुराउनी मात्रै होइन, दुध खेर जान नदिन कुराउनीसँगै घिउ र छुर्पीसमेत उत्पादन गर्ने गरिन्छ। बस्नेतका अनुसार मागबमोजिम दैनिक करिब ४० किलोसम्म कुराउनी बन्ने गरेको छ। उहाँले उत्पादन गरेको कुराउनी प्रतिकिलो सात सय रुपियाँमा बिक्री हुने गरेको छ। त्यसो त पछिल्लो समय कुराउनीको माग अत्यधिक आउने गरेको उहाँ बताउनुहुन्छ। गाउँमै प्रशोधन उद्योग सञ्चालनमा आएपछि स्थानीय किसानलाई राहत भएको छ। दुध बेच्न बजार खोज्नुपर्ने र जानुपर्ने बाध्यतासमेत हटेर राहत मिलेको छ।

## चिया बगानमा कामदार अभाव

**राधा लुइटेल**
*फिदिम, साउन २० गते*

जिल्लाको याङवाराक र फालेलुङ गाउँपालिकामा बगानक्षेत्र रहेको पाथीभरा टी स्टेट श्रमिक अभाव झेलिरहेको छ। छ सय रोपनी क्षेत्रफलमा फैलिएको यो चिया बगानले चैतदेखि मङ्सिरसम्म दैनिक ४० देखि ५० जना श्रमिकलाई रोजगारी दिने क्षमता राख्ने भए पनि अहिले दैनिक १० देखि १५ जनासम्म कामदार खटाएर चिया टिपाइरहेको छ।

फागुन, चैतदेखि सुरु हुने चिया टिप्ने र प्रशोधन गर्ने काम मङ्सिरसम्म निरन्तर हुन्छ तर मुख्य सिजनमै कामदार नपाउँदा चियाका मुना छिप्पिएर खेर जाने अवस्था भएको सञ्चालक राजन भट्टराई बताउनुहुन्छ।

पाँचथरका फालेलुङ र याङवाराक गाउँपालिका क्षेत्रमा बगान फैलिएको यो टी स्टेटको मुख्य कार्यालय याङवाराक–३, चरीभन्ज्याङमा छ। जहाँ रासायनिक, मल विषादी र अन्य रसायन प्रयोग नगरी जैविक (अर्गानिक चिया) उत्पादन हुन्छ।

पाथीभराको बगानमा उत्पादन हुने चियाको स्वाद, बास्ना र गुणस्तरले अन्तर ष्ट्रिय बजारमा अलग पहिचान बनाएको छ। सञ्चालक राजन भट्टराईका अनुसार अहिले बगानमा नियमित र आंशिक गरी १८ जना मात्रै कामदार छन्। मुख्य सिजनमा कम्तीमा थप ३० जनासम्म कामदार आवश्यक पर्ने भए पनि जनशक्ति अभावले उत्पादन क्षमता अनुसार काम गर्न नसकिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिले चियाको मुना टिप्ने, बोट गोडमेल गर्ने सबैभन्दा व्यस्त समय हो तर प्रशोधन केन्द्रभित्र काम गर्ने जनशक्ति अपुग छ, आवश्यक कामदार पाए उत्पादन अझै बढाउन सकिन्छ।"

एक हजार रोपनी क्षेत्रफल रहेको यो टी स्टेटले हाल छ सय रोपनी जमिनमा चिया रोपिसकेको छ। जहाँ उत्पादित चियापत्ती टिपेर आफ्नै कारखानामा प्रशोधन गरेर अर्थोडक्स चिया तयार गरिन्छ।

कम्पनीले चिया टिप्ने श्रमिकलाई प्रतिकिलो ११० रुपियाँका दरले पारिश्रमिक दिँदै आएको छ। यसबाहेक कम्पनीभित्र चिया केलाउने र प्याकेजिङ गर्दा अतिरिक्त पारिश्रमिक दिन्छ। यहाँ कार्यरत श्रमिक शशिकला राईले नियमित काम गर्दा मासिक ३७ हजारसम्म कमाउन सकिने अनुभव सुनाउनुभयो। उहाँले भन्नुभयो, "गाउँघरका साथीभाइ रोजगारी पाएनौँ भन्दै धेरै खर्च गरेर देशविदेश चहार्नुहुन्छ, बेरोजगार भयौँ भन्नेले यहीँ काम गर्दा विदेशमा जति पैसा कमाउन सकिँदो रहेछ।"

यहाँ विभिन्न स्वादका चिया तयार हुन्छन्, तीमध्ये टिमुरको स्वाद मिसाइएको विशेष चियाको माग उल्लेख्य रूपमा बढेको छ। यहाँ १० भन्दा धेरै स्वादका चिया उत्पादन हुँदै आएको छ। उच्च पहाडी हावापानी र जैविक पदार्थले भरिपूर्ण माटो यस क्षेत्रको मुख्य विशेषता हो। यही कारण यहाँ उत्पादन हुने चियालाई अर्गानिक गुणस्तरका हिसाबले नेपालकै उत्कृष्टमध्ये एक मानिन्छ। बगानमा प्राकृतिक सन्तुलन कायम राख्दै जैविक प्रविधिबाट खेती गरिएकाले यसको गुणस्तर अन्तर्राष्ट्रिय बजारमा समेत स्थापित भएको छ।

पाथीभरा पाँचथर जिल्लामा २०४८ सालमा स्थापना भएको दोस्रो चिया बगान हो। स्थापनाकालदेखि नै यसले उच्च पहाडी अर्गानिक चिया उत्पादनमा छुट्टै पहिचान बनाउँदै आएको छ। २०६२/६३ सालको जनआन्दोलन र त्यसपछि कोरोना महामारीका कारण उत्पादनमा ठुलो असर परेको थियो। बगान केही समय सुस्ताए पनि २०६९ सालमा युवा चिया उद्यमीको सक्रियता र नयाँ चिया प्रशोधन कारखाना स्थापना भएपछि उद्योगले नयाँ गति लियो। आधुनिक प्रविधिको प्रयोगसँगै उत्पादन बढ्न थालेको सञ्चालक भट्टराई बताउनुहुन्छ।

पहिलेका वर्षमा करिब आठ हजार किलोग्राम चिया उत्पादन हुने यस बगानले यो वर्ष १६ हजार किलोग्रामसम्म उत्पादन गर्ने क्षमता विस्तार गरेको छ तर कामदार अभावले लक्ष्य अनुसार प्रगति हुन सक्नेमा सञ्चालक संशय व्यक्त गर्छन्। आवश्यक जनशक्ति उपलब्ध भए उत्पादन अझै उल्लेख्य रूपमा वृद्धि गर्न सकिने उहाँको भनाइ छ।

बगानमा मुना टिप्ने अधिकांश कामदार महिला छन्। उनीहरूलाई काम गरेका आधारमा पारिश्रमिक दिइन्छ। नेपालको पूर्वी पहाडी क्षेत्रमा उत्पादित अर्गानिक अर्थोडक्स चियाको माग अन्तर्राष्ट्रिय बजारमा निरन्तर बढिरहेका बेला पाथीभरा टी स्टेटले उत्पादन विस्तारको योजना बनाएको छ। सबैभन्दा ठुलो चुनौती भनेको दक्ष कामदारको अभाव छ।

कुल उत्पादन वृद्धि

## कृषि कर्जा र दुध उत्पादनमा गिरावट

**हरिप्रसाद कोइराला**
*उर्लाबारी, साउन २० गते*

कोशी प्रदेशमा समग्र कृषिबालीले ओगटेको क्षेत्रफल अघिल्लो आर्थिक वर्षको तुलनामा २.८० प्रतिशतले घटेको छ। जौ, फापर, कोदो, दलहन, गहुँ, उखु, स्याउ, फलफूल, मकै, तेलहन, भटमास, सुन्तला, अदुवा तथा मसलाबालीको खेती घट्दा समग्र खेतीयोग्य क्षेत्र खुम्चिएको हो।

नेपाल राष्ट्र बैङ्क विराटनगर कार्यालयको कोशी प्रदेश आर्थिक गतिविधि अध्ययन प्रतिवेदन अनुसार आव २०८१/८२ मा कोशी प्रदेशमा १० लाख १२ हजार ३३९ हेक्टरमा कृषिबाली लगाइएको थियो। अघिल्लो आव २०८०/८१ मा १० लाख ४० हजार ६८४ हेक्टरमा कृषिबाली लगाइएको थियो।

प्रदेशको कुल बाली क्षेत्रफलमध्ये खाद्य तथा नगदे बालीले ८७.६४ प्रतिशत, तरकारीले ५.२५ प्रतिशत र अन्य बालीले ७.११ प्रतिशत हिस्सा ओगटेको थियो। खाद्य तथा नगदे बालीभित्र धान, मकै, गहुँ र कोदोको हिस्सा मात्रै ८१.४२ प्रतिशत रहेको थियो। क्षेत्रफल घटे पनि उत्पादन भने बढेको तथ्याङ्कमा उल्लेख छ। आव २०८१/८२ मा समग्र कृषिबाली उत्पादन २.१४ प्रतिशतले बढेको थियो। विशेष गरी धानको उत्पादन २.१६ प्रतिशत, मकै ९.२४ प्रतिशत र उखु ४.२४ प्रतिशतले बढ्दा कुल उत्पादनमा वृद्धि भएको हो।

तरकारी उत्पादन १.२१ प्रतिशत, फलफूल १.७३ प्रतिशत, कफी १५.४९ प्रतिशत र मह ८.४७ प्रतिशतले बढेको छ। मुख्य रूपमा चिया खेती हुने कोशी प्रदेशमा नै चियाको उत्पादन ०.६३ प्रतिशत तथा मसलाजन्य बालीको उत्पादन ०.१० प्रतिशतले घटेको नेपाल राष्ट्र बैङ्क विराटनगरको कोशी प्रदेश आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा उल्लेख छ।

सिँचाइतर्फ केही प्रगति देखिएको छ। आव २०८१/८२ मा प्रदेशको कुल खेतीयोग्य जमिनमध्ये ३७.०३ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो वर्ष यही अनुपात ३६.५५ प्रतिशत रहेको थियो। यस अवधिमा कुल सिञ्चित क्षेत्र १.५६ प्रतिशतले विस्तार भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

पशुपालन क्षेत्रमा मिश्रित अवस्था देखिएको छ। दुध उत्पादन १२.४७ प्रतिशत र मासु उत्पादन २.०३ प्रतिशतले घटेको छ तर अन्डा उत्पादन ३.११ प्रतिशत, माछा उत्पादन १२.४९ प्रतिशत तथा उन उत्पादन १०.५० प्रतिशतले वृद्धि भएको छ। साथै काठ उत्पादन २.५८ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ।


**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**मदन भण्डारी, अस्पताल तथा ट्रमा सेन्टर**
**कोशी प्रदेश, मंगलबारे, उर्लाबारी, मोरङ, नेपाल**

**सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२१**

यस अस्पतालको लागि तपसिल बमोजिमको पदमा करार सेवामा खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले सम्बन्धित पदमा तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०५/०४ गते) भित्रमा (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट समेत) कार्यालय समयभित्र रीतपूर्वक दरखास्त फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेख हुन छुट भएका तथा अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नहुन समेत जानकारी गराइन्छ। **तपसिल**

| क्र. स. | विज्ञापन न. | पद | तह | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८३/८४ | मेडिकल अधिकृत | आठौँ | ४ (जना) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एम.बि.बि.एस उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | लिखित र मौखिक अन्तर्वार्ता |

**तपसिल**
१. सेवाको किसिम : करार
२. उम्मेदवारको उमेरको हद: दरखास्त दिने मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
३. तलब तथा भत्ता सुविधा: अस्पताल व्यवस्थापन समितिको नियम अनुसार हुनेछ।
४. दरखास्त दस्तुरः आठौँ तहको लागि रू. १०००/- (अस्पतालको बिलिङ काउन्टरमा सम्बन्धित तहको रकम बुझाउनु पर्नेछ।)
५. फाराम लिने / बुझाउने: फाराम दस्तुर बुझाएपछि काउन्टर शाखाबाट उपलब्ध हुनेछ। त्यसमा आवश्यक सम्पूर्ण विवरण भरेर आवश्यक अन्य कागजात सहित प्रशासन शाखामा बुझाउनु पर्ने छ।
६. परीक्षा सञ्चालन मितिः दरखास्त फाराम बुझाउने म्याद सकिएपछि तोकिने छ।
७. आवेदनको लागि अनिवार्य संलग्न गर्नुपर्ने आवस्यक कागजातहरू
**(सबै कागजात रेकर्ड फाइलमा फाइलिङ गरी पेश गर्नुपर्ने छ।)**
1. व्यक्तिगत विवरण (बायोडाटा)।
2. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
3. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति।
4. SLC/SEE देखि आवश्यक न्यूनतम शैक्षिक योग्यतासम्म उत्तीर्ण गरेको सम्पूर्ण प्रमाण पत्र र लाब्धांक पत्र (मार्कसिट र ट्रान्सकृप्ट) को प्रतिलिपि।
5. सम्बन्धित विषयको काउन्सिल दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि। (यदि विदेशी शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षता प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि समेत)
6. आवेदन फारामको साथमा तोकिएको दस्तुर तिरेको सक्कलै बिल।
८. म्याद नाघी आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही गरिने छैन।
९. अन्य कुराहरू अस्पताल व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ
१०. थप जानकारीको लागि: इमेल : mbhtc.np@gmail.com, वेबसाइट: https://mbhtc.koshi.gov.np



**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

**भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजत पत्र लिने सम्बन्धी सार्वजनिक सूचना।**

मालपोत ऐन, २०३४ को दफा २६क. र २६ख. मा प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरूबीच घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजत पत्र लिनुपर्ने भएको व्यवस्था बमोजिम नेपाल सरकारबाट मिति २०८२/०६/२७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना नं. २ मा महानगरपालिका र उप–महानगरपालिका क्षेत्रलाई कार्यक्षेत्र घोषणा गरेको हुँदा एक पटकमा तीन करोड रुपियाँभन्दा बढी कारोबार गर्ने इच्छुक फर्म, कम्पनी वा संस्थाहरूले उक्त क्षेत्रमा कारोबार गर्न घरजग्गा इजाजत पत्र लिन यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र तपसिलमा उल्लेख भए बमोजिम https://public.dolma.gov.np/dolma मार्फत अनलाइन निवेदन पेश गर्न मालपोत नियमावली, २०३६ को नियम २३ञ. को उपनियम (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**
१. **मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) को अनुसूची–८ मा उल्लिखित कागजात एवं प्रमाण स्क्यान गरी सोही अनुसूची बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।**
२. **इजाजत पत्र लिनका लागि मालपोत नियमावली, २०३६ को नियम २३ट. बमोजिम देहाय अनुसारको दस्तुर बुझाउनुपर्नेछ।**
**क) एक पटकमा पाँच करोड रुपियाँसम्म कारोबार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा पाँच लाख रुपियाँ,**
**ख) एक पटकमा पाँच करोड रुपियाँभन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा दस लाख रुपियाँ।**
३. **विभागबाट २०८२/०७/२८ को सूचना बमोजिम अनलाइन निवेदन पेश गरी २०८३ आषाढ मसान्तसम्म इजाजत पत्र नलिएका फर्म, संस्था वा कम्पनीहरुले इजाजत पत्र लिन इच्छुक भएमा यो सूचना बमोजिम पुनः अनलाइन मार्फत निवेदन पेश गर्नुपर्नेछ।**
४. **अनलाइन मार्फत निवेदन सहित पेश गरेका कागजातहरूको १/१ प्रति प्रिन्ट गरी विभागमा पेश गर्नुपर्नेछ।**
५. **विभागमा निवेदन पेश गरेपश्चात् उक्त कम्पनी/फर्म वा संस्थाका सञ्चालक सदस्यहरूको हकमा नेपाल प्रहरीमा रहेको केन्द्रीय अपराध सूचना अभिलेखालयमा रहेको अभिलेखका आधारमा आपराधिक क्रियाकलापमा संलग्न नरहेको व्यहोराको पत्र स्वयंले पेश गर्नुपर्नेछ।**
६. **थप जानकारी आवश्यक भएमा विभागमा सम्पर्क गर्नुहुन।**



**भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., कटुन्जे वडा नं. ४ को हाल परिवर्तित सु.न.पा. वडा नं. ५ बस्ने शान्ता खड्का समेतले हामीहरूकी सासू तथा बज्यै भक्त कुमारी खड्कीनीका नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साबिक मोही भक्त कुमारी खड्कीनीको मिति २०२३ सालमा, निजको पति गगन बहादुर खड्काको मिति २०१९ सालमा मृत्यु भई हक खाने १ मात्र छोरा क्षेत्र बहादुर खड्का भएकोमा, निजको मिति २०४८/०९/२९ मा मृत्यु भई हक खाने १ मात्र श्रीमती शान्ता खड्का, छोराहरू रमेश खड्का र दिपक खड्का–१ समेत जना–३ बाहेक अन्य कोही नभएको, सो जग्गा हामीहरूले जोत कमोद गरी कमाई आएको (ख) श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको। फि.बु.मा देखिएका ज.ध. विकु बहादुर देशेमरुका नाममा म्याद जारी गर्दा निजका एकाघरको नाति पुण्यराम देशेमरुले मिति २०८३/४/१८ मा यस कार्यालयको रोहबरमा बुझिलिई, सो म्याद भ.पु.जि., भ.न.पा.–२ नं. वडा कार्यालयमा समेत टाँस भई आएको, बिर्ता लगत खोजतलास गर्दा फेला नपरेको, मि.नं. १०९/०६६/०६७ शान्ता खड्का भिडेको भनी मोठ भिडी आएको, मोहियानी हकको प्रमाण पत्र र २ नं. अनुसूची पेश गरेको देखिँदा यसमा निवेदिका बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| कटुन्जे | ३ | १८८ | ०–८–०–० | भक्त कुमार खड्कीनी भ.पु.ई. कटुन्जे | यो जग्गा भ.पु. ईटाछे टोल बस्ने विकु बहादुर देशेमरुको जग्गा हो मैले जोती आएको। |
| ऐ. | ऐ. | १८६ | ०–६–०–० | ऐ. ऐ. | यो जग्गा कि.नं. १८८ को व्यहोरा सदर। |



**भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु., चाँगुनारायण वडा नं. ५ को हाल परिवर्तित चाँ.न.पा. वडा नं. ४ बस्ने कुमार मगरले मेरो बाजे लाल बहादुर मगरका नाममा २०२१ सालको सर्भे नापीका बखत मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा भएकोमा, साबिक मोही लाल वहादुर मगरको मिति २०६२/०२/१७ मा, निजकी पत्नी मान कुमारी मगरको मिति २०४५/०७/०४ मा, निजको १ मात्र छोरा वदन मगरको मिति २०६८/०५/०३ मा, निजकी १ मात्र श्रीमती वेद माया मगरको मिति २०५९/०२/१० मा मृत्यु भई हक खाने छोराहरू कुमार मगर–१, मखे मगर–१ र विक्रम मगर–१ समेत जना ३ भएकोमा, मखे मगरको मिति २०७८/०७/२२ मा मृत्यु भई हक खाने १ मात्र श्रीमती इन्दिरा भुजेल मगर भएको हुँदा हकदार मध्ये विक्रम मगर र इन्दिरा भुजेल मगरको मञ्जुरीनामा भएको, सो जग्गा म निवेदकले जोत कमोद गरी कमाई खाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा एकलौटी रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी भाग निवेदन गरेको, १ नं. मोही लगत, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, ठे.नं. ३/९१२ चाँगु ४/ख कि.नं. १८५ क्षे.फ. १–३–१–० ज.ध. महल च्यातिएको मोही लगत वहादुर मगरको नाममा मोठ कायम छ भनी लेखिआएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| चाँगु | ४/ख | १८५ | १–३–१–० | लाल वहादुर मगर भ.पु. चाँगु ५ नं. वडाछाँप। | यो जग्गा वगर झारसँग मैले अधियामा जोती खाई आएको छु। |



**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**
**विद्युत विकास विभाग**
**सानो गौचरन, काठमाडौँ**

**बझाङ–बनलेक (पश्चिम सेती) ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना सम्बन्धी सार्वजनिक सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/२१)**

सुदूरपश्चिम प्रदेश अन्तर्गत बझाङ जिल्लाको जयपृथ्वी नगरपालिका वडा नं. १ मा प्रस्तावित चैनपुर सबस्टेसनदेखि डोटी जिल्लाको शिखर नगरपालिका वडा नं. १० मा प्रस्तावित बनलेक (पश्चिम सेती) सबस्टेसनसम्म ६० कि.मि. लम्बाइ भएको प्रसारण लाइन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लिखित विवरण खुलाई विद्युत प्रसारण लाइनको अनुमति पत्रका लागि प्रवर्द्धक कम्पनी श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि निम्न विवरणहरू खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडमा आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**
१. श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाइनको भोल्टेज ४००,००० भोल्ट, डबल सर्किट रहने र २५०० मेगावाट विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाइन आयोजना सुदूरपश्चिम प्रदेश अन्तर्गत बझाङ जिल्लाको जयपृथ्वी नगरपालिका वडा नं. १ मा प्रस्तावित चैनपुर सबस्टेसनदेखि डोटी जिल्लाको शिखर नगरपालिका वडा नं. १० मा प्रस्तावित बनलेक (पश्चिम सेती) सबस्टेसनसम्म ६० कि.मि. लम्बाइ हुनेगरी निर्माण गरिनेछ। साथै यस प्रसारण लाइन आयोजना अन्तर्गत ४००/१३२ के.भी., १६० एम.भी.ए. क्षमताको चैनपुर सबस्टेसन तथा ४००/१३२ के.भी., ३१५ एम.भी.ए. क्षमताको बनलेक (पश्चिम सेती) सबस्टेसन समेत निर्माण गरिनेछ।
४. यस प्रसारण लाइनको लम्बाइ ६० कि.मि. हुनेछ जसमा १४३ वटा डबल सर्किट टावरहरू निर्माण गरिने छन्। टावरको अधिकतम उचाइ ६१ मि. र टावर बीचको औसत दूरी ४०८.९९ मि. र न्यूनतम दूरी १२७.७९ मि. सम्म हुनेछ। प्रसारण लाइन निर्माणका लागि कूल २९५.४२३ हेक्टर जमिन आवश्यक पर्नेछ, जसमध्ये टावर निर्माणका लागि ३०.४१५ हेक्टर र विद्युत मार्गको क्षेत्राधिकार (Right of Way) अन्तर्गत २६५.००८ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ। सबस्टेसन निर्माणका लागि कुल २१.४१५ हेक्टर जग्गामध्ये ७.०४३ हेक्टर बनलेक सबस्टेसनका लागि र १४.३७२ हेक्टर चैनपुर सबस्टेसनका लागि जग्गा आवश्यक पर्नेछ।
५. यस प्रसारण लाइनको क्षेत्राधिकार (ROW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दूरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट ४६ मि. (मध्य बिन्दुबाट २३/२३ मि. दायाँबायाँ) कायम गरिनेछ।
६. यस प्रसारण लाइनको निर्माण कार्य करिब ५ वर्षभित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यस प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिनेछ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

| प्रवर्द्धक | सरकारी निकाय |
|---|---|
| श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड<br>बुद्धनगर, काठमाडौँ<br>फोनः ०१–४६१०१०३, ०१–५३६६६९३<br>इमेलः info@rpgcl.com | विद्युत विकास विभाग<br>सानो गौचरन, काठमाडौँ, फोन नं.: ०१–४५१९५०१, ०१–४५३४११९<br>पो.ब.नं.: २५०७, फ्याक्स नं: ०१–५२४४२५७<br>इमेल : info@doed.gov.np, adhikarianusha16@gmail.com |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,८८,००० ▲ |
| चाँदी | : | ४४७५ ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६६७.९७ (+४.७९) ▲ |
| कारोबार रकम | : | ४,४०९,८८६,४५७ ▲ |
| कारोबार भएका सेयर | : | १०,०७६,७३२ |
| कारोबार सङ्ख्या | : | ६१,२८६ |
| कारोबार भएका कम्पनी | : | ३५० |

## माग अनुसार एलपी ग्यास आपूर्ति गर्न सकिएन : निगम



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

नेपाल आयल निगमका निमित्त कार्यकारी निर्देशक दीपक बरालले बजारमा खाना पकाउने एलपी ग्यासको माग अनुसार आपूर्ति गर्न नसकेको स्वीकार गर्नुभएको छ । बुधबार सिंहदरबारमा बसेको राष्ट्रिय सभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा उहाँले ग्यास आयातमा विगतको तुलनामा बढ्दै गए पनि उपभोक्ताको अस्वाभाविक मागका कारण आपूर्ति गर्न नसकिएको स्वीकार गर्नुभएको हो।

यसअघि निगमले बजारमा ग्यास अभावका बिच पर्याप्त मात्रामा ग्यास उपलब्ध रहेको र अभावको अफवाह पछि नलाग्न भन्दै विज्ञप्ति जारी गरेको थियो। एउटा सिलिन्डरले केही समय धान्ने अवस्थामा तत्काल अर्को सिलिन्डरका लागि नाम दर्ता गर्दा वास्तविक आवश्यकतामा रहेका उपभोक्ता प्रभावित भएको उहाँको भनाइ थियो। निर्देशक बरालले निगमले भारतीय आयल कर्पोरेसनसँग दुई महिनाका लागि मासिक ६० हजार मेट्रिक टन एलपी ग्यास माग गरेको पनि जानकारी दिनुभयो। यसअघि मासिक करिब ४७ हजार मेट्रिक टन ग्यास आयात हुँदै आएको थियो। निगमको उक्त माग अनुसार थप ग्यास तत्काल उपलब्ध गराउन नसकिने जवाफ भारतीय आयल कर्पोरेसनले दिएको बरालको भनाइ छ।

उहाँका अनुसार सरकारले पहल गरेर मासिक ५० देखि ५५ हजार मेट्रिक टन ग्यास आयात सुनिश्चित गर्न सके दसैँतिहारअघि उपभोक्ताका घरमा रहेका खाली सिलिन्डरसम्म भर्न सकिने र त्यसपछि बजारमा आपूर्ति अवस्था सामान्य बन्न सक्छ। बरालले ग्यास अभावको समस्या अबको दुई हप्ताभित्रमा समाधान भइसक्ने आश्वासन दिनुभयो।

### आपूर्ति सहज बनाउन निर्देशन

समितिले बजारमा खाना पकाउने ग्यासको आपूर्ति तथा दैनिक उपभोग्य वस्तुको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न सरकारलाई निर्देशन दिएको छ। समितिका सभापति जयन्तीदेवी राईले अस्वाभाविक मूल्यवृद्धि, उपभोग्य सामग्रीको अभाव तथा गुणस्तरको समस्यालाई सम्बोधन गर्न सरकारलाई निर्देशन दिइएको बताउनुभयो। समितिले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी, सचिव नारायण शर्मा दुवाडीसहित महाशाखा प्रमुख र उपभोक्ता हित संरक्षणसँग सरोकार राख्ने पदाधिकारीसँग 'दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति एवं वितरण, मूल्य नियन्त्रण, गुणस्तर, बजार अनुगमन तथा उपभोक्ता हक संरक्षण तथा प्रवर्धनका सम्बन्धमा छलफल गरेको हो।

सभापति राईले बजारमा खाना पकाउने ग्यासको उपलब्धता सुनिश्चित गर्ने तथा देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाई कृत्रिम अभाव एवं कालोबजारी नियन्त्रण गर्न निर्देशन दिइएको जानकारी दिनुभयो।

### 'क्विक रेस्पोन्स टिम' गठन

एलपी ग्यासको अभाव हुन नदिन र आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल आयल निगमले 'क्विक रेस्पोन्स टिम' गठन गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा गठित यो टिमले बुधबारदेखि आफ्नो कार्य औपचारिक रूपमा सुरु गरेको निगमले जनाएको छ। ग्यास आपूर्तिमा देखिने तत्कालीन समस्यालाई तत्काल समाधान गर्न मन्त्रालय, आयल निगम, उद्योग विभाग तथा ग्यास व्यवसायीका प्रतिनिधि सम्मिलित यो विशेष संयन्त्र बनाइएको हो।

क्विक रेस्पोन्स टिममा उद्योग मन्त्रालयका तर्फबाट मङ्गल विष्ट, नेपाल आयल निगमबाट इन्दु श्रेष्ठ र उपेन्द्र सुवेदी तथा ग्यास उद्योगीका तर्फबाट आयुष नेपाल र कुलप्रसाद राई सदस्य रहनुभएको जनाइएको छ। टिमले देशका जुनसुकै स्थानमा एलपी ग्यासको अभाव वा वितरणमा अवरोध देखिएमा तत्काल समन्वय गरी समाधान गर्ने बताइएको छ। निगमको हटलाइनमा प्राप्त हुने गुनासोका आधारमा सम्बन्धित उद्योग, डिलर तथा व्यवसायीसँग समन्वय गरेर उपभोक्तासम्म ग्यास पुर्‍याउने व्यवस्था मिलाइने निगमले जनाएको छ।

### साल्ट ट्रेडिङले पनि दिएन ग्यास

बुधबार पनि ग्यास डिलर र उद्योगमै पर्याप्त ग्यास नभएकाले उपभोक्ता एउटा ग्यास सिलिन्डरका लागि घन्टौँ लाइन बसेर पनि पाएनन्। बुधबार काठमाडौँको फर्पिङबाट ग्यास भर्न कालीमाटीस्थित साल्ट ट्रेडिङ कर्पोरेसनमा एसटिसीको खाली सिलिन्डर ग्यास बोकेर आउनुभएका विदुर महर्जन नपाएर रित्तै फर्किनुभयो। "यहाँ ग्यास पाइन्छ भनेर उति टाढादेखि आइयो, आज ग्यास आएकै छैन रे," उहाँले भन्नुभयो, "एउटा ग्यास खोज्दै दिन जान थाल्यो तर पाइँदैन, यहाँ सोध्दा कोटेश्वरमा पाइन्छ कि भन्छन्, पाइने ग्यारेन्टी पनि छैन।" उहाँ मात्रै होइन कालीमाटीमा रहेको कर्पोरेसनको बिक्री केन्द्रमा बुधबार आएका सबै उपभोक्ता रित्तै फर्किन बाध्य भए।

कर्पोरेसनका बिक्री प्रबन्धक प्रमुख प्रज्वल प्रधानका अनुसार मङ्गलबार आएका २२५ वटा ग्यास मङ्गलबार एकछिनमा सकिए बुधबार आउँदै आएन। "रित्तो सिलिन्डर बोकेर बिहानैदेखि उपभोक्ता आएर रिसाउने र कराउने गर्छन्। ग्यास आएको छैन हामीले पो के गर्नु?" उहाँले थप्नुभयो।

बजारको माग आपूर्ति र मूल्यको नियमन गर्ने जिम्मेवारी पाएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा तीन दिनदेखि घन्टौँ लाइन बस्दा पनि ग्यास नपाएका धेरै गुनासो आएको जनाइएको छ। विभागका निर्देशक तथा सूचना अधिकारी अनिल किँरातीले बजार अनुगमन गर्दा ग्यासको माग अनुसार आपूर्ति नभएको धेरै गुनासो पाइएको जानकारी दिनुभयो।

आधा सिलिन्डर ग्यास बिक्री हुँदै आएकोमा पछिल्लो सातादेखि भरि सिलिन्डरको ग्यास दिन थालेसँगै उपभोक्ताले आफूसँग भएका ग्यास भर्न थालेकाले पनि अभाव चर्किएको उहाँको बुझाइ छ। विभागमा ग्यास अभावका नाममा बढी मूल्य लिने गरेको, नयाँ सिलिन्डरसहितको ग्यास किन्दा पाइने तर साट्न नपाइने जस्ता धेरै गुनासोमा केन्द्रित भएर सोमबारदेखि नै अनुगमन गरिरहेको सूचना अधिकारी किँरातीले जानकारी दिनुभयो।

विभागका अनुसार अनुगमन टोलीले बुधबार उपत्यकाका विभिन्न ठाउँमा अनुगमन गरी ग्यास सिलिन्डर वितरणको अभिलेख दुरुस्त राख्न र प्राथमिकताका आधारमा वितरण गर्न निर्देशन दिएको छ। साथै ग्यास डिलर र उद्योगीलाई ग्यासको कृत्रिम अभाव हुन नदिन, कालोबजारी नगर्न र सहज वितरण सुनिश्चित गर्न सचेत गराएको विभागले जनाएको छ।

## 'राष्ट्र बैङ्क आर्थिक रूपान्तरणको सहनिर्माता'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक रूपान्तरणमा नेपाल राष्ट्र बैङ्कको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ।

राष्ट्र बैङ्कका कार्यकारी निर्देशकसँग बुधबार अर्थ मन्त्रालयमा भएको छलफलमा उहाँले यो केवल नियामक संस्था मात्र नभएको बताउनुभएको हो। "नेपाल राष्ट्र बैङ्कलाई केवल नियामक संस्थाका रूपमा मात्र होइन नेपालको आर्थिक रूपान्तरणको सहयात्री र सहनिर्माताका रूपमा हेर्न चाहान्छु," उहाँले भन्नुभयो।

सरकारले सुधारको प्रक्रिया अगाडि बढाइसकेको र आवश्यक कानुनी संशोधन, संस्थागत सुधार र कार्यान्वयनलाई तीव्रता दिइरहेको उहाँले जानकारी गराउनुभयो। मौद्रिक पक्षबाट पनि त्यही गति, स्पष्टता र प्रतिबद्धता आवश्यक रहेको उहाँको भनाइ थियो। सो क्रममा उहाँले सरकार, राष्ट्र बैङ्क र बैङ्किङ प्रणाली र निजी क्षेत्र आत्मविश्वासी हुँदा आर्थिक वृद्धि धेरै टाढाको लक्ष्य नहुने धारणा राख्नुभयो।



छलफलका क्रममा अर्थमन्त्री डा. वाग्लेले पछिल्लो दशकका नीतिगत निर्णय, त्यसको परिणाम अपेक्षित हुन नसक्नुका कारणबारे सोच्नुपर्ने समय आएको बताउनुभयो। त्यस्तै राष्ट्र बैङ्कको भूमिकालाई पुनर्परिभाषित गर्न सक्ने उपायबारे पनि उहाँले सुझाव खोज्नुभएको थियो।

नेपालको पहिलो बैंक
**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय**
**धर्मपथ, काठमाडौँ**

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा, ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(**मिति २०८३/०१/०१ देखि २०८३/०३/३२ सम्मको विवरण**)

(१) **निकायको स्वरूप र प्रकृति**: प्रचलित कानुन बमोजिम स्थापना भएको "क" वर्गको वाणिज्य बैंक।

(२) **निकायको काम, कर्तव्य र अधिकार**: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम।

(३) **निकायमा रहने कर्मचारी संख्या र विवरण**:
यस बैंकमा मिति द्धण्डघ असार मसान्तसम्म स्थायी कर्मचारी २३५०, करार कर्मचारी ३२८, दैनिक ज्यालादारी १२, कम्पनी आउटसोर्सिङ ९८१ जना गरी कुल ३६७१ जना कर्मचारीहरू तथा व्यक्तिहरू कार्यरत छन्। बैंकको संगठनात्मक ढाँचा अनुसार नै बैंकको सम्पूर्ण काम कारबाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।

(४) **निकायबाट प्रदान गरिने सेवा**:
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका सम्पूर्ण बैंकिङ सेवाहरू।

(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**:
सेवा प्रदान गर्ने निकायको शाखा संख्या २३१, एक्सटेन्सन काउण्टर संख्या ५८, एटिएम संख्या २४६, ७ प्रादेशिक कार्यालय र १ प्रधान कार्यालय रहेको छ। बैंकका व्यवस्थापकीय र कार्यकारी पदमा कार्यरत जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ। बैंकले देशका ७१ जिल्लामा शाखाहरू मार्फत अत्याधुनिक बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

(६) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**:
बैंकले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ।

(७) **निर्णय गर्ने प्रक्रिया र अधिकारी**:
बैंकिङ कारोबारका सम्बन्धमा प्रचलित ऐन, कानुन नीति, नियम, विनियम, निर्देशिका कार्यविधि तथा बैंकको सञ्चालक समितिबाट समय समयमा हुने निर्णयहरूको अधिनमा रही प्रमुख कार्यकारी अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त तोकिएका अधिकारीहरूले निर्णय गर्नसक्ने व्यवस्था गरिएको छ। बैंकको नीतिगत निर्णय लिने, व्यवस्थापनलाई आवश्यक मार्गदर्शन दिने र व्यवस्थापनको कामकारबाहीलाई निरन्तर अनुगमन एवं नियन्त्रण गर्ने काम सञ्चालक समितिले गर्ने गर्दछ।

(८) **निर्णयउपर उजुरी सुन्ने अधिकारी**:
बैंकको कामकारबाही सम्बन्धमा ग्राहकहरूको गुनासो तथा उजुरी सुन्नका लागि बैंकको प्रधान कार्यालय स्तरमा गुनासो सुन्ने अधिकारीको रूपमा बैंकको व्यवस्थापकीय तहकै सहायक प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरिएको छ। निजको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।

(९) **सम्पादन गरेको कामको विवरण**:
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकले गर्नसक्ने सम्पूर्ण बैंकिङ कारोबारहरू बैंकले गर्दै आइरहेको छ। बैंकले गर्ने गरेका प्रमुख कार्यहरू सम्बन्धी जानकारी विभिन्न सञ्चार माध्यमहरू, बैंकको वेबसाइट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरिएको छ।

(१०) **बैंकको प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारीको नाम र पद**:

| | |
|---|---|
| प्रमुख कार्यकारी अधिकृतको नाम | : तिलक राज पाण्डेय |
| पद | : प्रमुख कार्यकारी अधिकृत |
| सूचना अधिकारी/प्रवक्ताको नाम | : प्रतिभा डंगोल |
| पद | : सहायक प्रमुख कार्यकारी अधिकृत |
| सम्पर्क नम्बर | : ५३३१३८३, ५३४७९९९, एक्स्टेन्सन ५२६ |
| इमेल ठेगाना | : prativa.dongol@nepalbank.com.np |

(११) **ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची** :
बैंकले बैंकिङ कारोबारसँग सम्बन्धीत देहाय बमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरूको परिपालना गर्नुका साथै अन्य प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरूको पालना गर्दछ।

| | | | |
|---|---|---|---|
| १. | **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३** | २. | **नेपाल राष्ट्र बैंक ऐन, २०५८** |
| ३. | कम्पनी ऐन, २०६३ | ४. | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ |
| ५. | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ | ६. | बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ |
| ७. | विनिमय अधिकार पत्र ऐन, २०३४ | ८. | सुरक्षित कारोबार ऐन, २०६३ |
| ९. | बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | १०. | नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशिका तथा निर्देशनहरू। |
| ११. | बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका, कार्यविधि, नीतिगत व्यवस्था लगायत अन्य प्रचलित ऐन, नियमहरू। | | |

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**:
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरू त्रैमासिक रूपमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको र बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राख्ने गरिएको छ।

(१३) **तोकिए बमोजिमको अन्य विवरण** :
नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गुर्नका साथै बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।

(१४) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**:
यस बैंकले आन्तरिक रूपमा समय समयमा विभिन्न प्रकारका बैंकसँग सम्बन्धीत कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

(१५) **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण**:
बैंकसँग सम्बन्धीत संक्षिप्त विवरण एवं सूचनाहरू जानकारी गराउनको लागि बैंकको आफ्नै वेबसाइट www.nepalbank.com.np रहेको छ।

(१६) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**: यस अवधिमा वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोगसँग सम्बन्धित कुनै पनि सम्झौता नभएको।

(१७) **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**:
प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको अधिनमा रही बैंकले सञ्चालन गर्ने गरेको कार्यक्रमको जानकारी बैंकले पत्रपत्रिका, बैंकको वेबसाइट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरेको छ।

(१८) **सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**:
बैंकका सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क, एवं आवश्यक दस्तावेजहरू बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नियम तथा प्रचलित कानुन बमोजिम सुरक्षित राख्ने गरिएको छ।

(१९) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**:
ग्राहक एवं सरोकारवाला व्यक्तिले बैंकसँग सार्वजनिक महत्वका कुनै सूचना माग गरेमा बैंकको नियमअनुसार सूचना उपलब्ध गराउने गरिएको छ।

(२०) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण:
बैंकको वार्षिक साधारण सभाको प्रतिवेदन, साधारण सभामा प्रस्तुत गरिने त्रैमासिक वित्तीय विवरण राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा राख्ने गरिएको छ।

## भरतपुरमा भूमिगत लाइनबाट बिजुली वितरण सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

चितवनको भरतपुरमा भूमिगत विद्युत् वितरण प्रणालीमार्फत विद्युत् आपूर्ति सुरु गरिएको छ। पोखरा–भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत भूमिगत विद्युत् वितरण प्रणाली तयार भई परीक्षणका क्रममा रहेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार भूमिगत केवुल प्रणालीमा विद्युत् चार्ज गर्ने काम सुरु भइसकेको छ भने करिब तीन सय सेवाग्राहीका घरमा भूमिगत लाइनमार्फत विद्युत् जडान सम्पन्नसमेत भइसकेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

यससँगै आयोजनाको समग्र भौतिक प्रगति ९४ प्रतिशत पुगेको जनाइएको छ। अब मुख्य रूपमा सबै ग्राहकका घरमा अन्तिम जडान गर्ने काम बाँकी छ। भरतपुर महानगरपालिकाको छ लेन सडक तथा बाइपास सडक आसपासका करिब २० किलोमिटर क्षेत्रमा भूमिगत विद्युत् वितरण प्रणाली विस्तार गरिएको छ। केन्द्रीय बस टर्मिनलदेखि नहर चोकसम्म दाहिनेतर्फका घर, गणेशस्थान क्षेत्र तथा चितवन मेडिकल कलेजदेखि चौबिसकोठीसम्मका क्षेत्रमा भूमिगत प्रणालीबाट विद्युत् वितरण सुरु गरिएको प्राधिकरणले जनाएको छ।




त्यसै गरी आँपटारी–केन्द्रीय बस टर्मिनल, केन्द्रीय बस टर्मिनल–पुलचोक, आँपटारी–पोखरा बसपार्क तथा भरतपुर सबस्टेसनदेखि भाटभटेनी नजिकको नहरसम्म भूमिगत केवल विस्तार सम्पन्न भइसकेको छ। अहिले परीक्षणका क्रममा प्रणालीमा लोड परीक्षण (चार्जिङ) भइरहेको जनाइएको छ।

प्राधिकरणका अनुसार बाइपास सडकको दुवैतर्फ, केन्द्रीय बस टर्मिनलदेखि पुलचोकसम्म आठ किलोमिटर ३३ केभी लाइन, आँपटारीदेखि पोखरा बसपार्कसम्म १.५ किलोमिटर ११ केभी लाइन तथा केन्द्रीय बस टर्मिनलदेखि मिलन चोकसम्म १.५ किलोमिटर ३३ केभी लाइन भूमिगत रूपमा विस्तार सम्पन्न भएको छ। आगामी असोजभित्र सम्पूर्ण भूमिगत वितरण प्रणाली सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ। साथै औद्योगिक फिडरमा समेत विद्युत् चार्ज भइसकेको छ।

भरतपुरको भूमिगत विद्युतीकरणका लागि नेपाल सरकार, नेपाल विद्युत् प्राधिकरण र एसियाली विकास बैङ्कको साझेदारीमा सञ्चालन भइरहेको पोखरा–भरतपुर वितरण प्रणाली सुदृढीकरण परियोजना अन्तर्गत करिब तीन अर्ब रुपियाँ बराबरको लगानी भइरहेको छ।

प्राधिकरणका अनुसार भूमिगत प्रणाली सञ्चालनमा आएपछि विद्युत् आपूर्ति थप विश्वसनीय हुने, हावाहुरी तथा प्राकृतिक प्रकोपबाट हुने क्षति कम हुने, मर्मतसम्भार सहज हुने छ।

यसअघि गत असार २७ गते मर्स्याङ्दी कोरिडोर २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गत मार्कीचोक–भरतपुर खण्डको पहिलो सर्किट पनि सञ्चालनमा आएको थियो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको सक्रियतासँगै नेपाल विद्युत् प्राधिकरणबाट कार्यान्वयन र अन्तरनिकाय समन्वयका कारण लामो समयदेखि निर्माणाधीन महत्त्वपूर्ण विद्युत् पूर्वाधार आयोजना अहिले धमाधम निर्णायक चरणमा पुगेको मन्त्रालयले जनाएको छ।

# Agricultural Development Bank Limited

## Condensed Consolidated Statement of Financial Position

**As on Quarter ended 32 Ashad, 2083**

| Assets | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending | This Quarter Ending | Immediate Previous Year Ending |
| Cash and cash equivalent | 8,158,861,283 | 4,621,015,437 | 8,158,717,227 | 4,620,869,932 |
| Due from Nepal Rastra Bank | 18,795,907,519 | 22,803,136,509 | 18,795,907,519 | 22,803,136,509 |
| Placement with Bank and Financial Institutions | 17,879,452,500 | 10,024,031,769 | 17,879,452,500 | 10,024,031,769 |
| Derivative financial instruments | 34,491,567 | 11,766,979 | 34,491,567 | 11,766,979 |
| Other trading assets | 1,289,167,849 | 1,455,830,891 | 1,265,696,308 | 1,423,863,106 |
| Loan and advances to B/FIs | 1,939,065,150 | 2,900,424,319 | 1,939,065,150 | 2,900,424,319 |
| Loans and advances to customers | 247,145,223,957 | 212,616,735,256 | 247,145,223,957 | 212,616,735,256 |
| Investment securities | 114,861,726,211 | 96,666,403,879 | 114,523,674,527 | 96,356,593,172 |
| Current tax assets | 424,518,969 | 18,200,414 | 424,299,370 | 18,491,920 |
| Investment in subsidiaries | - | - | 29,013,000 | 29,013,000 |
| Investment in associates | - | - | - | - |
| Investment properties | 1,377,919,996 | 1,306,220,658 | 1,377,919,996 | 1,306,220,658 |
| Property and equipment | 2,427,325,349 | 2,452,820,094 | 2,421,831,190 | 2,447,375,630 |
| Goodwill and Intangible assets | 20,092,350 | 23,142,168 | 20,092,350 | 23,142,168 |
| Deferred tax assets | - | - | - | - |
| Other assets | 6,119,334,491 | 6,946,841,129 | 6,118,740,416 | 6,946,527,656 |
| **Total Assets** | **420,473,087,191** | **361,846,569,502** | **420,134,125,077** | **361,528,192,074** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 1,345,912,038 | 786,684,697 | 1,345,912,038 | 786,684,697 |
| Due to Nepal Rastra Bank | - | - | - | - |
| Derivative financial instruments | - | - | - | - |
| Deposits from customers | 347,219,350,976 | 293,358,733,178 | 347,219,869,157 | 293,358,979,198 |
| Borrowing | 2,553,414,202 | 2,804,657,063 | 2,553,414,202 | 2,804,657,063 |
| Current Tax Liabilities | - | - | - | - |
| Provisions | - | - | - | - |
| Deferred tax liabilities | 464,971,508 | 454,266,869 | 391,658,494 | 385,035,851 |
| Other liabilities | 9,236,048,863 | 5,102,729,796 | 9,230,017,094 | 5,094,071,709 |
| Debt securities issued | 20,486,926,328 | 20,481,846,212 | 20,486,926,328 | 20,481,846,212 |
| Subordinated Liabilities | - | - | - | - |
| **Total liabilities** | **381,306,623,915** | **322,988,917,815** | **381,227,797,313** | **322,911,274,730** |
| **Equity** | | | | |
| Share capital | **19,738,231,090** | **19,287,936,300** | **19,738,231,090** | **19,287,936,300** |
| Ordinary Share | 14,305,519,090 | 13,855,224,300 | 14,305,519,090 | 13,855,224,300 |
| Preference Share(Irredeemable) | 5,432,712,000 | 5,432,712,000 | 5,432,712,000 | 5,432,712,000 |
| Share premium | - | - | - | - |
| Retained earnings | 1,301,764,209 | 2,855,232,224 | 1,262,186,665 | 2,816,669,319 |
| Reserves | 18,107,516,121 | 16,696,802,931 | 17,905,910,009 | 16,512,311,725 |
| **Total equity attributable to equity holders** | **39,147,511,420** | **38,839,971,455** | **38,906,327,764** | **38,616,917,344** |
| **Non-controlling interest** | 18,951,856 | 17,680,232 | | |
| **Total equity** | **39,166,463,276** | **38,857,651,687** | **38,906,327,764** | **38,616,917,344** |
| **Total liabilities and equity** | **420,473,087,191** | **361,846,569,502** | **420,134,125,077** | **361,528,192,074** |

## Condensed Consolidated Statement of Profit or Loss

**For the Quarter ended 32 Ashad, 2083**

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Previous Year Corresponding | | Current Year | | Previous Year Corresponding | |
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest income | 5,527,951,742 | 20,975,114,629 | 6,319,642,054 | 22,449,057,181 | 5,527,761,800 | 20,974,502,039 | 6,319,498,416 | 22,448,469,998 |
| Interest expense | 3,040,760,402 | 11,853,029,063 | 2,997,969,005 | 13,000,996,285 | 3,040,747,780 | 11,852,993,779 | 2,997,974,868 | 13,001,002,826 |
| **Net interest income** | 2,487,191,340 | 9,122,085,566 | 3,321,673,049 | 9,448,060,896 | 2,487,014,020 | 9,121,508,260 | 3,321,523,548 | 9,447,467,172 |
| Fees and commission income | 553,003,686 | 1,792,329,192 | 530,452,790 | 1,628,433,273 | 553,003,686 | 1,792,329,192 | 530,452,790 | 1,628,433,273 |
| Fees and commission expense | 36,671,702 | 76,255,446 | 23,979,208 | 63,180,740 | 36,671,702 | 76,255,446 | 23,979,208 | 63,180,740 |
| **Net fee and commission income** | 516,331,984 | 1,716,073,746 | 506,473,582 | 1,565,252,533 | 516,331,984 | 1,716,073,746 | 506,473,582 | 1,565,252,533 |
| **Net interest, fee and commission income** | 3,003,523,324 | 10,838,159,312 | 3,828,146,631 | 11,013,313,429 | 3,003,346,004 | 10,837,582,006 | 3,827,997,130 | 11,012,719,705 |
| Net trading income | 222,259,034 | 151,898,139 | 274,899,090 | 575,102,634 | 223,240,640 | 153,468,296 | 273,363,798 | 562,603,727 |
| Other operating income | (127,687,624) | 235,645,275 | (114,813,817) | 127,887,935 | (127,687,624) | 226,882,249 | (114,823,155) | 127,758,910 |
| **Total operating income** | 3,098,094,734 | 11,225,702,726 | 3,988,231,904 | 11,716,303,998 | 3,098,899,020 | 11,217,932,551 | 3,986,537,773 | 11,703,082,342 |
| Impairment charge/(reversal) for loan and other losses | (792,782,696) | 1,172,658,423 | (286,048,174) | 630,772,010 | (792,782,696) | 1,172,658,423 | (286,048,174) | 630,772,010 |
| **Net operating income** | 3,890,877,430 | 10,053,044,303 | 4,274,280,078 | 11,085,531,988 | 3,891,681,716 | 10,045,274,128 | 4,272,585,947 | 11,072,310,332 |
| **Operating expense** | | | | | | | | |
| Personnel expenses | 1,618,456,550 | 4,512,776,820 | 1,282,229,981 | 4,173,639,253 | 1,616,824,343 | 4,508,578,445 | 1,281,351,338 | 4,170,248,770 |
| Other operating expenses | 373,379,674 | 1,188,813,054 | 293,850,694 | 1,256,811,753 | 372,863,892 | 1,187,114,869 | 293,423,102 | 1,255,556,019 |
| Depreciation & Amortisation | 79,462,732 | 406,494,530 | 86,165,999 | 436,194,143 | 79,322,961 | 405,990,284 | 85,682,284 | 435,676,005 |
| **Operating Profit** | 1,819,578,474 | 3,944,959,899 | 2,612,033,404 | 5,218,886,839 | 1,822,670,520 | 3,943,590,530 | 2,612,129,223 | 5,210,829,538 |
| Non operating income | (7,832,271) | 4,934,127 | 15,464,651 | 16,520,914 | (7,832,271) | 4,934,127 | 15,464,651 | 16,520,914 |
| Non operating expense | - | - | 7,100,000 | 7,100,000 | - | - | 7,100,000 | 7,100,000 |
| **Profit before income tax** | 1,811,746,203 | 3,949,894,026 | 2,620,398,055 | 5,228,307,753 | 1,814,838,249 | 3,948,524,657 | 2,620,493,874 | 5,220,250,452 |
| Income tax expense | 577,360,491 | 1,316,219,973 | 732,404,131 | 1,489,818,240 | 578,170,365 | 1,317,882,822 | 732,438,044 | 1,487,834,257 |
| Current Tax | 265,277,170 | 1,028,588,501 | 759,969,670 | 1,450,756,130 | 265,758,381 | 1,028,154,075 | 758,924,522 | 1,448,612,845 |
| Deferred Tax | 312,083,321 | 287,631,472 | (27,565,539) | 39,062,110 | 312,411,984 | 289,728,747 | (26,486,478) | 39,221,412 |
| **Profit/(loss) for the period** | 1,234,385,712 | 2,633,674,053 | 1,887,993,924 | 3,738,489,513 | 1,236,667,884 | 2,630,641,835 | 1,888,055,830 | 3,732,416,195 |

### Condensed Consolidated Statement of Comprehensive Income

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Profit/(loss) for the period | 1,234,385,712 | 2,633,674,053 | 1,887,993,924 | 3,738,489,513 | 1,236,667,884 | 2,630,641,835 | 1,888,055,830 | 3,732,416,195 |
| Other Comphrensive Income | (730,167,939) | (644,959,783) | 28,728,657 | 81,421,189 | (736,249,991) | (664,384,327) | 33,410,528 | 85,272,889 |
| **Total Comphrensive Income** | 504,217,773 | 1,988,714,270 | 1,916,722,581 | 3,819,910,702 | 500,417,893 | 1,966,257,508 | 1,921,466,358 | 3,817,689,084 |
| Basic earnings per share | 32.24 | 16.13 | 52.15 | 24.63 | 32.30 | 16.11 | 52.16 | 24.59 |
| Diluted earnings per share | 32.24 | 16.13 | 52.15 | 24.63 | 32.30 | 16.11 | 52.16 | 24.59 |
| **Profit attributable to:** | | | | | | | | |
| Equity holders of the Bank | 1,234,535,294 | 2,633,475,310 | 1,887,997,981 | 3,738,091,445 | 1,236,667,884 | 2,630,641,835 | 1,888,055,830 | 3,732,416,195 |
| Non-controlling interest | (149,582) | 198,743 | (4,057) | 398,068 | - | - | - | - |
| **Total** | 1,234,385,712 | 2,633,674,053 | 1,887,993,924 | 3,738,489,513 | 1,236,667,884 | 2,630,641,835 | 1,888,055,830 | 3,732,416,195 |

## Statement of Distributable Profit or Loss

**For the Quarter ended 32 Ashad, 2083**
**(As per NRB Regulation)**

Amount in Rs.

| Particulars | Bank | |
|---|---|---|
| | Current Year Upto this Quarter YTD | Previous Year Corresponding Qtr YTD |
| **Net Profit or (loss) as per statement of profit or loss** | **2,630,641,835** | **3,732,416,195** |
| **1. Appropriations** | | |
| a. General Reserve | 526,128,367 | 746,483,239 |
| b. Capital Redemption Reserve | - | 500,000,000 |
| c. Exchange Fluctuation Fund | 23,287,960 | 1,239,499 |
| d. Corporate Social Responsibity Fund | 26,306,418 | 37,324,162 |
| e. Employees Training Fund | 25,284,465 | 20,227,835 |
| f. Other | 33,701,462 | 4,244,496 |
| CSR Expenses transferred to Retained earning from CSR Reserve | (21,298,538) | (26,907,777) |
| Realised gain upto previous year on equity share investment measured at FVTOCI transferred to Retained Earnings | - | 6,152,273 |
| Investment Adjustment Reserve | 55,000,000 | 25,000,000 |
| **Profit or (loss) before regulatory adjustment** | **1,995,933,163** | **2,422,896,964** |
| ***Regulatory Adjustment:*** | | |
| *a. Interest receivable (-)/previous accrued interest received (+)* | (89,980,747) | 349,244,048 |
| *b. Short loan loss provision in accounts (-)/reversal (+)* | - | - |
| *c. Short provision for possible losses on investment (-)/ reversal (+)* | - | - |
| *d. Short loan loss provision on Non Banking Assets (-)/ resersal (+)* | (37,667,247) | (59,068,784) |
| *e. Deferred tax assets recognised (-)/ reversal (+)* | - | - |
| *f. Goodwill recognised (-)/ impairment of Goodwill (+)* | - | |
| *g. Bargain purchase gain recognised (-)/reversal (+)* | - | |
| *h. Actuarial loss recognised (-)/reversal (+)* | (1,311,152,996) | (176,085,722) |
| *i. Others(+/-)* | 15,527,052 | (113,980,761) |
| *ICTL Reserve* | (38,639,876) | (59,813,833) |
| *Fair value through profit and Loss* | 54,166,928 | (54,166,928) |
| **Net Profit or (loss) for the Qtr ended on 32 Ashad, 2083 available for distribution** | **572,659,225** | **2,423,005,745** |
| Opening Retained Earnings as on Shrawan 1, 2082 | 2,816,669,319 | 2,136,087,575 |
| Adjustments(+/-) | | |
| *Distribution:* | | - |
| Bonus Share Issued | (450,294,790) | (403,550,222) |
| Cash Dividend Paid | (1,676,847,089) | (1,338,873,778) |
| **Total Distributable Profit or (Loss) as on Qtr end Ashad 2083** | **1,262,186,665** | **2,816,669,320** |
| **Annualised Distributable Profit/(Loss) per Share** | 6.54 | 17.98 |

## Ratios as per NRB Directive

| Particulars | Group | | | | Bank | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Current Year | | Corresponding Previous Year | | Current Year | | Corresponding Previous Year | |
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | | 13.29% | | 13.93% | | 13.29% | | 13.93% |
| Tier 1 Capital to RWA | | 11.35% | | 11.92% | | 11.35% | | 11.92% |
| CET 1 Capital to RWA | | 9.85% | | 10.42% | | 9.85% | | 10.42% |
| Non-Performing loan (NPL) to total Loan | | 4.07% | | 3.44% | | 4.07% | | 3.44% |
| Total Loan Loss Provision to Total NPL | | 110.52% | | 132.57% | | 110.52% | | 132.57% |
| Cost of Funds | | 2.97% | | 3.81% | | 2.97% | | 3.81% |
| Credit to Deposit Ratio | | 66.78% | | 68.68% | | 66.78% | | 68.68% |
| Base Rate | | 4.56% | | 5.87% | | 4.56% | | 5.87% |
| Interest Rate Spread | | 3.66% | | 3.96% | | 3.66% | | 3.96% |
| Return on Equity (Annualized) | | 7.85% | | 14.47% | | 7.89% | | 14.56% |
| Return on Assets (Annualized) | | 0.67% | | 1.11% | | 0.67% | | 1.11% |

**Notes:**

1. The above figures are subject to change as per direction of the Regulators/Statutory Auditors.
2. Figures are regrouped/rearranged/restated whereas necessary for consistent presentation and comparison.
3. Personnel Expenses include provision for employee bonus calculated at 5% of profit before bonus and tax as per the provisions made for government controlled entity in the bonus bylaws 2075.
4. Loan and Advances to Customer is presented net of impairment charges and includes interest accruals and staff loans and advances.
5. Loan administration fees that are integral part of effective interest rate (EIR) is considered immaterial and hence not considered while computing the effective interest rate.
6. Coupon rate of the loan and advances has been considered as effective interest rate(EIR) for the recognition of Interest Income as per NFRS 9.
7. The Group Financial Statements includes two Susidiaries namely Kosh Byabasthapan Company Limited, having 93.45% holding and Gobar Gas Company having 83.96% holding. 100 percent impairment allowance has been provided against the investment in Gobar Gas Company.
8. All Inter-company transactions and outstanding balances among group companies are adjusted in Group Financial Statements.
9. Other Comprehensive Income is not considered while computing Earnings Per Share and calculated after dividend to Preference Shareholders.
10. Debt securities issued represents debenture worth Rs. 2,500 million and Agri bond worth Rs. 18,000 million .
11. Recognition of interest income on Loan & Advances has been based upon NRB 'Guidance Note on Interest Income Recognition, 2025'.
12. The Bank, following regulatory backstop as mentioned Clause 16 of **"NFRS 9- Expected Credit Loss Related Guidelines, 2024"** has recognized on credit exposures as the higher of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02.
13. Detailed interim financial report has been published in the Bank's website www.adbl.gov.np

# कृषि विकास बैंक लि.

## त्रैमासिक प्रतिवेदन

**आर्थिक वर्ष २०८२/८३ चौथो त्रैमास (२०८३ आषाढ मसान्त)**

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३, नियम २६ (१) अनुसूची १४ अनुसार**

१. **सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार**

नरहेको ।

२. **प्रमुख वित्तीय अनुपातहरू**

| | |
|---|---|
| प्रतिशेयर आम्दानी/(नोक्सानी) (रु.) | १६.११ |
| प्रतिशेयर खुद मूल्य (रु.) | २३१.७१ |
| प्रतिशेयर कुल सम्पत्ति मूल्य (रु.) | २,८९६.६१ |
| तरलता अनुपात (%) | ३७.४५ |

३. **व्यवस्थापकीय विश्लेषण**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण**

समीक्षा अवधिमा अर्थतन्त्रमा देखिएको अन्यौलताका कारणले बैंकको कर्जा व्यवसाय आशातित विस्तार हुन सकेको छैन। तथापि निक्षेप मौज्दातमा भने सकारात्मक वृद्धि गरिएको छ। बैंकको कारोबार नियमित रहेको र तरलता सन्तोषजनक रहेको छ।

**(ख) आगामी अवधिको व्यावसायिक योजनाको सम्बन्धमा**

कर्जाको सन्तुलित प्रभाग कायम तथा उत्कृष्ट गुणस्तर कायम गर्दै, ग्राहकको चाहना तथा व्यवसायको सम्भाव्यता अनुरूप Digital बैंकिङ सेवा ग्रामीण स्तरसम्म उपलब्ध गराइनेछ। किसान क्रेडिट कार्ड, फोन लोन, ओभरड्राफ्ट कार्ड आदिको सेवा थप विस्तार गरिनेछ। व्यवसायमा अन्तरनिहित जोखिमको प्रभावकारी व्यवस्थापन गर्दै शेयरधनी र सम्बद्ध सरोकारवालाहरूको अधिकतम हित हुने गरी व्यवसायको विस्तार गर्नुका साथै सेवामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**(ग) विगतको अनुभवबाट सङ्गठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण**

विश्व अर्थतन्त्रमा देखिएको असामञ्जस्यता आदिका कारण राष्ट्रिय अर्थतन्त्रसँगै बैंकिङ व्यवसाय समेत प्रभावित भइरहेको अवस्थामा अर्थतन्त्रलाई लयमा फर्काउन, सरकार र नेपाल राष्ट्र बैंकबाट ल्याइएका विभिन्न सुधारका उपायहरूले अर्थतन्त्रमा सुधार आउनसक्ने विश्वास गर्न सकिन्छ। तरलता र लगानी योग्य पुँजीमा आएको सुधारले बैंकिङ व्यवसायलाई सजगताका साथ चुस्त व्यवस्थापन गर्दै बैंकका गतिविधिहरूलाई विविधीकरण सहित अघि बढाइएको छ।

४. **कानूनी कारबाही सम्बन्धी विवरण**

**देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण**

**(क) त्रैमासिक अवधिमा सङ्गठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए**

यस बैंकको पक्ष विपक्षी भई अदालतमा हालसम्म १५२ वटा मुद्दाहरू विचाराधीन अवस्थामा रहेको छ।

**(ख) सङ्गठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए**

यस बैंकको जानकारीमा आएको छैन।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए**

यस बैंकको जानकारीमा आएको छैन।

५. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

**(क) धितोपत्र बजारमा भएको सङ्गठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा**

बैंकको शेयर कारोबार नियमित एवं सन्तोषजनक रूपमा हुँदै आएको छ।

**(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्या**

| शेयरको अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | शेयर कारोबार भएको कुल दिन | कुल शेयर कारोबार सङ्ख्या |
|---|---|---|---|---|
| ३२२.०० | ३०२.०० | ३०९.०० | ६४ | १६,०६,३४८ |

६. **समस्या तथा चुनौती**

सङ्गठित संस्थाले वहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई सङ्गठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण

**आन्तरिक समस्या र चुनौती**

- सञ्चालन लागत।
- कर्जाको गुणस्तर।
- तरलता व्यवस्थापन।

**बाह्य समस्या र चुनौती**

- अर्थतन्त्रमा देखिएको मन्दी र यसले पारेको प्रभाव।
- सूचना प्रविधिको क्षेत्रमा चुनौती र अनुपालना लागतमा वृद्धि।

**चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति**

उपरोक्त समस्याको समाधान तथा चुनौतीहरूको सामना गर्न बैंकले थप सजगताका साथ समग्र सञ्चालन प्रणालीमा समयसापेक्ष सुधार गर्दै आएको छ।

- उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी व्यवसाय वृद्धि तथा विविधीकरण गरिएको।
- प्रतिस्पर्धी ब्याजदर कायम गर्न सञ्चालन खर्चमा कटौती र न्यून लागतको निक्षेप र दीर्घकालीन स्रोत सङ्कलनमा जोड दिँदै कर्जा निक्षेप सम्मिश्रणलाई थप सन्तुलित बनाउँदै लगिएको।
- व्यवसायमा थप नियन्त्रण हुने गरी केन्द्रीकृत व्यवसायको अवधारणा अवलम्बन गरिएको।
- Digital Banking कारोबारलाई expedite गर्दै लगिएको।

७. **संस्थागत सुशासन**

प्रचलित नीति, नियम तथा निर्देशनहरूको प्रभावकारी रूपमा पालना गरिएको छ। बैंक व्यवस्थापन आफ्ना शेयरधनीहरू, सर्वसाधारण निक्षेपकर्ता तथा सम्पूर्ण सरोकारवालाहरूको हित संरक्षणका लागि सदैव प्रतिबद्ध रहेको छ।

८. **सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित गर्न तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

## एनओसीद्वारा समसुद्दिनको बिदाइ



**काठमाडौँ** (गोरखापत्र), साउन २० गते । नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले बुधबार एसियन युथ तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपमा इन्टरनेसनल टेक्निकल अफिसरको भूमिका निर्वाह गर्न उज्बेकिस्तानको तासकेन्ट प्रस्थान गर्ने सिद्दिकी समसुद्दिनलाई शुभकामनासहित बिदाइ गर्नुभएको छ।

सो प्रतियोगिता साउन २२ देखि २९ तारिखसम्म हुँदै छ। एनओसी अध्यक्ष श्रेष्ठले टेक्निकल अफिसर खेलकुदको महत्त्वपूर्ण खम्बा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "खेलाडीहरू सबैको केन्द्रमा रहन्छन् तर खेलकुदको विकासमा प्राविधिक जनशक्तिहरू टेक्निकल अफिसर, रेफ्री, प्रशिक्षक, म्यानेजर र अन्य सहयोगीको पनि उत्तिकै भूमिका रहेको हुन्छ।"

श्रेष्ठले नेपाल भारोत्तोलन सङ्घको निरन्तर प्रयासले नेपालका टेक्निकल अफिसियलले लगातार अन्तर्राष्ट्रियस्तरमा आफ्नो क्षमता देखाउन सफल भइरहेकोमा त्यस्तो श्रेय सङ्घका अध्यक्ष रामकृष्ण श्रेष्ठलाई दिनुभयो । उहाँका अनुसार यस्ता प्रयासले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको उपस्थितिलाई सुदृढ बनाउने गर्छ।

## जुनियर क्रिकेट आइतबारदेखि

**काठमाडौँ** (गोरखापत्र), साउन २० गते । एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा जुनियर क्रिकेट लिग (जेसिएल) सिजन–२ आइतबारदेखि हुने भएको छ। साउन २८ गतेसम्म चल्ने टी–१० इन्डोर क्रिकेटका खेल मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा खेलाइने छ।

प्रतियोगितामा २४ टिमको सहभागिता रहने आयोजक एन्जल्स हार्टका प्रधानाध्यापक टकबहादुर थापाले मङ्गलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपिएल) टिम काठमाडौँ गुर्खाज्को सहयोगमा हुन लागेको प्रतियोगिताका विजेताले ३० हजार र उपविजेताले २० हजार नगद पुरस्कार पाउने आयोजक एन्जल्स हार्टका खेलकुद विभाग प्रमुख सुमन तिमिल्सिनाले जानकारी दिनुभयो।

# एकदिवसीय विश्वकप छनोटको मिति तय




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले सन् २०२७ मा आयोजना हुने एकदिवसीय विश्वकप क्रिकेट ग्लोबल छनोटको मिति सार्वजनिक गरेको छ । यसअघि नै आइसिसी एकदिवसीय विश्वकप क्रिकेट सन् २०२७ को अक्टोबर ४ देखि नोभेम्बर २१ तारिखसम्म दक्षिण अफ्रिका, जिम्बाब्वे र नामिबियामा हुने घोषणा भइसकेको थियो। विश्वकपमा छनोट प्रतियोगिता सन् २०२७ को फेब्रुअरी २२ देखि मार्च २३ तारिखसम्म सञ्चालन हुने छ । ग्लोबल छनोटमा आयोजना स्थल भने टुङ्गो लागेको छैन।

आइसिसीले विश्वकप ग्लोबल छनोटको प्रक्रियामा परिवर्तन गरेको छ। जसमा १० टोलीले भाग लिने छन्। छनोट खेल जित्ने टोली सिधै १४ टोली सहभागी हुने विश्वकपमा पुग्ने छ। छनोट प्रतियोगितामा दोस्रो, तेस्रो र चौथो हुने टोलीले विश्वकपको पहिलो चरण 'सुपर सिरिज' खेल्ने छ। तीन टोलीमध्ये उत्कृष्ट एक टोली अगाडि बढ्ने छ।

**नेपालको आशा प्लेअफ**

नेपालको लिग–२ को शीर्षस्थानमा रहेर विश्वकपको ग्लोबल छनोट खेल्ने योजना लगभग सकिइसकेको छ । अब नेपालले लिग–२ मा प्लेअफको बाटो समाउनुपर्ने अवस्था छ। विश्वकप छनोट प्लेअफमा लिग–२ का पुछारका चार टोली र च्यालेन्ज लिगका चार टोली गरी आठ टोलीबिच प्रतिस्पर्धा हुने छ । त्यहाँबाट शीर्ष चार टोलीले विश्वकप छनोट प्रतियोगितामा स्थान बनाउने छन्।

लिग–२ मा सहभागी आठ टोलीमध्ये नेपाल ३२ खेलमा २४ अङ्क जोड्दै तालिकाको छैटौँ स्थानमा छ। लिग–२ मा एकअर्कासँग कुल ३६ खेल खेलेपछि शीर्ष चारमा रहने टोली विश्वकप ग्लोबल क्वालिफायरमा छनोट हुने प्रावधान छ। तीन पटक टी–२० विश्वकप खेलेको नेपालले अहिलेसम्म एकदिवसीय विश्वकप खेल्न सकेको छैन।

**नेपालले अस्ट्रेलियामा खेल्ने**

अस्ट्रेलियामा हुने एनटी टप एन्ड टी–२० क्रिकेट प्रतियोगिताका लागि खेलतालिका सार्वजनिक भएको छ।

डार्बिनमा अगस्ट २१ देखि ३० सम्म हुने प्रतियोगितामा नेपालले लगातार दोस्रो पटक सहभागिता जनाउन लागेको हो। पछिल्ला पटक छ खेलमध्ये नेपालमा दुईमा मात्र जित हासिल गरेको थियो। यस पटक प्रकाशित खेलतालिका अनुसार नेपालले समूह चरण 'छ' खेल खेल्ने छ।

नेपालले पहिलो खेलमा अगस्ट २१ मा एनटी स्ट्राइकको सामना गर्ने छ। नेपालले दोस्रो खेल अगस्ट २२ मा बङ्गलादेश हाई परफर्मेन्स टोलीसँग खेल्ने छ । त्यसपछि अगस्ट २४ मा होबर्ट हरिकेन्स एकेडेमी, अगस्ट २६ मा एसिटी कोमेट्स, अगस्ट २७ मा किङ्समेन र अगस्ट २९ मा भिक्टोरियासँग प्रतिस्पर्धा गर्ने छ । यस प्रतियोगिताका लागि क्यानले नेपाली टिमको घोषणा भने गरेको छैन।

### बिसौँ एसियाली खेलकुद

# नेपालले बाइस खेलमा भाग लिने

**गोरखापत्र सामचारदाता**
*काठमाडौँ, साउन २० गते*

जापानको आइची/नागोयामा हुने २० औँ एसियाली खेलकुदमा नेपालबाट २२ खेलमा १३६ खेलाडीले सहभागिता जनाउने भएका छन्। ८० पुरुष र ५६ महिला गरी १३६ खेलाडी सहभागी हुने राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले बताउनुभएको छ । प्रशिक्षक सङ्ख्या ३२ रहेको छ।

20th Asian Games
Aichi-Nagoya 2026

नेपालबाट आर्चरीमा एक/एक पुरुष/महिला, एथलेटिक्समा चार पुरुष र दुई महिला, ब्याडमिन्टनमा दुई/दुई पुरुष/महिला, बक्सिङमा चार पुरुष र तीन महिला, क्यानोइ स्लालममा दुई पुरुष, पुरुष क्रिकेट १५, साइक्लिङमा एक/एक पुरुष/महिला तथा डान्स एन्ड स्पोर्ट्समा एक पुरुष खेलाडी सहभागी हुने छन्।

त्यस्तै गल्फमा तीन पुरुष र एक महिला, जुडोमा तीन/तीन पुरुष/महिला, कबड्डीमा १२–१२ पुरुष/महिला, कराँतेमा तीन पुरुष र पाँच महिला, स्केटबोर्डमा दुई पुरुष, सफ्ट टेनिसमा तीन पुरुष र एक महिला, स्क्वासमा एक/एक पुरुष/महिला, पौडीमा तीन पुरुष र दुई महिला, टेबलटेनिसमा तीन/तीन पुरुष/महिला, तेक्वान्दोमा दुई पुरुष, टेनिसमा तीन पुरुष र दुई महिला, महिला भलिबलमा १२, कुस्तीमा चार पुरुष र दुई महिला तथा उसुमा आठ पुरुष र तीन महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । राखेपले सार्वजनिक गरेको सूचीमा एसियाडमा छनोट चरण पार गरेको इस्पोर्ट्स भने समावेश छैन।

चीनको होङजाउमा भएको १९ औँ एसियाडमा नेपालबाट २९ खेलमा २५३ खेलाडी सहभागी भएका थिए। जसमा १२६ पुरुष र १२७ महिला खेलाडी थिए । होङजाउ एसियाडमा नेपालले एक रजत र एक कांस्य पदक जितेको थियो । ऐतिहासिक पदक जित्ने क्रममा कराँतेकी एरिका गुरुङले रजत तथा महिला कबड्डी टोलीले कांस्य पदक जितेका थिए। एसियाडमा दुवैको पहिलो सहभागिता थियो। २० औँ एसियाड असोज ३ देखि सुरु हुँदै छ । यसपालि नेपालले स्वर्णसहित दोहोरो अङ्कमा पदक जित्ने लक्ष्य लिएको छ।

# वाङ्चु र राजन अन्तिम चारमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

नेपालका नम्बर एक खेलाडी वाङ्चु तामाङ र राजन गुरुङ बुधबार पहिलो काठमाडौँ खेलमण्डल (एनआरटी) नेपाल टप–१६ ग्रान्ड मास्टर्स स्नुकर च्याम्पियनसिपको सेमिफाइलनमा पुग्नुभएको छ । यी दुई खेलसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पनि पूरा भएको छ। एक दिनअघि रोहित क्षेत्री र सविन तामाङले पनि अन्तिम चारमा स्थान बनाउनुभएको थियो। सेमिफाइनलमा राजनले रोहित र वाङ्चुले सविन तामाङको सामना गर्नुहुने छ।

काठमाडौँ खेलमण्डल (एनआरटी) को आयोजनामा त्रिपुरेश्वरस्थित क्लबकै भवनमा भएको प्रतियोगिता अन्तर्गत बुधबार भएको क्वाटरफाइनल अन्तर्गत बेस्ट अफ नाइन खेलमा राजनले सोम लामालाई ५–३ ले हराउनुभयो। यसै गरी अन्तिम क्वाटरफाइनलमा वाङ्चुले फुर्बा दोर्जी शेर्पालाई ५–३ ले नै पराजित गर्नुभयो।



## कला/साहित्य

## विश्वकर्मालाई स्वर्ण पदक



**काठमाडौँ** (गोरखापत्र), साउन २० गते । यस वर्षको रागिनी उपाध्याय स्वर्ण पदक २०२६ कलाकार नैन्सी विश्वकर्मालाई प्रदान गरिएको छ । उक्त पदक लखनउ विश्वविद्यालयको दीक्षान्त समारोहमा प्रदान गरिएको हो।

उक्त पदकको स्थापना कलाक्षेत्रमा उत्कृष्टता हासिल गर्ने युवा प्रतिभालाई सम्मानित गर्दै आगामी पुस्ताका कलाकारलाई सिर्जनात्मकता, समर्पण र उत्कृष्टताको मार्गमा प्रेरित गर्ने उद्देश्यले स्थापना गरिएको जनाइएको छ।

भारतको लखनउ विश्वविद्यालयले चित्रकार रागिनी उपाध्यायको सम्मानमा सो पुरस्कार स्थापना गरेको हो। कलाक्षेत्रमा उत्कृष्टता हासिल गर्ने युवा विद्यार्थीहलाई सन् २०२५ बाट यो पुरस्कार प्रदान गर्न थालिएको हो। स्वर्ण पदकले युवा कलाकारलाई कला साधनामा निरन्तर अघि बढ्न प्रेरित गर्ने कलाकार उपाध्यायले बताउनुभयो।

## शाह अमेरिकामा सम्मानित हुने

**काठमाडौँ** (गोरखापत्र), साउन २० गते। जनस्वास्थ्य तथा वातावरणीय विकास केन्द्रका कार्यकारी निर्देशक रामचरित्र साह 'लेस्ली निकेल्स अन्तर्राष्ट्रिय श्रमिक स्वास्थ्य तथा सुरक्षा पुरस्कार–२०२६' बाट सम्मानित हुनुहुने भएको छ। संयुक्त राज्य अमेरिकाको अमेरिकी जनस्वास्थ्य सङ्घको व्यावसायिक स्वास्थ्य तथा सुरक्षा विभागले यस वर्षको 'लेस्ली निकेल्स अन्तर्राष्ट्रिय श्रमिक स्वास्थ्य तथा सुरक्षा पुरस्कार' साहलाई प्रदान गर्ने भएको हो।

अमेरिकाबाहिर व्यावसायिक स्वास्थ्य तथा सुरक्षाको क्षेत्रमा उत्कृष्ट योगदान र उपलब्धि हासिल गर्ने व्यक्ति तथा संस्थालाई विभागले बर्सेनि सो पुरस्कार प्रदान गर्दै आएको छ। आगामी नोभम्बर ३ मा टेक्सासस्थित सान एन्टोनियो कन्भेन्सन सेन्टरमा पुरस्कार वितरण गरिने छ।

जनस्वास्थ्य तथा वातावरणीय विकास केन्द्र कामदारको व्यावसायिक स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न अनुसन्धान, जनचेतना अभिवृद्धि, क्षमता विकास तथा नीतिगत पैरवीमा सक्रिय हुँदै आएको संस्था हो। सवारीसाधन मर्मत केन्द्रमा काम गर्ने श्रमिकमा एस्बेस्टसको जोखिम, भूमिगत पार्किङ क्षेत्रमा कार्बनमोनोअक्साइको सम्पर्कबाट हुने जोखिमलगायतका विषयमा सो संस्थाले काम गर्दै आएको हो।

# मौलिक बाजागाजा पाउनै मुस्किल

**दाङ, समाचारदाता**
*दाङ, साउन २० गते*

कुनै समय थारू समुदायका चाडपर्व तथा विविध नाचगानमा मौलिक बाजागाजाको धुन गुन्जिने गर्थे। नाच अनुसार फरक फरक बाजा बजाउने परम्परा थारू संस्कृतिको अभिन्न अङ्ग मानिन्थ्यो तर बाजा बनाउने कारिगरको अभाव, नयाँ पुस्ताको घट्दो आकर्षण र संरक्षणमा बेवास्ताका कारण ती मौलिक बाजागाजा अहिले बिस्तारै लोप हुने अवस्थामा पुगेका छन्।

दङ्गीशरण गाउँपालिका–३, हेकुलीकी सुरमानी चौधरी पहिले चाडपर्व र सांस्कृतिक कार्यक्रममा 'झाली' र 'कस्तार' बोकेर सहभागी हुने गरेको सम्झनुहुन्छ। पुर्खाले बनाएका ती बाजा जीर्ण भइसकेपछि अहिले उहाँले प्रयोग गर्न छाड्नुभएको छ। "बाजा बिग्रिएपछि नयाँ बनाउन सकिएन। बजारमा पाइँदैन, बनाउने मान्छे पनि छैनन्," उहाँले भन्नुभयो, "पहिला नाच्न जाँदा नाच्ने टोलीका हातमा अनिवार्य ती लोकबाजा हुन्थ्यो, अहिले ताली मात्र बजाउँछौँ।"

हेकुली गाउँकै मोहन चौधरी कुनै समय छट्खौली, डप र पिलरु बजाउनमा गाउँमै परिचित हुनुहुन्थ्यो तर अहिले ती बाजा हराउन थालेपछि उहाँले पनि बजाउन छाड्नुभएको छ। "उमेर पनि ढल्कियो, नयाँ बाजा बनाउने जाँगर भएन," उहाँले भन्नुभयो, "अहिलेका युवाले यस्ता बाजा सिक्न र बजाउन चासो नै देखाउँदैनन्।" उहाँका अनुसार पहिले प्रत्येक गाउँमा चाडपर्व र नाचगानमा मौलिक बाजागाजा अनिवार्य जस्तै प्रयोग हुन्थे। अहिले कतिपय गाउँमा मादलबाहेक अन्य बाजा देख्नसमेत मुस्किल पर्न थालेको छ।



*तस्बिर : सन्तोष दहित*

**कस्तारसहित नाच्दै थारू महिला ।**

दङ्गीशरण गाउँपालिका–५, डाँडाचिसका अङ्गलाल चौधरीका अनुसार थारू समुदायको छोक्रा, हुर्डुग्यालगायतका परम्परागत नाचमा झाली, कस्तार, बस्या, छट्खौलिर पिलरु जस्ता बाजा प्रयोग गरिन्थ्यो। यी बाजा थारू समुदायको सांस्कृतिक पहिचान हुन् तर अहिले प्रयोग घट्दै जाँदा एक/एक गरेर ती बाजा हराउन थालेका छन्। थारू समुदायमा मादल, ढ्वाल, मन्जौरा, झाली, कस्तार, बस्या, छट्खौली, पिलरु र डप प्रमुख लोकबाजा भएका उहाँले बताउनुभयो। चाडपर्व, गीत र नाचको प्रकृति अनुसार फरक फरक बाजा बजाउने परम्परा रहेको छ। "अहिले मादलबाहेक अधिकांश बाजा लोपोन्मुख अवस्थामा पुगेका छन्।"

स्थानीय बुढापाकाका अनुसार मौलिक बाजागाजा हराउँदै जाँदा थारू समुदायको साङ्गीतिक परम्परा र सांस्कृतिक पहिचानसमेत सङ्कटमा पर्दै गएको छ। थारू अगुवाहरू बाजा निर्माण गर्ने कारिगरको संरक्षण, नयाँ पुस्तालाई तालिम तथा सांस्कृतिक कार्यक्रममा मौलिक बाजागाजाको अनिवार्य प्रयोगको व्यवस्था गर्नुपर्ने र समयमै संरक्षण र पुस्तान्तरण गर्न आवश्यक रहेको बताउँछन्।

# 'एउटा अथक योद्धा' लोकार्पण




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

समाजसेवी गोपाल कोइराला 'त्यागी' को जीवनसङ्घर्ष, सामाजिक योगदान र व्यक्तित्वमाथि आधारित पुस्तक 'एउटा अथक योद्धा' को लोकार्पण गरिएको छ। पुस्तकमा कोइरालाको जीवनयात्रा, विभिन्न सङ्घर्षका अध्याय, समाजसेवा, मानवीय योगदान तथा प्रेरणादायी अनुभव समेटिएका छन्।

कार्यक्रममा प्रमुख अतिथि पूर्वसचिव डा. द्वारिकानाथ ढुङ्गेलले कोइरालालाई सीमा संरक्षणमा निरन्तर सक्रिय राष्ट्रसेवी व्यक्तित्वका रूपमा चित्रण गर्दै उहाँको योगदान राज्यका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो। इतिहासविद् डा. सुरेन्द्र केसीले तीन दशकदेखि सीमाक्षेत्रको अध्ययन र संरक्षणमा निरन्तर काम गर्दै आउनुभएका कोइरालाले हराएका धेरै भूभाग देशको नाममा फिर्ता ल्याउन भूमिका खेलेको उल्लेख गर्नुभयो। कृतिमाथि डा. हरि सिलवालले गोपाल कोइराला 'त्यागी' का योगदानलाई भावी पुस्तासम्म पुऱ्याउन उहाँका कृति विद्यालय र पुस्तकालयसम्म पुग्नुपर्ने धारणा राख्नुभएको थियो। सो कृतिलाई महेश प्रसाईं र तेजेन्द्र प्रसाईंले सम्पादित गर्नुभएको हो।

# भारतीय अभिनेता रावतको निधन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*



भारतीय अभिनेता प्रदीप रावतको ७४ वर्षको उमेरमा निधन भएको छ। ब्लड क्यान्सर (रक्त क्यान्सर) पुनः बल्झिएपछि मुम्बईमा उपचाररत रहनुभएका रावतको मङ्गलबार निधन भएको भारतीय सञ्चार माध्यम हिन्दुस्तान टाइम्सले जनाएको छ।

हिन्दुस्तान टाइम्सका अनुसार प्रदीप रावत एक महिनाभन्दा बढी समयदेखि मुम्बईको अस्पतालमा उपचाररत हुनुहुन्थ्यो। रावतले हिन्दी, तेलुगु, तमिल तथा नेपाली चलचित्र उद्योगमा समेत काम गर्नुभएको थियो । उहाँले चर्चित टेलिभिजन शृङ्खला महाभारतमा अश्वत्थामाको भूमिका निर्वाह गरेर प्रारम्भिक चर्चा कमाउनुभएको थियो। लगान, गजिनी, सरफरोश जस्ता चर्चित चलचित्रमा काम गर्नुभएका रावतले नेपाली चलचित्र 'ह्रस्व दीर्घ' र 'आबाट आमा' का दुवै शृङ्खलामा अभिनय गर्नुभएको छ। उहाँ अभिनीत नेपाली चलचित्र आबाट आमा २ दसैँमा प्रदर्शनको तयारीमा छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – सिर्जनात्मक पक्ष सुखद रहने छ । पारिवारिक लाभका साथै वाक्कलामा वृद्धि हुने छ।

**वृष** – शत्रु पक्ष सबल रहने छन् । कार्य हानिका साथै मित्र भय रहने छ।

**मिथुन** – द्रव्य लाभ हुने छ । अध्ययनमा रुचिका साथै धातुजन्य वस्तु लाभ हुने छ।

**कर्कट** – सामाजिक कार्यमा रुचि रहने छ। मित्र सुखका साथै अध्ययनमा सफलता मिल्ने छ।

**सिंह** – आध्यात्मिक पक्ष सुखद रहने छ। कार्य लाभका साथै यात्राका योग देखिन्छन्।

**कन्या** – धनको क्षेत्र कमजोर रहने छ। मित्र भयका साथै कलात्मक पक्ष कमजोर रहने छ।

**तुला** – द्रव्य लाभ हुने छ । कान्ति वृद्धिका साथै खेलजन्य क्षेत्र सुखद रहने छन्।

**वृश्चिक** – प्रेम पक्ष उन्नत रहने छ। वैदेशिक क्षेत्रबाट लाभका साथै यात्राका अवसर मिल्ने छन्।

**धनु** – भौतिक सुख मिल्ने छ । कार्यक्षेत्रमा उन्नतिका साथै कृषि कर्म सुखद रहने छ।

**मकर** – वित्तीय लाभ हुने छ। कलात्मक पक्ष सुखद रहनुका साथै कीर्ति वृद्धिका योग देखिन्छन्।

**कुम्भ** – भौतिक सुख मिल्ने छ। वैदेशिक क्षेत्रबाट लाभका साथै आर्थिक वृद्धि हुने छ।

**मीन** – साङ्गीतिक क्षेत्र सुखद रहने छ। प्रेममा सफलताका साथै यात्राका योग देखिन्छन्।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल साउन २१ गते (अगस्ट ६, २०२६) बिहीबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५१।९० | १५२।५० |
| युरो | १ को रु. | १७५।२६ | १७५।९५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०४।५७ | २०५।३८ |
| स्विस फ्रैङ्क | १ को रु. | १८७।६६ | १८८।४० |
| अस्ट्रेलियन डलर | १ को रु. | १०७।०९ | १०७।४४ |
| क्यानेडियन डलर | १ को रु. | १०७।९९ | १०८।४२ |
| सिङ्गापुर डलर | १ को रु. | ११८।४७ | ११८।९४ |
| जापानी येन | १० को रु. | ९।६३ | ९।६७ |
| चिनियाँ युआन | १ को रु. | २२।५१ | २२।६० |
| साउदी अरब रियाल | १ को रु. | ४०।४५ | ४०।६० |
| कतारी रियाल | १ को रु. | ४१।६६ | ४१।८३ |
| थाई भाट | १ को रु. | ४।५७ | ४।५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।३६ | ४१।५२ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।११ | ३७।२६ |
| दक्षिण कोरियन वन | १०० को रु. | १०।६६ | १०।७० |
| स्विडिस क्रोनर | १ को रु. | १५।९४ | १६।०१ |
| डेनिस क्रोनर | १ को रु. | २३।४५ | २३।५४ |
| हङ्कङ डलर | १ को रु. | १९।३७ | १९।४४ |
| कुवेती दिनार | १ को रु. | ४९४।६३ | ४९६।५८ |
| बहराइन दिनार | १ को रु. | ४०२।८६ | ४०४।४६ |
| ओमानी रियाल | १ को रु. | ३९४।५३ | ३९६।०९ |

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**गोरखापत्र संस्थान**का लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित । पो.ब.नं. २३, काठमाडौँ, नेपाल । द.नं. ०२ । गो.हु.का.द.नं. ०९/०८१/०८२ । प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




विराटनगर संस्करण | विवेचना | मानव सभ्यताकै क्रूर दिन | एकदिवसीय विश्वकप छनोटको मिति तय १६

वर्ष १२६ | अङ्क ९२ | २०८३ साल साउन २१ गते बिहीबार | श्रावण कृष्ण अष्टमी | नेपाल संवत् ११४६ दिल्लागा ८ | 2026 August 6 Thursday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

### कप्तानगन्ज घटना प्रकरण

# पीडित परिवारलाई क्षतिपूर्ति



तस्विर : प्रधानमन्त्री कार्यालय

**प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रीपरिषद् बैठक ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले सुनसरी, सिराहालगायत जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिका परिवार र घाइतेलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले सिराहा र सुनसरी जिल्लामा भएको प्रदर्शनमा मृत्यु भएका परिवारलाई राहत दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

तराईका ती जिल्लामा भएको प्रदर्शनका क्रममा चार जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। सुनसरी जिल्लास्थित देवानगन्ज गाउँपालिकाका ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता, २२ वर्षीय रवीन्द्र मेहता र सिरहा जिल्लाको औरही गाउँपालिका-२ का १८ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। मन्त्री पोखरेलले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा याङ्की उक्यावलाई नियुक्त गर्ने निर्णय भएको जानकारी दिनुभयो। तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने, नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने निर्णय भएको छ।

» बाँकी पृष्ठ २ मा

## मन्त्रीपरिषद् निर्णय

# अनुदान आयोगको अध्यक्षमा केसी सचिवमा श्रेष्ठ नियुक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ ।

विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा प्राडा खड्ग केसी नियुक्त हुनुभएको छ । मन्त्रीपरिषद्को बुधबार बसेको बैठकले केसीलाई उपकुलपतिमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

पर्वतको मोदी गाउँपालिका-५, बाजुङमा जन्मनुभएका डा. केसी अन्तर्राष्ट्रिय सम्बन्ध, भूराजनीति तथा नेपालको परराष्ट्र नीतिका विज्ञ मानिनुहुन्छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तथा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि (पिएचडी) उपाधि हासिल गर्नुभएको छ।

तीन दशकभन्दा बढी समय त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा अध्यापन, अनुसन्धान र शैक्षिक नेतृत्वमा सक्रिय रहनुभएका उहाँ शिक्षाध्यक्षमा नियुक्त हुनुअघि त्रिविको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागको प्रमुख हुनुहुन्थ्यो । उहाँका अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति र परराष्ट्र नीतिसम्बन्धी विभिन्न अनुसन्धानमूलक लेख तथा कृतिहरू प्रकाशित छन् । केसी यसअघि त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष हुँदै निमित्त उपकुलपतिको जिम्मेवारीमा पनि रहनुभएको थियो। उहाँ २०८१ वैशाख १२ गते त्रिविको शिक्षाध्यक्षमा नियुक्त हुनुभएको थियो । त्यसपछि केसीलाई २०८२ वैशाख २ गते त्रिविकै उपकुलपतिको जिम्मेवारी दिइएको थियो । त्यतिखेर त्रिविका उपकुलपति प्राडा केशरजङ्ग बरालले राजीनामा दिएपछि केसीलाई निमित्त उपकुलपतिको जिम्मेवारी दिइएको थियो।

सरकारले २०८२ असार २५ गते प्राडा दीपक अर्याललाई विश्वविद्यालयको उपकुलपति नियुक्त गरेपछि केसी फेरि शिक्षाध्यक्षकै जिम्मेवारीमा फर्कनुभएको थियो। त्यसपछि फेरि सरकारले विगतमा राजनीतिक नियुक्ति लिएकाहरूलाई एकमुष्ट रूपमा पदमुक्त गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश सिफारिस गरेपछि केसीले विश्वविद्यालयका उपकुलपति अर्याल र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले सँगै पदबाट राजीनामा दिनुभएको थियो। त्रिवि सेवामा रहँदा हासिल गरेका अनुभव र सिप अनुदान आयोगलाई सशक्त बनाउन प्रयोग गर्ने केसीले बताउनुभयो । मन्त्रीपरिषद् बैठकले आयोगको सचिवमा प्राडा रोजी श्रेष्ठलाई नियुक्त गरेको छ । उहाँ नेपालमा नर्सिङ विषयमा विद्यावारिधि (पिएचडी) गर्ने पहिलो नेपाली हुनुहुन्छ । आयोगको सचिवमा नियुक्त हुनुअघि उहाँ बी एन्ड बी अस्पतालको नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

प्राडा श्रेष्ठले बी एन्ड बी मेडिकल इन्स्टिच्युटमा क्याम्पस प्रमुख, पूर्वाञ्चल विश्वविद्यालयमा नर्सिङ प्राध्यापक, नर्भिक इन्टरनेसनल अस्पतालमा नर्सिङ निर्देशक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सहायक प्राध्यापक तथा चितवन मेडिकल कलेजमा सहप्राध्यापक र प्रौढ स्वास्थ्य नर्सिङ विभाग प्रमुखको जिम्मेवारीसमेत समाल्नुभएको छ।

अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ। त्यस्तै वञ्चित र सीमान्तकृत समुदायका लागि उच्च शिक्षालाई समावेशी र पहुँचयोग्य बनाउन विभिन्न छात्रवृत्तिका कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको काम पनि अनुदान आयोगले गर्दै आएको छ।

# दस मन्त्रालयको ओएनएम सम्पन्न




दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको छ । सबै मन्त्रालयका दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ ।

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, साउन २० गते*

विभिन्न मन्त्रालयले चार हजार ६८२ वटा विभिन्न पदका दरबन्दी राष्ट्रिय किताबखानामा अभिलेखीकरण गरेका छन् । सरकारले निजामती कर्मचारीको दरबन्दी कटौती गरी चुस्त प्रशासन निर्माण गर्ने कार्यलाई तीव्रता दिएपछि अहिले मन्त्रालयहरूले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरी कर्मचारीका पदका विवरण राष्ट्रिय किताबखानामा दर्ता गरिरहेका हुन् ।

दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको किताबखानाले जनाएको छ । असार मसान्तमा सरकारले प्रधानमन्त्री कार्यालयसहित सबै मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारीको दरबन्दी कटौती गर्ने निर्णय गरेको थियो। किताबखानाका निर्देशक सुदन ख्वाखली श्रेष्ठले हालसम्म दस वटा मन्त्रालयको नयाँ दरबन्दी प्रमाणीकरण भएर किताबखानामा दर्ता प्रक्रियामा आइसकेको बताउनुभयो।

हालसम्म भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयले ओएनएम सम्पन्न गरी किताबखानामा दर्ता गरिसकेका छन् । त्यस्तै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ओएनएम सम्पन्न गरी दरबन्दी कटौती गरेका छन् । सबै मन्त्रालयको दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ । सरकारले सुशासन कायम गर्न साबिकका २१ मन्त्रालयको सङ्ख्या घटाई १८ वटा कायम गरेको थियो । त्यस्तै सरकारले प्रदेश र स्थानीय तहका समान प्रकृतिका कार्यालय र एउटै काममा दोहोरो र तेहोरोपना परेका कार्यालयलाई गाभ्ने नीति बनाई कार्यान्वयन गरेको थियो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहालले केही मन्त्रालयमा दरबन्दी बढ्ने सम्भावना देखिए पनि अधिकांश मन्त्रालयका केही पदका दरबन्दी कटौती भई आएको बताउनुभयो । उहाँका अनुसार परराष्ट्र र पूर्वाधार विकास मन्त्रालयमा केही दरबन्दी बढ्न सक्ने सम्भावना देखिएको छ ।

यसअघि सरकारले पटक पटक प्रतिफल नदिने तर कर्मचारीको तलब, सवारीसाधन र कार्यालयलगायतमा आर्थिक भार थपिरहेका संस्थान र कार्यालय खारेज गर्ने घोषणा गरेको थियो । उक्त निर्णयलाई वर्तमान सरकारले कार्यान्वयनमा ल्याएको हो । वर्तमान मुख्य सचिव गोविन्दबहादुर कार्की दुई महिनाअघि प्रधानमन्त्री कार्यालयमा रहँदा उहाँकै अध्यक्षताको बनेको समितिले यसअघि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मार्गचित्र तयार गरी सोही अनुसार काम गर्न सबै मन्त्रालयलाई निर्देशन दिएको थियो । उक्त समितिको निर्देशन अनुसार अहिले बाँकी आठ वटा मन्त्रालयले ओएनएमको नयाँ दरबन्दी सम्पन्न गर्ने अन्तिम तयारी गरिरहेका छन् ।

### डिजिटल सेवालाई प्राथमिकता

सरकारले कर्मचारीको ओएनएम गरी दरबन्दी कटौती गरेसँगै सेवाग्राहीको भिडभाड हुने निकायमा सम्भव भएसम्म डिजिटल सेवा प्रवाहलाई प्राथमिकता दिएको छ । मालपोत कार्यालय, नापी कार्यालय, यातायात कार्यालय, जिल्ला प्रशासन कार्यालयदेखि सेवाग्राहीको दैनिक कार्य परिरहने कार्यालयहरूले पूर्ण रूपमा डिजिटल सेवा प्रदान गर्न थालिसकेका छन् । उक्त कार्यालयको काम झन्झटिलो र बोझिलो भएको गुनासो सेवाग्राहीबाट हुँदै आएको थियो ।

# 'बक्यौता रकम तिर्नु पर्छ'



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले इन्टरनेट सेवाप्रदायक (आइएसपी) कम्पनीहरूले बर्सौंदेखि तिर्न बाँकी रहेको दूरसञ्चार सेवा शुल्क, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) बापतको बक्यौता असुलीको विषय टुङ्ग्याउने तयारी थालेको छ। बक्यौता रकम, कर निर्धारण र अनुमतिपत्र (लाइसेन्स) नवीकरणसँग सम्बन्धित लामो समयदेखिको विवाद समाधान गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले सरोकारवालासँगको छलफललाई तीव्रता दिएको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्दै कानुन अनुसार तिर्नुपर्ने कर तथा शुल्क कुनै पनि हालतमा असुल गरिने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "यदि विद्यमान कानुनविपरीत इन्टरनेट सेवाप्रदायकलाई अन्याय हुने गरी कर वा शुल्क निर्धारण भएको रहेछ भने सरकारले त्यसको पुनरवलोकन गर्न सक्छ। तर कानुनले तिर्नुपर्ने भनेको रकम सधैँ अल्झाएर राख्न सकिँदैन। जायज समस्या भए सरकारले सम्बोधन गर्छ, होइन भने बक्यौता असुली प्रक्रिया अगाडि बढ्छ।"

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्र सुधारको वर्षका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै बर्सौंदेखि समाधान हुन नसकेका नीतिगत तथा प्रशासनिक समस्या टुङ्ग्याइने बताउनुभयो। उहाँले सेवाप्रदायक कम्पनीहरूले भोगिरहेका समस्या, सरकारमार्फत अपेक्षा गरिएका विषय तथा सुधार गर्नुपर्ने पक्षलाई स्पष्ट रूपमा लिखित सुझावका रूपमा पेस गर्न पनि आइस्पानसँग आग्रहसमेत गर्नुभयो।

छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले कानुनले तिर्नैपर्ने रकम नतिरी सेवा सञ्चालन र लाइसेन्स नवीकरणको अपेक्षा राख्न नहुने स्पष्ट पार्नुभयो । साथै नेपालमा इन्टरनेट तथा दूरसञ्चार सेवाप्रदायक कम्पनीको सङ्ख्या धेरै भएकाले प्रभावकारी नियमन तथा अनुगमनमा चुनौती देखिएको

» बाँकी पृष्ठ २ मा

# वधशालाको फोहोर अब मोहर

**केशवराज पौडेल**
*काठमाडौँ, साउन २० गते*




स्केच : एआई

बर्सौंदेखि नेपालका अधिकांश वधशालाबाट निस्कने रगत, हड्डी, बोसो, छाला, सिङ, खुर र रौँलाई फोहोरका रूपमा मात्र हेरिँदै आएको छ। यी सहायक उत्पादन कतै खुला स्थानमा फालिन्छन्, कतै नदीनालामा बगाइन्छन् त कतै उचित व्यवस्थापनको अभावमा दुर्गन्ध, वातावरणीय प्रदूषण र सार्वजनिक स्वास्थ्यमा समस्या निम्त्याउने गरेका छन्। तर अब यही फोहोरलाई आर्थिक अवसरमा रूपान्तरण गर्ने सरकारी प्रयास सुरु भएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ को चरणबद्ध रूपमा देशभर कार्यान्वयनसँगै वधशालाबाट निस्कने सहायक उत्पादनको उपयोग र प्रशोधन गर्न सक्ने उद्योगहरू खोज्न थालिएको जानकारी दिनुभयो। उहाँले यस्ता उद्योग सञ्चालन गर्न इच्छुक वधशाला सञ्चालक, मासु व्यवसायी र प्रशोधन उद्योगलाई सरकारले सुरु गरेको तथ्याङ्क सङ्कलनमा सहभागी हुन आग्रह गर्नुभयो । "सरकारको उद्देश्य वधशालाबाट निस्कने कुनै पनि वस्तु खेर जान नदिने हो," मन्त्री चौधरीले भन्नुभयो।

नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोजकुमार शाहीका अनुसार मासु बिक्रीपछि बाँकी रहने अधिकांश सामग्री विभिन्न उद्योगका लागि बहुमूल्य कच्चा पदार्थ बन्न सक्छ। छालाबाट जुत्ता, झोला तथा अन्य छालाजन्य सामग्री उत्पादन गर्न सकिन्छ। त्यसै गरी हड्डीबाट बोन मिल, जैविक मल र पशु आहार बनाउन सकिन्छ। "बोसो साबुन तथा कस्मेटिक उद्योगका लागि कच्चा पदार्थ बन्न सक्छ भने रगतलाई प्रशोधन गरी मल र पशु आहार उत्पादनमा प्रयोग गर्न सकिन्छ," उहाँले भन्नुभयो, "सिङ र खुर हस्तकला उद्योगका लागि पनि उपयोगी सामग्री हुन्।"

मन्त्रालयका अनुसार यस्ता सहायक उत्पादनको वैज्ञानिक उपयोगले वातावरणीय प्रदूषण घटाउनुका साथै वधशालाका लागि अतिरिक्त आम्दानीको स्रोतसमेत सिर्जना गर्ने छ । यसबाट नयाँ उद्योग स्थापना, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । नेपालमा मासुको माग बर्सेनि बढ्दै गए पनि त्यस अनुसार वधशाला आधुनिकीकरण हुन सकेको छैन। अझै पनि धेरै स्थानमा खुला ठाउँमै पशु वध गर्ने, स्वास्थ्य परीक्षणबिनै मासु बिक्री गर्ने तथा फोहोरको उचित व्यवस्थापन नगर्ने अवस्था रहेको छ। यही कारण उपभोक्ताको स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणीय व्यवस्थापनबारे पटक पटक प्रश्न उठ्दै आएका छन्।

सरकारले ऐनको प्रभावकारी कार्यान्वयनबाट यी समस्या समाधान हुने विश्वास लिएको छ। ऐन पूर्ण रूपमा लागु भएपछि वध गरिने प्रत्येक पशुको स्वास्थ्य परीक्षण अनिवार्य हुने छ । मासु उत्पादन, ढुवानी र बिक्रीवितरणमा स्वच्छता तथा गुणस्तरका मापदण्ड कडाइका साथ लागु गरिने छन्। यसबाट उपभोक्ताले सुरक्षित, स्वच्छ र गुणस्तरीय मासु उपभोग गर्न पाउने अपेक्षा गरिएको छ।

यसअघि सुर्खेत, हेटौँडा र बुटवलका केही वधशालामा ऐन कार्यान्वयनको अभ्यास भइसकेको छ । अब २०८३ मङ्सिर १ गतेदेखि काठमाडौँ, भक्तपुर र ललितपुरका सबै स्थानीय तहमा ऐन लागु गरिने छ।

» बाँकी पृष्ठ २ मा

## अन्तर्राष्ट्रिय

### रुसले गऱ्यो युक्रेनमा भीषण आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

रुसले युक्रेनको राजधानी किभलगायत विभिन्न ठाउँमा भीषण आक्रमण गर्दा १७ जना मारिएका छन् भने ५० भन्दा बढी घाइते भएका छन्। रुसले युक्रेनमा कैयौँ ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोन प्रहार गर्दा सो क्षति भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।

मङ्गलबार मध्यरातिपछि सुरु भएको उक्त आक्रमणलाई रुसले यो वर्ष किभमा गरेका घातक आक्रमणमध्ये ठुलो मानिएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। किभ सैन्य प्रशासनका प्रमुख टिमोर टकाचेन्कोले किभ क्षेत्रमा भीषण आक्रमण हुँदा जनधनको क्षति भएको बताउनुभयो।

रुसले किभमा र बाह्य भागहरूमा शृङ्खलाबद्ध ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि एक घण्टाभन्दा बढी समयसम्म हवाई आक्रमण भएको जनाउ दिने चेतावनी जारी गरेको थियो।

» बाँकी पृष्ठ २ मा

## अग्रलेख

### हिमालमै अस्ताए कीर्तिमानीहरू



जलवायु परिवर्तनलगायतका कारण नेपालका हिमशिखर क्रमिक रूपमा कालापत्थरमा परिणत हुँदै गएका पृष्ठभूमिमा विश्वको साझा अमूल्य सम्पदा हिमशिखरको संरक्षणका लागि एकबद्ध प्रयास हुनुपर्ने आवश्यक छ।

• **रमेश तिवारी**

» विचार पृष्ठ ४

राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com


कोहलपुर संस्करण | विवेचना | मानव सभ्यताकै क्रूर दिन | एकदिवसीय विश्वकप छनोटको मिति तय १६
वर्ष १२६ | अङ्क ९२ | २०८३ साल साउन २१ गते बिहीबार | श्रावण कृष्ण अष्टमी | नेपाल संवत् ११४६ दिल्लागा ८ | 2026 August 6 Thursday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

### कप्तानगन्ज घटना प्रकरण
# पीडित परिवारलाई क्षतिपूर्ति


तस्विर : प्रधानमन्त्री कार्यालय

**प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बुधबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रीपरिषद् बैठक।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले सुनसरी, सिराहालगायत जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिका परिवार र घाइतेलाई क्षतिपूर्ति, राहत, उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रीपरिषद् बैठकले सिराहा र सुनसरी जिल्लामा भएको प्रदर्शनमा मृत्यु भएका परिवारलाई राहत दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

तराईका ती जिल्लामा भएको प्रदर्शनका क्रममा चार जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ। सुनसरी जिल्लास्थित देवानगन्ज गाउँपालिकाका ३० वर्षीय ओमप्रकाश मेहता, २० वर्षीय जयप्रकाश मेहता, २२ वर्षीय रवीन्द्र मेहता र सिरहा जिल्लाको औरही गाउँपालिका–२ का १८ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। मन्त्री पोखरेलले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा याङ्की उक्यावलाई नियुक्त गर्ने निर्णय भएको जानकारी दिनुभयो। तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने, नेपाल इन्टरमोडल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्न स्वीकृति दिने निर्णय भएको छ।

» बाँकी पृष्ठ २ मा

## » मन्त्रीपरिषद् निर्णय

# अनुदान आयोगको अध्यक्षमा केसी सचिवमा श्रेष्ठ नियुक्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ।

विश्वविद्यालय अनुदान आयोगको अध्यक्षमा प्राडा खड्ग केसी नियुक्त हुनुभएको छ। मन्त्रीपरिषद्को बुधबार बसेको बैठकले केसीलाई उपकुलपतिमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

पर्वतको मोदी गाउँपालिका–५, बाजुङमा जन्मनुभएका डा. केसी अन्तर्राष्ट्रिय सम्बन्ध, भूराजनीति तथा नेपालको परराष्ट्र नीतिका विज्ञ मानिनुहुन्छ। उहाँले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तथा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि (पिएचडी) उपाधि हासिल गर्नुभएको छ।

तीन दशकभन्दा बढी समय त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा अध्यापन, अनुसन्धान र शैक्षिक नेतृत्वमा सक्रिय रहनुभएका उहाँ शिक्षाध्यक्षमा नियुक्त हुनुअघि त्रिविको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागको प्रमुख हुनुहुन्थ्यो। उहाँका अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति र परराष्ट्र नीतिसम्बन्धी विभिन्न अनुसन्धानमूलक लेख तथा कृतिहरू प्रकाशित छन्। केसी यसअघि त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष हुँदै निमित्त उपकुलपतिको जिम्मेवारीमा पनि रहनुभएको थियो। उहाँ २०८१ वैशाख १२ गते त्रिविको शिक्षाध्यक्षमा नियुक्त हुनुभएको थियो। त्यसपछि केसीलाई २०८२ वैशाख २ गते त्रिविकै उपकुलपतिको जिम्मेवारी दिइएको थियो। त्यतिखेर त्रिविका उपकुलपति प्राडा केशरजङ्ग बरालले राजीनामा दिएपछि केसीलाई निमित्त उपकुलपतिको जिम्मेवारी दिइएको थियो।

सरकारले २०८२ असार २५ गते प्राडा दीपक अर्याललाई विश्वविद्यालयको उपकुलपति नियुक्त गरेपछि केसी फेरि शिक्षाध्यक्षकै जिम्मेवारीमा फर्कनुभएको थियो। त्यसपछि फेरि सरकारले विगतमा राजनीतिक नियुक्ति लिएकाहरूलाई एकमुष्ट रूपमा पदमुक्त गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश सिफारिस गरेपछि केसीले विश्वविद्यालयका उपकुलपति अर्याल र रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले सँगै पदबाट राजीनामा दिनुभएको थियो। त्रिवि सेवामा रहँदा हासिल गरेका अनुभव र सिप अनुदान आयोगलाई सशक्त बनाउन प्रयोग गर्ने केसीले बताउनुभयो। मन्त्रीपरिषद् बैठकले आयोगको सचिवमा प्राडा रोजी श्रेष्ठलाई नियुक्त गरेको छ। उहाँ नेपालमा नर्सिङ विषयमा विद्यावारिधि (पिएचडी) गर्ने पहिलो नेपाली हुनुहुन्छ। आयोगको सचिवमा नियुक्त हुनुअघि उहाँ बी एन्ड बी अस्पतालको नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

प्राडा श्रेष्ठले बी एन्ड बी मेडिकल इन्स्टिच्युटमा क्याम्पस प्रमुख, पूर्वाञ्चल विश्वविद्यालयमा नर्सिङ प्राध्यापक, नर्भिक इन्टरनेसनल अस्पतालमा नर्सिङ निर्देशक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सहायक प्राध्यापक तथा चितवन मेडिकल कलेजमा सहप्राध्यापक र प्रौढ स्वास्थ्य नर्सिङ विभाग प्रमुखको जिम्मेवारीसमेत समाल्नुभएको छ।

अनुदान आयोगले उच्च शिक्षाको गुणस्तरलाई प्रवर्धन, सहज, समर्थन र अभिवृद्धि गर्ने जिम्मेवारी बोकेको छ। त्यस्तै वञ्चित र सीमान्तकृत समुदायका लागि उच्च शिक्षालाई समावेशी र पहुँचयोग्य बनाउन विभिन्न छात्रवृत्तिका कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको काम पनि अनुदान आयोगले गर्दै आएको छ।

# दस मन्त्रालयको ओएनएम सम्पन्न




दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको छ। सबै मन्त्रालयका दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ।

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, साउन २० गते*

विभिन्न मन्त्रालयले चार हजार ६८२ वटा विभिन्न पदका दरबन्दी राष्ट्रिय किताबखानामा अभिलेखीकरण गरेका छन्। सरकारले निजामती कर्मचारीको दरबन्दी कटौती गरी चुस्त प्रशासन निर्माण गर्ने कार्यलाई तीव्रता दिएपछि अहिले मन्त्रालयहरूले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गरी कर्मचारीका पदका विवरण राष्ट्रिय किताबखानामा दर्ता गरिरहेका हुन्।

दस वटा मन्त्रालयको ओएनएम भइसक्दा ती मन्त्रालयका दस जना सचिव र ८१ जना सहसचिवको दरबन्दी अभिलेखीकरण भइसकेको किताबखानाले जनाएको छ। असार मसान्तमा सरकारले प्रधानमन्त्री कार्यालयसहित सबै मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारीको दरबन्दी कटौती गर्ने निर्णय गरेको थियो। किताबखानाका निर्देशक सुदन ख्वाखली श्रेष्ठले हालसम्म दस वटा मन्त्रालयको नयाँ दरबन्दी प्रमाणीकरण भएर किताबखानामा दर्ता प्रक्रियामा आइसकेको बताउनुभयो।

हालसम्म भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयले ओएनएम सम्पन्न गरी किताबखानामा दर्ता गरिसकेका छन्। त्यस्तै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले ओएनएम सम्पन्न गरी दरबन्दी कटौती गरेका छन्। सबै मन्त्रालयको दरबन्दी कटौती भई प्रमाणीकरण हुँदा करिब सात सय जना कर्मचारीको दरबन्दी कटौती हुने सम्भावना छ। सरकारले सुशासन कायम गर्न साबिकका २१ मन्त्रालयको सङ्ख्या घटाई १८ वटा कायम गरेको थियो। त्यस्तै सरकारले प्रदेश र स्थानीय तहका समान प्रकृतिका कार्यालय र एउटै काममा दोहोरो र तेहोरोपना परेका कार्यालयलाई गाभ्ने नीति बनाई कार्यान्वयन गरेको थियो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव प्रकाश दाहालले केही मन्त्रालयमा दरबन्दी बढ्ने सम्भावना देखिए पनि अधिकांश मन्त्रालयका केही पदका दरबन्दी कटौती भई आएको बताउनुभयो। उहाँका अनुसार परराष्ट्र र पूर्वाधार विकास मन्त्रालयमा केही दरबन्दी बढ्न सक्ने सम्भावना देखिएको छ।

यसअघि सरकारले पटक पटक प्रतिफल नदिने तर कर्मचारीको तलब, सवारीसाधन र कार्यालयलगायतमा आर्थिक भार थपिरहेका संस्थान र कार्यालय खारेज गर्ने घोषणा गरेको थियो। उक्त निर्णयलाई वर्तमान सरकारले कार्यान्वयनमा ल्याएको हो। वर्तमान मुख्य सचिव गोविन्दबहादुर कार्की दुई महिनाअघि प्रधानमन्त्री कार्यालयमा रहँदा उहाँकै अध्यक्षताको बनेको समितिले यसअघि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मार्गचित्र तयार गरी सोही अनुसार काम गर्न सबै मन्त्रालयलाई निर्देशन दिएको थियो। उक्त समितिको निर्देशन अनुसार अहिले बाँकी आठ वटा मन्त्रालयले ओएनएमको नयाँ दरबन्दी सम्पन्न गर्ने अन्तिम तयारी गरिरहेका छन्।

### डिजिटल सेवालाई प्राथमिकता

सरकारले कर्मचारीको ओएनएम गरी दरबन्दी कटौती गरेसँगै सेवाग्राहीको भिडभाड हुने निकायमा सम्भव भएसम्म डिजिटल सेवा प्रवाहलाई प्राथमिकता दिएको छ। मालपोत कार्यालय, नापी कार्यालय, यातायात कार्यालय, जिल्ला प्रशासन कार्यालयदेखि सेवाग्राहीको दैनिक कार्य परिरहने कार्यालयहरूले पूर्ण रूपमा डिजिटल सेवा प्रदान गर्न थालिसकेका छन्। उक्त कार्यालयको काम झन्झटिलो र बोझिलो भएको गुनासो सेवाग्राहीबाट हुँदै आएको थियो।

# 'बक्यौता रकम तिर्नु पर्छ'



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्नुहुँदै।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

सरकारले इन्टरनेट सेवाप्रदायक (आइएसपी) कम्पनीहरूले बर्सौंदेखि तिर्न बाँकी रहेको दूरसञ्चार सेवा शुल्क, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) बापतको बक्यौता असुलीको विषय टुङ्ग्याउने तयारी थालेको छ। बक्यौता रकम, कर निर्धारण र अनुमतिपत्र (लाइसेन्स) नवीकरणसँग सम्बन्धित लामो समयदेखिको विवाद समाधान गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले सरोकारवालासँगको छलफललाई तीव्रता दिएको हो।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बुधबार इन्टरनेट सेवाप्रदायक सङ्घ नेपाल (आइस्पान) का पदाधिकारीसँग छलफल गर्दै कानुन अनुसार तिर्नुपर्ने कर तथा शुल्क कुनै पनि हालतमा असुल गरिने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "यदि विद्यमान कानुनविपरीत इन्टरनेट सेवाप्रदायकलाई अन्याय हुने गरी कर वा शुल्क निर्धारण भएको रहेछ भने सरकारले त्यसको पुनरवलोकन गर्न सक्छ। तर कानुनले तिर्नुपर्ने भनेको रकम सधैँ अल्झाएर राख्न सकिँदैन। जायज समस्या भए सरकारले सम्बोधन गर्छ, होइन भने बक्यौता असुली प्रक्रिया अगाडि बढ्छ।"

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्र सुधारको वर्षका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै बर्सौंदेखि समाधान हुन नसकेका नीतिगत तथा प्रशासनिक समस्या टुङ्ग्याइने बताउनुभयो। उहाँले सेवाप्रदायक कम्पनीहरूले भोगिरहेका समस्या, सरकारमार्फत अपेक्षा गरिएका विषय तथा सुधार गर्नुपर्ने पक्षलाई स्पष्ट रूपमा लिखित सुझावका रूपमा पेस गर्न पनि आइस्पानसँग आग्रहसमेत गर्नुभयो।

छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले कानुनले तिर्नैपर्ने रकम नतिरी सेवा सञ्चालन र लाइसेन्स नवीकरणको अपेक्षा राख्न नहुने स्पष्ट पार्नुभयो। साथै नेपालमा इन्टरनेट तथा दूरसञ्चार सेवाप्रदायक कम्पनीको सङ्ख्या धेरै भएकाले प्रभावकारी नियमन तथा अनुगमनमा चुनौती देखिएको

» बाँकी पृष्ठ २ मा

# वधशालाको फोहोर अब मोहर

**केशवराज पौडेल**
*काठमाडौँ, साउन २० गते*

बर्सौंदेखि नेपालका अधिकांश वधशालाबाट निस्कने रगत, हड्डी, बोसो, छाला, सिङ, खुर र रौँलाई फोहोरका रूपमा मात्र हेरिँदै आएको छ। यी सहायक उत्पादन कतै खुला स्थानमा फालिन्छन्, कतै नदीनालामा बगाइन्छन् त कतै उचित व्यवस्थापनको अभावमा दुर्गन्ध, वातावरणीय प्रदूषण र सार्वजनिक स्वास्थ्यमा समस्या निम्त्याउने गरेका छन्। तर अब यही फोहोरलाई आर्थिक अवसरमा रूपान्तरण गर्ने सरकारी प्रयास सुरु भएको छ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ को चरणबद्ध रूपमा देशभर कार्यान्वयनसँगै वधशालाबाट निस्कने सहायक उत्पादनको उपयोग र प्रशोधन गर्न सक्ने उद्योगहरू खोज्न थालिएको जानकारी दिनुभयो। उहाँले यस्ता उद्योग सञ्चालन गर्न इच्छुक वधशाला सञ्चालक, मासु व्यवसायी र प्रशोधन उद्योगलाई सरकारले सुरु गरेको तथ्याङ्क सङ्कलनमा सहभागी हुन आग्रह गर्नुभयो। "सरकारको उद्देश्य वधशालाबाट निस्कने कुनै पनि वस्तु खेर जान नदिने हो," मन्त्री चौधरीले भन्नुभयो।

नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोजकुमार शाहीका अनुसार मासु बिक्रीपछि बाँकी रहने अधिकांश सामग्री विभिन्न उद्योगका लागि बहुमूल्य कच्चा पदार्थ बन्न सक्छ। छालाबाट जुत्ता, झोला तथा अन्य छालाजन्य सामग्री उत्पादन गर्न सकिन्छ। त्यसै गरी हड्डीबाट बोन मिल, जैविक मल र पशु आहार बनाउन सकिन्छ। "बोसो साबुन तथा कस्मेटिक उद्योगका लागि कच्चा पदार्थ बन्न सक्छ भने रगतलाई प्रशोधन गरी मल र पशु आहार उत्पादनमा प्रयोग गर्न सकिन्छ," उहाँले भन्नुभयो,



स्केच : एआई

"सिङ र खुर हस्तकला उद्योगका लागि पनि उपयोगी सामग्री हुन्।"

मन्त्रालयका अनुसार यस्ता सहायक उत्पादनको वैज्ञानिक उपयोगले वातावरणीय प्रदूषण घटाउनुका साथै वधशालाका लागि अतिरिक्त आम्दानीको स्रोतसमेत सिर्जना गर्ने छ। यसबाट नयाँ उद्योग स्थापना, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। नेपालमा मासुको माग बर्सेनि बढ्दै गए पनि त्यस अनुसार वधशाला आधुनिकीकरण हुन सकेको छैन। अझै पनि धेरै स्थानमा खुला ठाउँमै पशु वध गर्ने, स्वास्थ्य परीक्षणबिनै मासु बिक्री गर्ने तथा फोहोरको उचित व्यवस्थापन नगर्ने अवस्था रहेको छ। यही कारण उपभोक्ताको स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणीय व्यवस्थापनबारे पटक पटक प्रश्न उठ्दै आएका छन्।

सरकारले ऐनको प्रभावकारी कार्यान्वयनबाट यी समस्या समाधान हुने विश्वास लिएको छ। ऐन पूर्ण रूपमा लागु भएपछि वध गरिने प्रत्येक पशुको स्वास्थ्य परीक्षण अनिवार्य हुने छ। मासु उत्पादन, ढुवानी र बिक्रीवितरणमा स्वच्छता तथा गुणस्तरका मापदण्ड कडाइका साथ लागु गरिने छन्। यसबाट उपभोक्ताले सुरक्षित, स्वच्छ र गुणस्तरीय मासु उपभोग गर्न पाउने अपेक्षा गरिएको छ।

यसअघि सुर्खेत, हेटौँडा र बुटवलका केही वधशालामा ऐन कार्यान्वयनको अभ्यास भइसकेको छ। अब २०८३ मङ्सिर १ गतेदेखि काठमाडौँ, भक्तपुर र ललितपुरका सबै स्थानीय तहमा ऐन लागु गरिने छ।

» बाँकी पृष्ठ २ मा

## » अन्तर्राष्ट्रिय

### रुसले गऱ्यो युक्रेनमा भीषण आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २० गते*

रुसले युक्रेनको राजधानी किभलगायत विभिन्न ठाउँमा भीषण आक्रमण गर्दा १७ जना मारिएका छन् भने ५० भन्दा बढी घाइते भएका छन्। रुसले युक्रेनमा कैयौँ ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोन प्रहार गर्दा सो क्षति भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।

मङ्गलबार मध्यरातिपछि सुरु भएको उक्त आक्रमणलाई रुसले यो वर्ष किभमा गरेका घातक आक्रमणमध्ये ठुलो मानिएको बेलायती समाचार संस्था बिबिसीले जनाएको छ। किभ सैन्य प्रशासनका प्रमुख टिमोर टकाचेन्कोले किभ क्षेत्रमा भीषण आक्रमण हुँदा जनधनको क्षति भएको बताउनुभयो।

रुसले किभमा र बाह्य भागहरूमा शृङ्खलाबद्ध ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि एक घण्टाभन्दा बढी समयसम्म हवाई आक्रमण भएको जनाउ दिने चेतावनी जारी गरेको थियो।

» बाँकी पृष्ठ २ मा

## अग्रलेख

### हिमालमै अस्ताए कीर्तिमानीहरू



जलवायु परिवर्तनलगायतका कारण नेपालका हिमशिखर क्रमिक रूपमा कालापत्थरमा परिणत हुँदै गएका पृष्ठभूमिमा विश्वको साझा अमूल्य सम्पदा हिमशिखरको संरक्षणका लागि एकबद्ध प्रयास हुनुपर्ने आवश्यक छ।

● **रमेश तिवारी**

» विचार पृष्ठ ४